
माघ - २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २८, अङ्क २० | २०७६, माघ १६-२९ | पूर्णाङ्क ६६२



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **मुख्य रजिष्ट्रार श्री नृपध्वज निरौला, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिष्ट्रार श्री नारायणप्रसाद पन्थी, सर्वोच्च अदालत** | **- सदस्य** |
| **अधिवक्ता श्री रूद्रप्रसाद पोख्रेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिष्ट्रार श्री भीमकुमार श्रेष्ठ, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री रामप्रसाद पौडेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री देवी चौधरी
शाखा अधिकृत श्री गोपी विश्वकर्मा
शाखा अधिकृत श्री नेत्र प्रसाद पौडेल
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री गीता लुइँटेल
ना.सु. श्री यशोदा निरौला
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

ना.सु.श्री अर्जुन चौधरी

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री गंगा थापा
बुकबाइन्डर श्री धनमाया मानन्धर

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त इजलास | ४ |
| इजलास नं. १ | ९ |
| इजलास नं. २ | ८ |
| इजलास नं. ३ | ६ |
| इजलास नं. ४ | ९ |
| इजलास नं. ५ | ६ |
| इजलास नं. ६ | ४ |
| इजलास नं. ७ | ५ |
| इजलास नं. ८ | १ |
| इजलास नं. ९ | २ |
| जम्मा | ५४ |

| | |
|---|---|
| इजलास नं. १० | ३ |
| इजलास नं. ११ | १ |
| इजलास नं. १२ | ३ |
| इजलास नं. १३ | ४ |
| जम्मा | ११ |

कूल जम्मा ५४ + ११ = ६५

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ। त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७६, माघ – २, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

# सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

सर्वोच्च अदालतबाट २०७५ सालमा प्रकाशित **<u>नेपाल कानून पत्रिका अतिरिक्ताङ्क २०७१</u>** सीमित मात्रामा रहेकाले आफ्नो प्रति सुरक्षित गर्न सम्बन्धित सबैको लागि जानकारी गराइन्छ।

**ने.का.प.को अतिरिक्ताङ्क २०७२ र २०७३ क्रमश: प्रकाशन हुँदै गरेको पनि जानकारीका लागि अनुरोध छ।** साथै सर्वोच्च अदालतबाट नेपाल कानून पत्रिका संवैधानिक इजलास खण्डको छुट्टै प्रकाशन भएको जानकारी गराउन चाहन्छौं। यस वर्ष **<u>वातावरणसँग सम्बन्धित फैसलाहरूको सङ्गालो, २०७६</u>** पनि प्रकाशन भएकाले आफ्नो प्रति बेलैमा सुरक्षित गर्न सम्बन्धित सबैको लागि अनुरोध छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ – ३** |
| १. | फैसला बदर | राधा अमात्य वि. मोहिनी जोशी | १ |
| २. | संयुक्त दर्ता फुटाई अपुताली हक कायम दर्ता | रामदुलारी साह वि. विमलीदेवी साहु | २ |
| ३. | मिलापत्र बदर अपुताली हक कायम दर्ता | बुद्धु अहिरसमेत वि. राजमति अहिरसमेत | ३ |
| **इजलास नं. १** | | | **३ – १०** |
| ४. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. सुरेश महतो | ३ |
| ५. | मानिस अपहरण तथा शरीर बन्धक | नेपाल सरकार वि. मनिषकुमार थापा | ४ |
| ६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. शम्भु सुनुवारसमेत | ५ |
| ७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. तौलेश्वर अहिर | ५ |
| ८. | परमादेश | राजेन्द्रकुमार हमाल वि. धिरेन्द्रकुमार दारूका | ६ |
| ९. | निषेधाज्ञा | केदारप्रसाद साह तेली वि. अनुपमान राजभण्डारी | ६ |
| १०. | बहुविवाह | नेपाल सरकार वि. तारादेवी अधिकारीसमेत | ७ |
| ११. | गौवध | नेपाल सरकार वि. कृष्णबहादुर तामाङ | ८ |
| १२. | उत्प्रेषण | प्रमोदकुमार देवसमेत वि. किष्ट बैंक लिमिटेड मुख्य शाखा कार्यालय, अनामनगरसमेत | ९ |
| **इजलास नं. २** | | | **१० – १७** |
| १३. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. जगतबहादुर थापा | १० |
| १४. | अंश दर्ता | सीताराम अहिर वि. सुरज राउत अहिर | ११ |
| १५. | फैसला बदर | नन्कौ लोहार वि. भगवान दिन लोहार | ११ |
| १६. | जग्गा खिचोला चलन | उमेश ठाकुर वडही वि. कामेश्वर मिश्र भुमिहारसमेत | १२ |
| १७. | विना इजाजत साल जातको रूख काटी ओसार पसार गरेको | नेपाल सरकार वि. विरबहादुर ठगुन्ना | १३ |

| | | | |
|---|---|---|---|
| १८. | मानव बेचबिखन तथा ओसार पसार | मानबहादुर थोकर वि. नेपाल सरकार | १४ |
| १९. | कर्तव्य ज्यान | महेन्द्र गुरूङ वि. नेपाल सरकार | १५ |
| २०. | उत्प्रेषण | सीता के.सी.समेत वि. राधिका के.सी.समेत | १६ |
| **इजलास नं. ३** | | | १७ – २० |
| २१. | बहुविवाह | विष्णु राई वि. नेपाल सरकार | १७ |
| २२. | निषेधाज्ञा | सुलोचना तिमिल्सिनासमेत वि. निर्मला श्रेष्ठसमेत | १८ |
| २३. | जग्गा खिचोला चलन | लक्ष्मीकान्त तिवारीसमेत वि. सुदामा शुक्ला | १८ |
| २४. | जग्गा खिचोला चलन | दशन चौधरी वि. शर्मिलादेवी चौधरी | १९ |
| २५. | बन्दी प्रत्यक्षीकरण | विजय गुरूङ भन्ने नारायण गुरूङ वि. काठमाडौं जिल्ला अदालतसमेत | २० |
| **इजलास नं. ४** | | | २० – २९ |
| २६. | सामाजिक सुरक्षा भत्ता हिनामिना गरी भ्रष्टाचार गरेको | नेपाल सरकार वि. महेन्द्र मण्डल | २० |
| २७. | जबरजस्ती करणी उद्योग | नेपाल सरकार वि. यामनारायण श्रेष्ठ | २२ |
| २८. | उत्प्रेषण / परमादेश | तवरेज अंसारी वि. नेपाल प्रहरी प्रधान कार्यालय, नक्सालसमेत | २३ |
| २९. | उत्प्रेषण | घनश्याम महर वि. जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरसमेत | २४ |
| ३०. | गौवध | टिकाराम कामीसमेत वि. नेपाल सरकार | २५ |
| ३१. | अबन्डा जग्गा बन्डा गरिपाउँ | विश्वनाथ ठाकुर वि. भोला ठाकुरसमेत | २७ |
| ३२. | घर उठाई जग्गा किचोला मेटाई पाउँ | फडिन्द्र खड्का वि. पद्मराज भट्टराई | २८ |
| **इजलास नं. ५** | | | २९ – ३५ |
| ३३. | उत्प्रेषण / परमादेश | मंगला मानन्धर वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगरसमेत | २९ |
| ३४. | जबरजस्ती करणी | नेपाल सरकार वि. शेरबहादुर कार्की | ३० |
| ३५. | उत्प्रेषण | भक्त सिंह राजपुत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | ३१ |

| | | | |
|---|---|---|---|
| ३६. | उत्प्रेषण / परमादेश | उमेशप्रसाद साह वि. क्षेत्रीय प्रहरी इकाई कार्यालय, जनकपुरसमेत | ३२ |
| ३७. | उत्प्रेषण | निधि जैसवाल वि. नेपाल सरकार, गृह मन्त्रालयसमेत | ३३ |
| ३८. | उत्प्रेषण / परमादेश | अनिल दाश श्रेष्ठ वि. नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसमेत | ३४ |
| **इजलास नं. ६** | | | **३५ – ३८** |
| ३९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. अर्जुन तामाङसमेत | ३५ |
| ४०. | लागु औषध (अफिम) | प्रकाश भन्ने परेकबहादुर शाही वि. नेपाल सरकार | ३६ |
| ४१. | उत्प्रेषण / परमादेश | सूचना थापा गुरूङ वि. पुनरावेदन अदालत बुटवलसमेत | ३७ |
| ४२. | उत्प्रेषण / परमादेश | राजु तथा भरत भन्ने माइला लामा वि. सिन्धुपाल्चोक जिल्ला अदालतसमेत | ३८ |
| **इजलास नं. ७** | | | **३८ – ४०** |
| ४३. | उत्प्रेषण / परमादेश | हरिनारायण गोइत यादव वि. नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड प्रधान कार्यालय, बत्तीसपुतलीसमेत | ३८ |
| ४४. | दर्ता बदर सार्वजनिक वन कायम | बलदेव विष्टसमेत वि. पदमसिंह महरा | ३९ |
| ४५. | उत्प्रेषण / परमादेश | सरोज अधिकारी वि. आन्तरिक राजश्व विभाग, लाजिम्पाटसमेत | ४० |
| **इजलास नं. ८** | | | **४१** |
| ४६. | फैसला बदर | सुमित्रादेवी कलवार वि. शान्तिदेवी कलवार | ४१ |
| **इजलास नं. ९** | | | **४१ – ४३** |
| ४७. | बन्दी प्रत्यक्षीकरण | खडकबहादुर विश्वकर्मा (प्रकाण्ड) को हकमा विरेन्द्र विश्वकर्मा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | ४१ |
| ४८. | लागु औषध (ब्राउन सुगर) | नेपाल सरकार वि. अरूण खाम्चा | ४३ |

| | | | |
|---|---|---|---|
| **इजलास नं. १०** | | | **४३ – ४७** |
| **४९.** | वैदेशिक रोजगार कसुर | रमेश कार्की वि. नेपाल सरकार | **४३** |
| **५०.** | उत्प्रेषण | सिटिसिई कालिका ज्वाइन्ट भेन्चरसमेत वि. सिँचाई विभाग, जावलाखेल ललितपुर | **४४** |
| **५१.** | वैदेशिक रोजगार कसुर | मानबहादुर कार्की वि. नेपाल सरकार | **४५** |
| **इजलास नं. ११** | | | **४७ – ४८** |
| **५२.** | मोही लगत कट्टा | हरिनारायण मोची (चमार) वि. जमुना गुरूङ | **४७** |
| **इजलास नं. १२** | | | **४८ – ५०** |
| **५३.** | उत्प्रेषण / परमादेश | नारायण भण्डारी वि. त्रिभुवन विमानस्थल भन्सार कार्यालय, गौचर काठमाडौं | **४८** |
| **५४.** | जबरजस्ती करणी उद्योग | दिपक गिरी वि. नेपाल सरकार | **४८** |
| **५५.** | लागु औषध खैरो हेरोइन | शिवशंकर जैसवाल वि. नेपाल सरकार | **४९** |
| **इजलास नं. १३** | | | **५० – ५२** |
| **५६.** | उत्प्रेषण | हेमराज बुढा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | **५०** |
| **५७.** | उत्प्रेषण | थलमान सुवेदी वि. आन्तरिक राजश्व विभाग, लाजिम्पाटसमेत | **५०** |
| **५८.** | परमादेश | राजकुमार महासेठ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | **५१** |

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६७-CI-०८२६, फैसला बदर, *राधा अमात्य वि. मोहिनी जोशी*

पुनरावेदक प्रतिवादीका दाता मिराराज भण्डारीले कि.नं.९४ र कि.नं.२२९ को जग्गा बकसपत्र गरी मिति २०४५।९।२८ मा गरिदिएको बकसपत्रको लिखतको कैफियत महलमा "तपाइँ रविन्द्र अमात्य र राधा अमात्यसमेतले मलाई सक्दो सहयोग गरी रिझाउनु भएकोले यो जग्गा हा.व. लेखिदिएको छु। कि.नं. २२९ को पश्चिमतर्फ र कि.नं. ९४ को उत्तरतर्फबाट ३ फिट चौडा गरी ६१ फिट लम्बाइको बाटो रविन्द्र अमात्य, राधा अमात्य र गोपालदास जोशीसमेतको साझा हुने गरी बाटो कायम गरिदिएको छ" भन्ने बेहोरा उल्लेख भएको देखिन्छ । लिखतको उक्त कैफियत बेहोरामा उल्लिखित गोपालदास जोशी भनेका यी प्रत्यर्थी वादीका पति भन्ने देखिएको अवस्थामा सो लिखतबाट नै वादीसमेतले सो बाटो प्रयोग गर्न पाउने सर्तसहित पुनरावेदकका दाताले हा.व. गरिदिएको र सो सर्तलाई मन्जुर गरी यी पुनरावेदकहरूले सो जग्गा प्राप्त गरेको तथ्यलाई अन्यथा मान्न मिल्ने अवस्थासमेत नरहने।

विश्वेश्वरी गिरीले मिति २०३५।१२।८ मा ललितपुर नगरपालिका वडा नं.१९ को कार्यालयमा *"थवु तपोखरी जाने बाटोनेरको पूर्व बुद्धविर महर्जनले कमाएको जग्गा, पश्चिम बाटो, उत्तर भाइचा महर्जनको जग्गा, दक्षिण राधा अमात्यको १ फिट ६ इञ्च जग्गा र घर यति चार किल्लाभित्रको क्षेत्रफल ३-०-० जग्गामध्ये राधा अमात्यको १ फिट ६ इञ्च जग्गाबाट उत्तरपट्टी उत्तर दक्षिण ६ फुट र पूर्व-पश्चिम ६४ फिट जग्गा"* बाटोको लागि छोडपत्र गरेको भन्ने देखिन्छ। सो बाटोको लागि छोडपत्र गरेको जग्गा नै हालको विवादित कि.नं. २२४ को जग्गा हो भन्ने वादीको कथनलाई यी पुनरावेदक प्रतिवादीबाट अन्यथा प्रमाणित गर्न सकेको अवस्थासमेत नहुँदा हालको विवादको कि.नं.२२४ को जग्गा सोही अवस्थादेखि बाटोको रूपमा निर्वाध रूपमा प्रयोग हुँदै आएको मान्नुपर्ने अवस्था छ । वादीको कि.नं. २२८ को जग्गामा घर निर्माणको लागि तत्कालीन नगरपञ्चायतमा नक्सा पासका लागि निवेदन दिँदासमेत पश्चिमबाट कि.नं.२०८, ३३२, ९४, २२९ को उत्तरतर्फ गोरेटो बाटो देखाएको र उल्लिखित बाटोलाई कायम गरी मिति २०३७।२।३ मा नक्सा पास भई कि.नं. २२८ मा घर निर्माण भएको भन्ने देखिएबाट समेत सोही अवस्थामा विवादित कि.नं.२२४ लाई वादीसमेतले बाटोको रूपमा प्रयोग गर्दै आएको भन्ने देखिन आउने।

पुनरावेदक राधा अमात्यका पति रामभक्त अमात्यले टोल सुधार समितिमा कि.नं.२२४ बाटो होइन भनी दिएको निवेदनको सम्बन्धमा टोल सुधार समितिबाट मिति २०६०।४।१७ गते निर्णय हुँदा सो कि.नं.२२४ बाटो नै हो भनी निर्णय भएकोसमेत देखिने।

सोको अतिरिक्त वादीको कि.नं.२२८ मा आवतजावत गर्न कि.नं.२२३ को दक्षिणतर्फको कि.नं.२२४ को बाटो प्रयोग भएको भन्ने मिति २०६२।१।७ को ललितपुर उपमहानगरपालिकाको प्राविधिक प्रतिवेदन, फिल्डमा गोरेटो बाटो भएको भन्ने उपमहानगरपालिकाको घर बाटो प्रमाणित पत्रसमेतबाट समर्थित एवं पुष्टि हुन आएको देखिने।

मिसिल संलग्न प्रमाणहरूको प्रचुरता

(Preponderance of Evidence) को आधारमा यी वादीले विवादको कि.नं.२२४ को जग्गालाई २०३६ सालदेखि नै आफ्नो निकास बाटोको रूपमा निर्वाध रूपमा प्रयोग गर्दै आएको भन्ने देखियो। प्रचलित कानूनी व्यवस्थालाई हेर्दा *मुलुकी ऐन, घर बनाउनेको महलको ३ नं.मा अघिदेखि चली आएको वा दिई आएको ठाउँको निकास कसैले थुन्न हुँदैन* भन्ने रहेको छ । त्यसका अतिरिक्त एकाको स्वामित्वको जग्गाबाट गैरस्वामित्व भएका अन्य व्यक्तिले अनन्तकालदेखि बाटोको रूपमा प्रयोग गरी आएको भए पनि सुविधाधिकारको सिद्धान्तअनुसार समेत त्यस्तो बाटो बन्द गर्न मिल्दैन भनी कमला बज्राचार्यसमेत वि. शान्ति वैद्य भएको बाटो खिचोला चलन मुद्दा (ने.का.प. २०७५, भाग ६०, अंक ७, नि.नं.१००५०) मा सिद्धान्तसमेत प्रतिपादन भएको देखिने।

विवादित कि.नं.२२४ को जग्गा यी पुनरावेदक प्रतिवादीको नाममा देखिए तापनि सो जग्गा बाटोको रूपमा यी वादीले २०३६ सालदेखि नै निरन्तर रूपमा प्रयोग गर्दै आएको भन्ने देखिंएको र सो जग्गा हाल बाटोकै रूपमा प्रयोग रहेको भन्ने तथ्यमा विवाद नदेखिएको स्थितिमा हाल आएर सो बाटोबाट आवतजावत गर्न पाउने वादीको नागरिक अधिकारमा आघात पुग्ने गरी यी वादीले बाटोको रूपमा प्रयोग गर्न नपाउने भनी रोक लगाउन सैद्धान्तिक, कानूनी एवं न्यायिक दृष्टिकोणबाट समेत उपयुक्त हुने नदेखिँदा यस अदालतबाट मिति २०७२।९।२१ गते भएको प्रत्यर्थी झिकाउने आदेशसँग सहमत हुन नसकिने।

तसर्थ उल्लेखित आधार प्रमाण समेतबाट विवादित कि.नं.२२४ को साझा बाटोलाई निजी ठहर गरेको सुरू ललितपुर जिल्ला अदालतको फैसला उल्टी हुने ठहऱ्याएको तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०६७।२।२४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः ठाकुरप्रसाद खरेल
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०७५ साल मङ्सिर १० गते रोज २ शुभम्।

- यसै लगाउको ०६७-CI-०८२६, बाटो हक कायमसमेत, *राधा अमात्य वि. मोहिनी जोशी* भएको मुद्दामा समेत यसैअनुसार फैसला भएको छ।

२

**स.का.मु.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या. श्री बमकुमार श्रेष्ठ,** ०७१-CI-०२९४, संयुक्त दर्ता फुटाई अपुताली हक कायम दर्ता, *रामदुलारी साह वि. विमलीदेवी साहु*

मुलुकी ऐन अपुतालीको महलको ७ नं. मा भिन्न भई बसेका लोग्ने, स्वास्नी, छोराछोरी वा छोराका छोरा वा छोरीले हेरचाह नगरी एकै बाबुबाट जन्म दिएका दाजुभाइ वा दिदी बहिनीको अपुताली पाल्ने दिदीबहिनी वा दाजुभाइले पाउँछन् । अरू हकवालाले पाउँदैन भन्ने र ११ नं. मा यस महलको अन्य नं. मा जुनसुकै कुरा लेखिएको भए पनि अपुताली पर्दा मर्नेको स्याहार सम्भार नजिकको हकवालाले नगरी अन्य व्यक्तिले गरेको रहेछ भने त्यस्तो व्यक्तिको अपुतालीको चल अचल सबै सम्पत्ति त्यस्तो स्याहार सम्भार गर्नेले पाउँछ भन्ने कानूनी व्यवस्था भएको देखिन्छ । त्यसअनुरूप वादी विमलीदेवी साहु र प्रतिवादी कमलीदेवी साहुले निजका बुबा जगरनाथ साहुलाई पालनपोषण गरेकोसमेत देखिँदा जगरनाथको अपुताली निजका २ जना छोरीले पाउने अवस्था देखिने।

यसरी मुलुकी ऐन अपुतालीको महलको २० नं. मा तीन वर्षभित्र नालिस गर्नुपर्ने उल्लेख भए पनि त्यो तीन वर्ष मृत्यु भएको तीन वर्षभित्र नभई अपुताली

कसले पाउने भन्ने विवाद उत्पन्न भएपछि लागू हुने भनी प्रतिपादन भएको सिद्धान्तसमेतका आधार र कारणबाट पुनरावेदन अदालत राजविराजले तथ्यमा प्रवेश गरी वादी दाबी पुग्ने गरी मिति २०७०।६।७ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः भीमबहादुर निरौला

इति संवत् २०७५ साल भदौ ५ गते रोज ६ शुभम्।

३

**स.का.मु.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या. श्री बमकुमार श्रेष्ठ**, ०७०-CI-०६४२, मिलापत्र बदर अपुताली हक कायम दर्ता, *बुद्धु अहिरसमेत वि. राजमति अहिरसमेत*

मूल पुरूष विशेषरका उदित, रामदास, झिन्कु र बुद्धु गरी ४ छोराको जन्म भएको देखिन्छ । उदित अहिरको छोरा शालिक र निजको श्रीमती भानमतितर्फबाट प्रतिवादीहरू रामचरित्र, छुठिराम, छाँगर तथा रामकिशोरको जन्म भएको देखिन्छ । रामदासको र निजको श्रीमती सुरा भई निजहरू निसन्तान रही झिन्कुतर्फबाट २ जना छोरी प्रत्यर्थी वादीहरू र छोरा बासुदेवको जन्म भई विशेषरका यी सन्तान एकासगोलमै बसेको अवस्थामा वादीहरूको विवाह भएको देखिन्छ भने विशेषर, उदित, रामदास, झिन्कु, शालिक र बासुदेवको मृत्यु भई पुनरावेदक प्रतिवादीहरू बुद्धु अहिर, भानमति अहिर, छठिराम, छागुर, रामकिशोर र रामचरित्र यादव जीवित रहँदाका अवस्था बुद्धु अहिर वादी र भानमतिसमेत प्रतिवादी भई कपिलवस्तु जिल्ला अदालतमा दायर भएको अंश मुद्दामा मिति २०६७।१०।३ मा झिन्कु अहिरसमेत र सुराको नामको जग्गा बुद्धु अहिरको नाममा रहने गरी मिलापत्र गरेको कारण वादीहरूले वासुदेवको भाग अपुताली पाउन दाबी लिएको देखिने।

झिन्कु अहिरको छोरा बासुदेव शारीरिक र मानसिक रोगको कारण मिति २०६७।९।२ गते मृत्यु भएको देखिन्छ। मर्ने बासुदेव अहिरलाई यी पुनरावेदक प्रतिवादीहरूले जीवनकालमा पालनपोषण स्याहार सम्भार आफूहरूले गरेको भनी जिकिर लिए पनि पुनरावेदक प्रतिवादीहरूले बासुदेव अहिरलाई स्याहार सम्भार गरेको भनी बकपत्र गराई पुष्टि गर्न सकेको देखिँदैन । वादीहरूको साक्षी दासे केवटले बासुदेव अहिरलाई निजको जीवनकालमा वादीहरू आफैँले पालनपोषण स्यहार सम्भार र मृत्युपश्चात् काजक्रिया गरेको भनी फिराद दाबी समर्थन गरी बकपत्र गरेको देखिन्छ । एकासगोलका पुनरावेदक प्रतिवादीहरूले झिन्कु अहिरको छोरा वासुदेवको जीवनकालमा पालनपोषण पनि नगरेको र मृत्युपश्चात् काजक्रिया नगरी प्रत्यर्थी वादीहरूले पालनपोषण र काजक्रिया गरेको तथ्य प्रमाणहरूबाट समर्थित भएकोले माथि उल्लिखित कानूनी व्यवस्था प्रत्यर्थी वादीहरूको हकमा आकर्षित हुने नै देखिएकोसमेतका आधार र कारणबाट पुनरावेदन अदालत बुटवलको मिति २०७०।२।२० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः भीमबहादुर निरौला

इति संवत् २०७५ साल भदौ १ गते रोज ६ शुभम्।

## इजलास नं. १

१

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०६८-CR-०८८५, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. सुरेश महतो*

ज्यान मार्ने उद्योगको अपराध हुनको लागि मनसाय तत्त्व अनिवार्य हुनु पर्ने देखिन्छ । मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. मा *"ज्यान मार्ने मनसायले गोली चलाउने वा बम*

*हान्ने वा घातक हतियारले काट्ने वा मार्नका लागि अरू जुनसुकै कुराको उद्योग गरी मर्नेसम्मको काम गरेकोमा कुनै कारणले ज्यान मर्न पाएको रहेनछ...”* भन्ने व्यवस्था रहेको छ । जाहेरवाला एवं पीडित र प्रतिवादीबिच वादविवाद हुँदा तत्काल आवेशमा आई प्रतिवादीले नजिकै रहेको बञ्चरोले पीडितहरूलाई हिर्काएको देखियो । पीडितहरूलाई मार्ने मनसायले पूर्वयोजनाअनुसार घटनास्थलमा गई पीडितहरूमाथि बन्चरो प्रहार गरेको भन्ने देखिँदैन । यसरी प्रतिवादीले तत्काल उठेको रिस थाम्न नसकी पीडितहरूलाई कुटपिट गरेको र पीडितहरूको घा चोटसमेत सामान्य अवस्थाको देखिँदा प्रतिवादीलाई सफाइ दिने र उक्त घटनालाई सामान्य कुटपिटको घटनामा परिणत गरी भएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

अतः विवेचित तथ्य एवं प्रमाणबाट प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १५ नं. बमोजिमको कसुरमा तजबिजी कैद वर्ष ५ हुने ठहर गरी महोत्तरी जिल्ला अदालतबाट मिति २०६६।१२।१० मा भएको फैसला उल्टी गरी प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिने ठहर गरी प्रस्तुत मुद्दालाई दुनियाँवादी फौजदारीअन्तर्गत कुटपिटको महलबमोजिम पर्ने देखिँदा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम सरोकारवाला पीडित पक्षलाई झिकाई निजहरूले मुद्दा सकार गरेमा वादी पक्ष कायम गरी कानूनबमोजिम दुनियाँवादी फौजदारी मुद्दामा परिणत गरी दिने ठहर्छ भनी पुनरावेदन अदालत जनकपुरबाट मिति २०६८।१।२८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

उपरजिस्टार: इन्दिरा शर्मा

कम्प्युटर : विपिनकुमार महासेठ

इति संवत् २०७५ साल वैशाख ४ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७०-CR-०५७३, मानिस अपहरण तथा शरीर बन्धक, *नेपाल सरकार वि. मनिषकुमार थापा*

प्रतिवादीहरू राजु नेपाली र विजयप्रकाश अधिकारीबिचको फोनमा भएको कुराकानी अपहरण गर्ने कार्यकै लागि भएको भनी अभियोजन पक्षबाट यथार्थ र ठोस प्रमाण पेस गरी पुष्टि गर्न सकेको देखिएन । प्रतिवादी विजयप्रकाश अधिकारीको उक्त वारदातामा संलग्नता रहेको थियो भनी सहप्रतिवादीहरूले पोल गर्न सकेकोसमेत नपाइँदा प्रतिवादी विजयप्रकाश अधिकारी पीडितको घरमा भाडामा बसेका र प्रेमप्रकाश अधिकारीका भाइ भएको भन्ने मात्र आधारमा निज दोषी रहेछन् भनी शंकाको आधारमा कसुरदार ठहर गर्न नमिल्ने ।

जाहेरी दरखास्तमा प्रतिवादी मनिषकुमार थापाको नामसम्म उल्लेख हुन सकेको देखिँदैन । त्यस्तै मौकामा बुझिएका मानिसहरू एवं अदालतमा हाजिर रहेका अन्य प्रतिवादीहरूले निजलाई पोल गर्न सकेकोसमेत पाइएन । अपहरणजस्तो गम्भीर प्रकृतिको अपराधमा अन्य स्वतन्त्र प्रमाणबाट कसुरदार हुन् भन्ने पुष्टि नै हुन नसकेको र प्रतिवादीका नाउँमा दर्ता रहेको मोबाइल के कसरी अपराधमा संलग्न व्यक्तिले प्रयोग गरेको भनी खुल्न नसकेको अवस्थामा निजका नाउँ दर्ताको मोबाइल अन्य व्यक्तिले प्रयोग गरेको भन्ने मात्र आधारमा कसुरदार ठहर गर्न नमिल्ने हुँदा पुनरावेदन अदालतबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

अतः विवेचित तथ्य एवं प्रमाणबाट प्रतिवादीहरू विजयप्रकाश अधिकारी र मनिषकुमार थापालाई अभियोग दाबीबाट सफाइ दिने गरी चितवन

जिल्ला अदालतबाट मिति २०६८।९।१८ मा भएको फैसलालाई सदर गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७०।३।२५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

उपरजिस्टार: इन्दिरा शर्मा

इति संवत् २०७५ साल वैशाख ४ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०६८-CR-०७९२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. शम्भु सुनुवारसमेत*

घटनाका प्रत्यक्षदर्शी जाहेरवाला उद्धव सार्कीले बकपत्र गर्दा यी प्रतिवादीहरूसमेतले डम्बर सार्कीलाई चोट छाडेको भन्न नसकी प्रतिवादी जीवन राईको कुटपिटबाट डम्बर सार्कीको मृत्यु भएको भनी प्रस्ट रूपमा खुलाएको पाइयो । अर्का प्रत्यक्षदर्शी घाइते प्रेम मग्राती र मनोज रम्तेलले कागज गर्दा यी प्रतिवादीहरूले डम्बर सार्कीलाई कुटपिट गरेका हुन् भन्न सकेको नदेखिँदा यी प्रतिवादीहरूसमेत जीवन राईको साथमा घटनास्थलमा उपस्थित रहेको भन्ने देखिए पनि डम्बर सार्कीलाई यी प्रतिवादीहरूले चोट छोडी कुटपिट गरेको भन्ने पुष्टि हुन सकेको पाइएन। यी प्रतिवादीहरूको मृतकसँग पूर्वचिनजान तथा रिसइवी रहेको भन्नेसमेत देखिँदैन । फौजदारी कसुरमा ठोस प्रमाणबाट कसुर प्रमाणित हुन नसकेको अवस्थामा शंकाको सुविधा अभियुक्तले पाउने नै हुन्छ । यी प्रतिवादीहरूले डम्बर सार्कीलाई कुटपिट गरेको भन्ने प्रमाणित हुन नसकेको अवस्थामा प्रतिवादीहरूले डम्बर सार्कीलाई कुटपिट गरेका भनी अनुमान गरी अभियोग दाबीबमोजिम सजाय गर्न नमिल्ने । प्रतिवादीहरू घटनास्थलमा मौजुद रहेका र अर्का प्रतिवादी जीवन राईले डम्बर सार्कीलाई कुटपिट गर्दा नरोकी वारदात हुन दिएको भन्ने देखिँदा प्रतिवादीहरू हेण्डीङ्ग भन्ने शम्भु सुनुवार, महेश श्रेष्ठ र विकास भन्ने विशाल राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम कसुरदार ठहर गरी पुनरावेदन अदालतबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः विवेचित तथ्य एवं प्रमाणको आधारमा प्रतिवादीहरू हेण्डीङ्ग भन्ने शम्भु सुनुवार, महेश श्रेष्ठ र विकास भन्ने विशाल राईलाई अभियोग दाबीबाट सफाइ दिने ठहर गरी सुनसरी जिल्ला अदालतबाट मिति २०६६।५।१६ मा भएको फैसलालाई उल्टी गरी प्रतिवादीहरू हेण्डीङ्ग भन्ने शम्भु सुनुवार, महेश श्रेष्ठ र विकास भन्ने विशाल राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम जनही २(दुई) वर्ष कैद हुने ठहर गरी पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६८।२।८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

उपरजिस्टार: इन्दिरा शर्मा

कम्प्युटर : विपिनकुमार महासेठ

इति संवत् २०७५ साल वैशाख ४ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०६८-CR-१३००, कर्तव्य ज्यान, *नेपाल सरकार वि. तौलेश्वर अहिर*

प्रतिवादी तौलेश्वर अहिरसँग बाटो निकास र जग्गाको सम्बन्धमा विवाद हुँदा प्रतिवादी तौलेश्वर अहिरले तत्काल रिस उठी जाहेरवालाका बाबुलाई लाठा र मुक्काले हिर्काउँदा टाउकोमा चोट लाग्न गई जाहेरवालाका बाबुको मृत्यु भएको ठहर गरी पुनरावेदन अदालत बुटवलबाट प्रतिवादी तौलेश्वर अहिरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम कसुरदार ठहर गरी सजाय गरेको पाइयो । अन्य स्वतन्त्र प्रमाणबाट समेत यी

प्रतिवादीहरूको उक्त वारदातमा संलग्नता रहेको भन्ने पुष्टि हुन सकेको देखिएन भने सुरू अदालतमा उपस्थित भई बयान गर्ने अन्य प्रतिवादीहरूले यी प्रतिवादीहरूलाई पोल गर्न सकेकोसमेत पाइँदैन । तौलेश्वर अहिरसँगको बाटोसम्बन्धी विवादमा तौलेश्वर अहिर र गुरूचरण अहिरबिच भनाभन र कुटपिट हुँदा यी प्रतिवादीहरू दयाराम पासी, रहिमान मनिहार र रामराज अहिरले यो यसरी संयोग बनाई दिएका भन्ने अभियोजन पक्षबाट कुनै प्रमाण पेस गर्न सकेकोसमेत देखिएन । अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि र समर्थित नभएको जाहेरी दरखास्त एवं जाहेरवालाको बकपत्रकै आधारमा मात्र प्रतिवादीहरू दोषी रहेछन् भनी अनुमानको आधारमा कसुरदार ठहर गर्न नमिल्ने हुँदा प्रतिवादीहरू दयाराम पासी, रहिमान मनिहार र रामराज अहिरलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्छ भन्ने वादी दाबीसँग सहमत हुन नसकिँदा पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

अतः विवेचित तथ्य एवं प्रमाणको आधारमा पुनरावेदन अदालत बुटवलबाट मिति २०६२।१।५ मा भएको फैसलाका प्रतिवादीहरूको हकमा प्रस्तुत पुनरावेदन खारेज हुने ठहर्छ । प्रतिवादीहरू दयाराम पासी, रहिमान मनिहार र रामराज अहिरको हकमा निजहरूलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको कपिलवस्तु जिल्ला अदालतको मिति २०६७।१०।३ को फैसलालाई सदर ठहर गरी भएको पुनरावेदन अदालत बुटवलको मिति २०६८।८।२६ को फैसला मिलेको देखिँदा सदर हुने ।

उपरजिस्टार: इन्दिरा शर्मा

इति संवत् २०७५ साल वैशाख ४ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७१-CI-००३०, परमादेश, *राजेन्द्रकुमार हमाल वि. धिरेन्द्रकुमार दारूका*

कानूनबमोजिमको दायित्व पालना नगरेको खण्डमा कुनै व्यक्तिको कानून प्रदत्त हक अधिकार हनन् हुन आएको अवस्थामा अदालतले सो दायित्व पालना गर्न गराउन परमादेश जारी गर्न सक्छ । कानूनबमोजिम बोलपत्र सकार गरेपछि उक्त गाडीमा प्रत्यर्थीको कानूनी हक स्थापित हुन आएको अवस्थामा हक प्रचलन गराउने जिम्मेवार निकाय उक्त बोलपत्र आह्वानकर्ता गौर भन्सार कार्यालयले आफ्नो कानूनबमोजिमको दायित्व पालना गरेको नदेखिँदा परमादेश जारी हुने गरी भएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा मान्न नमिल्ने ।

तसर्थ, माथि विवेचित आधार कारणबाट निवेदकले लिलाममा सकार गरेको गाडी निवेदकको नाउँमा दर्ता भएको भन्ने नदेखिँदा उक्त गाडीको इन्जिन नं. 483DL-SINQZ716760 च्यासिस नं. MAT44624799N28201 नै रहे भएको देखिँदा उक्त गाडी निवेदकको नाउँमा यातायात व्यवस्था कार्यालयबाट दर्ता गरी दिने व्यवस्था मिलाउनु भनी गौर भन्सार कार्यालयको नाउँमा परमादेश जारी हुने ठहर्‍याएको पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७०।११।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : रामु शर्मा

कम्प्युटर : कृष्णमाया खतिवडा

इति संवत् २०७३ साल कार्तिक ४ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-CI-११४०, निषेधाज्ञा, *केदारप्रसाद साह तेली वि. अनुपमान राजभण्डारी*

कसैको गैरकानूनी क्रियाकलापबाट कुनै व्यक्तिको कानून प्रदत्त हक अधिकारमा आघात

पर्न सक्ने सम्भावना देखिएको खण्डमा अदालतले निषेधाज्ञाको आदेश जारी गर्न सक्छ । प्रस्तुत विवादमा विपक्षी बनाइएको जिल्ला प्रशासन कार्यालय पर्सा र जिल्ला प्रहरी कार्यालय पर्साले आफ्नो क्षेत्राधिकारभित्र नै नपर्ने देवानी प्रकृतिको विवादमा निवेदन लिई अर्को पक्षलाई झिकाएको देखिँदा कानूनविपरीत निजहरूको उक्त कार्यबाट निवेदक अनुपमान राजभण्डारीको कानून प्रदत्त स्वतन्त्रतासमेतको हकमा आघात पर्ने नै देखिने । पुनरावेदक केदारप्रसाद साह तेलीले शान्ति सुरक्षाको लागि दिएको निवेदनको सम्बन्धमा अनुपमान राजभण्डारी र केदारप्रसाद साह तेलीबिच जिल्ला प्रशासन कार्यालयमा छलफल भई निज अनुपमान राजभण्डारीले निवेदकलाई बुझाउनु पर्ने रकममध्ये रू.१,६०,०००।- धरौटी राखेको हुँदा सो सम्बन्धमा निवेदकलाई सम्पर्क गर्न बोलाइएको भनी पुनरावेदन अदालतमा पेस भएको लिखित जवाफबाट देखिन्छ। लिखित जवाफको उक्त बेहोराबाट पनि शान्ति सुरक्षाको निवेदनमा कारबाही चलाएको देखिए पनि देवानी विवाद मिलाउने कार्य गरेको देखियो । जिल्ला प्रशासन कार्यालय पर्सा एवं जिल्ला प्रहरी कार्यालय पर्साको आफनो क्षेत्राधिकार बाहिरको क्रियाकलापले निवेदकको कानून प्रदत्त हक अधिकारमा असर पर्न सक्ने देखिएकोले निषेधाज्ञाको आदेश जारी गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा मान्न नमिल्ने ।

तसर्थ माथि विवेचित आधार, कारण एवं प्रमाणबाट कानूनबमोजिम बाहेक देवानी दायित्वको विषयलाई लिई निवेदकलाई कुनै प्रकारको हस्तक्षेप नगर्नु, पक्राउ नगर्नु तथा थुनामा नराख्नु भनी विपक्षीहरूको नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७०।१०।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः रामु शर्मा

कम्प्युटर : कृष्णमाया खतिवडा

इति संवत् २०७३ साल कार्तिक ४ गते रोज ६ शुभम् ।

७

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७१-CR-०७८५, बहुविवाह, *नेपाल सरकार वि. तारादेवी अधिकारीसमेत*

कुनै व्यक्तिले दुई विवाह गरेको अवस्थामा वादीलाई मुद्दा दायर गर्ने हदम्याद जाहेरवालीले थाहा पाएपछि हुने वा वादी स्वयंले थाहा पाएपछि सुरू हुने हो भन्ने अहम् प्रश्न उपस्थित भएको छ । मुलुकी ऐन विहावारीको महलको ११ नं. मा यस महलको ७ नं. को कुरामा सो भए गरेको मितिले र अरूमा थाहा पाएको मितिले तीन महिनाभित्र नालिस नदिए लाग्न सक्दैन भन्ने व्यवस्था भएको देखिन्छ । यसरी लोग्ने र सौतासँगै बसी निजहरूको वैवाहिक सम्बन्धलाई स्वीकार गर्ने जाहेरवालीले तत्काल कहीँकतै उजुर बाजुर नगरी लामो अन्तरालपश्चात् आफूलाई मन लागेको बखत उजुर गर्न पाउने भन्न नमिल्ने ।

हदम्यादसम्बन्धी कानूनको उद्देश्य र आवश्यकतातर्फ विचार गर्नु पनि जरूरी देखिन्छ । कुन काम वा क्रियालाई फौजदारी कानून मान्नु पर्ने, कुन कसुरको लागि कति सजाय गर्नु पर्ने र कुन कसुरको सम्बन्धमा कति समयावधिभित्र उजुरी वा अभियोग दायर गरी सक्नु पर्ने भन्नेसमेतका कुराहरू विधायिकाले ऐनद्वारा निर्धारित गर्ने कुरा हुन् । कुनै कसुरको सम्बन्धमा मुद्दा वा दाबी गर्ने हदम्याद सीमित नरहने गरी खुल्ला राख्न र कुनै वा केही कसुरका लागि सीमित हदम्यादको व्यवस्था पनि ऐनमा विधायिकाले नै गर्ने कुरा हो । यी सबै विधायिकी कार्यक्षेत्र (Legislative Function) भित्रका कुरा

हुन् । तर ऐनले गरेको हदम्यादसम्बन्धी व्यवस्था सबैले मान्नु र लागू गर्नुपर्ने । बहुविवाहको क्रियालाई विहावारी महलले दण्डनीय फौजदारी कानूनको रूपमा परिभाषित गरी सो सम्बन्धमा अभियोग दाबी गर्ने वा मुद्दा गर्ने समयावधिको सीमा पनि सोही महलको ११ नं. ले निर्धारित गरेको छ । अर्थात् बहुविवाह मुद्दा गर्नका लागि सीमित समयावधिको हदम्याद कानूनले निर्धारित गरेको छ । यसमा कुनै विवाद छैन । बहुविवाह मुद्दा दायर गर्ने खुल्ला वा असीमित हदम्याद वा जहिले पनि दायर गर्न सकिने भन्ने ऐनले व्यवस्था नगरेकोले सीमित हदम्यादभित्रै बहुविवाहको मुद्दा दायर गर्नु पर्ने ऐनको व्यवस्था स्पष्ट छ । यसलाई एक वा अर्को तर्क वा कारणको आधारमा असीमित वा खुल्ला हदम्यादको रूपमा परिणत वा परिभाषित गर्न नमिल्ने ।

अतः उल्लिखित आधार, कारण र प्रतिपादित सिद्धान्तसमेतबाट अभियोग पत्र खारेज हुने नै देखिँदा पुनरावेदन अदालत पाटनबाट मिति २०७०।९।१६ मा अभियोग पत्र खारेज भई प्रतिवादी भोजबहादुर अधिकारीले अभियोग दाबीबाट सफाइ पाउने र प्रतिवादी तारादेवी अधिकारीको हकमा वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ठहऱ्याई भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : रामु शर्मा

इति संवत् २०७३ साल कार्तिक १ गते रोज २ शुभम् ।

८

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-CR-११२५, गौवध, *नेपाल सरकार वि. कृष्णबहादुर तामाङ*

प्रतिवादी आफैँ कसुरमा साबित भई अनुसन्धानको क्रममा एवं अदालतमा बयान गरेको, निजको सो बयान बेहोराबाट जाहेरी दरखास्त समर्थित भएको र घटना विवरण कागज लेखाई दिने व्यक्तिहरूले पनि यिनै प्रतिवादीको कर्तव्यबाट गाईको बाच्छी मरेको हो भनी लेखाई दिएबाट यी प्रतिवादी कृष्णबहादुर तामाङको कर्तव्यबाट निजको बुबा बाबुलालको घर आँगनमा बाँधी राखेको बाच्छी मरेको पुष्टि हुन आउने ।

मुलुकी ऐन, चौपायाको महलको १ नं. मा "मारौं भन्ने नियत लिई गाई, गोरू मार्न, मार्न लगाउन, मार्नको उद्योग गर्न, सो नियतले विदेशमा लैजान वा लगी बिक्री गर्नसमेत हुँदैन..." भन्ने कानूनी व्यवस्था रहेको छ । सो कानूनी व्यवस्थाले नियतबस गाई, गोरू मार्ने कार्यलाई अपराधीकरण गरेको देखिन्छ । प्रतिवादी कृष्णबहादुर तामाङले रक्सीको नशामा वारदात गरेको भने पनि यी प्रतिवादीलाई अरू कसैले जबरजस्ती रक्सी सेवन गराएको भनी निजको जिकिर पनि नरहेको र त्यस्तो अवस्था मिसिल संलग्न कागज प्रमाणबाट पनि रहेको देखिँदैन । आफैँले रक्सी सेवन गरी वारदात घटाएको अवस्थामा आपराधिक दायित्वबाट छुट दिन नमिल्ने । प्रतिवादीले बाच्छीलाई मार्छु भनी घरबाट बञ्चरो ल्याई आँगनमा रहेको बाच्छीलाई मारेको देखिँदा सो कार्य गर्न निजले मनसायसमेत बनाएको देखिन आयो । बाच्छीलाई मारिसकेपश्चात् टुक्राटुक्रा पारी घरमा लगी राखेको अवस्थामा मासु बरामद भएको अवस्था छ । यसरी मनसायसहित बाच्छी मारी मासुलाई टुक्रा टुक्रा पारी घरमा लगी राखेको कार्यलाई भवितव्य मान्न नमिल्ने । प्रतिवादी स्वयंले आरोपित कसुर गरेकोमा साबित भई अनुसन्धानको क्रममा एवं अदालतमा बयान गरेको र निजको सो बयान मिसिल संलग्न जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, पोष्टमार्टम रिपोर्टसमेतका कागजबाट समर्थित हुन आएको अवस्थामा जाहेरवाला एवं घटना विवरण कागजका मानिसहरू अदालतमा बकपत्र नगर्दैमा निज प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिन मिल्दैन । उक्त वारदातलाई भवितव्य कायम गरी

प्रतिवादी कृष्णबहादुर तामाङलाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको फैसला कायम रहन सक्ने नदेखिने।

प्रतिवादी कृष्णबहादुर तामाङलाई हुन सक्ने सजायको सम्बन्धमा विचार गर्दा मुलुकी ऐन, चौपायाको महलको ११ नं. मा "जानी जानी गाई, गोरू मार्नेलाई बाह्र वर्ष र वचन दिनेलाई ६ वर्ष कैद गर्नुपर्छ ।" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । उपर्युक्त कानूनी व्यवस्थाअनुसार मनसायपूर्वक गाई गोरू मार्ने व्यक्तिलाई १२ वर्ष कैद सजाय हुने देखियो। प्रतिवादी कृष्णबहादुर तामाङले मनसायपूर्वक बञ्चरो घरबाट ल्याई मारी मासुलाई टुक्राटुक्रा पारी राखेको देखिएको अवस्थामा निजलाई सोही नं. बमोजिम १२ वर्ष सजाय हुने।

तसर्थ, माथि विवेचित आधार कारणबाट प्रतिवादी कृष्णबहादुर तामाङले रक्सीको सुरमा भवितव्य घटना घटाएको मानी आरोपित कसुरबाट सफाइ दिने गरी भएको धादिङ जिल्ला अदालतको फैसला सदर हुने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६९।१२।४ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादी कृष्णबहादुर तामाङले मुलुकी ऐन, चौपायाको महलको १ नं. विपरीतको कसुर गरेकोले निज प्रतिवादीलाई सोही महलको ११ नं. बमोजिम १२ वर्ष कैद सजाय हुने।

इजलास अधिकृतः रामु शर्मा

कम्प्युटर : रमेश आचार्य

इति संवत् २०७३ साल कार्तिक १ गते रोज २ शुभम्।

९

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-WO-०६१९, उत्प्रेषण, *प्रमोदकुमार देवसमेत वि. किष्ट बैंक लिमिटेड मुख्य शाखा कार्यालय, अनामनगरसमेत*

ऋण लिँदा राखेको सर्त पालना गरी भाखाभित्र कर्जाको साँवा तथा ब्याज चुक्ता गर्ने दायित्व ऋणीको हुन्छ । भाखाभित्र कर्जा नतिर्ने ऋणीबाट कानूनी प्रक्रिया अवलम्बन गरी कर्जा असुली गर्न पाउने भनी बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा ५७ ले व्यवस्था गरेको पाइन्छ । उक्त दफाको उपदफा (१) मा "*ऋणीले कर्जा लेनदेनसम्बन्धी लिखत वा करारमा उल्लिखित सर्त कबुलियतको पालना नगरेमा वा लिखत वा करारको भाकाभित्र कर्जा र सोमा लागेको ब्याज वा हर्जाना चुक्ता नगरेमा ... कर्जा लेनदेनसम्बन्धी लिखत वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि ऋणीले बैंक वा वित्तीय संस्थालाई लेखिदिएको वा धितो राखेको सुरक्षणलाई लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी सम्बन्धित बैंक वा वित्तीय संस्थाले आफ्नो साँवा, ब्याज असुलउपर गर्न सक्नेछ*" भन्ने व्यवस्था रहेको छ । सो व्यवस्थाअनुसार निवेदकहरूले विपक्षी बैंकबाट लिएको कर्जा भाखाभित्र नतिरेको एवं भाखा नाघेपछि पनि चुक्ता गर्ने तत्परता नदेखाएको अवस्थामा सरकारी निकायका पदाधिकारीसमेत रहेको मूल्याङ्कनकर्ताहरूबाट कानूनको परिधिभित्र रही कानूनी प्रक्रिया पूरा गरी निर्धारण गरिएको पञ्चकृते मूल्यलाई स्वेच्छाचारी रूपमा गरिएको मूल्याङ्कन भन्न मिल्ने नदेखिने । रिट निवेदकले आफूले बेहोर्नु पर्ने दायित्व नगदै तिर्ने बुझाउने भनी नगद रकम धरौटी राखी आएको अवस्थासमेत देखिएन। ऋणीले आफूले लिएको ऋण तिर्नु पर्ने दायित्व बहन नै नगरी निस्क्रिय रूपमा बसेको र बराबर सूचना गर्दासमेत ऋण चुक्ता गर्नेतर्फ कुनै तत्परता नदेखाएको अवस्थामा बैंकले आफ्नो लगानी उठाउनको लागि कानूनबमोजिम प्रक्रिया पूरा गरी सुरक्षणबापत धितो राखेको सम्पत्ति सकार गरेको कार्यलाई अन्यथा भन्न सकिने अवस्था

नदेखिने।

अतः विवेचित तथ्य, कानूनी व्यवस्था र प्रमाणसमेतको आधारमा निवेदन मागबमोजिमको उत्प्रेषणसमेतको आदेश जारी गर्नु पर्ने अवस्था विद्यमान देखिएन। प्रस्तुत रिट खारेज हुने।

उपरजिस्ट्रारः इन्दिरा शर्मा

इति संवत् २०७४ साल चैत्र ५ गते रोज २ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-CR-१७१२ र ०७०-CR-१६०४, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. जगतबहादुर थापा र जगतबहादुर थापा वि. नेपाल सरकार*

प्रतिवादीले जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा अफगानिस्तानमा पठाउने भनी रकम बुझिलिई कागज गरिदिएकोमा विवाद छैन । जाहेरवालाहरूबाट पेस भएका रकम बुझेका कागजहरू करकापबाट तयार भएका हुन् भनी प्रतिवादीले सुरू न्यायाधिकरणमा बयान गरे तापनि रकम बुझेको भर्पाई करकापबाट तयार भएको भए सोउपर कानूनी प्रक्रियामा जाने प्रतिवादीको कानूनी अधिकार भएकोमा सो अधिकार निजले प्रयोग गरेको नदेखिँदा केवल करकापबाट लिखत खडा भएको भन्ने जिकिर लिएको आधारले मात्र निजले कसुरबाट उन्मुक्ति पाउने देखिएन । अदालतसमक्ष भएको बयानमा निज प्रतिवादीले आरोपित कसुरमा इन्कार भए पनि अनुसन्धानको क्रममा भएको बयान किन फरक परेको हो सो कुराको तथ्ययुक्त प्रमाणबाट खण्डन गर्न सकेको देखिँदैन। प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम अनुसन्धानको क्रममा भएको बयान अन्यथा प्रमाणबाट खण्डित नभएको अवस्थामा सो बयानलाई प्रमाणमा लिनुपर्ने हुँदा प्रतिवादीले जाहेरवालाहरूलाई विदेश अफगानिस्तानमा रोजगारीमा पठाई दिन्छु भनी रकम बुझेको नै पुष्टि हुन्छ । यस अवस्थामा प्रतिवादीलाई सजाय गर्ने गरी भएको सुरू फैसला अन्यथा नदेखिने।

प्रतिवादीले रकम बुझी गरिदिएको कागजमा गजेन्द्र गुरूङबाट पनि रकम लिएको भनी उल्लेख भएको अवस्थामा निजको हकमा प्रतिवादीलाई कारबाही भएन भन्ने नेपाल सरकारको पुनरावेदन जिकिर छ सोतर्फ विचार गर्दा रकम बुझी गरिदिएको लिखतमा गजेन्द्र गुरूङसँग पनि रू.४,००,०००।– बुझेको भन्ने बेहोरा उल्लेख भएको देखिए पनि कागज गरी रकम फिर्ता नपाएको अवस्थामा त्यसबाट मर्का पर्ने पक्षले समयमै कानूनी प्रक्रिया अवलम्बन गर्न सक्नुपर्दछ । निज गजेन्द्र गुरूङले कागजमा उल्लेख भएको रकम नपाएको भनी वा प्रतिवादीलाई कारबाही गरिपाउँ भनी कुनै कानूनी उपचार खोजेको कुरा (तथ्य) वादी नेपाल सरकारबाट पेस हुन सकेको नदेखिने। जाहेरी नै नदिने व्यक्तिको हकमा पनि अभियोग दाबी भएको भन्दैमा सोही मात्र कुरालाई आधारमानी प्रतिवादीलाई सजाय गर्नु न्यायोचित देखिएन। तसर्थ गजेन्द्र गुरूङको हकमा प्रतिवादीलाई सजाय नभएको सुरू फैसला मिलेन भन्ने नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः उपर्युक्त तथ्य र प्रमाणको विश्लेषणको आधारमा प्रतिवादीलाई कसुरदार ठहर गरी कैद जरिवाना गर्ने र हर्जानासमेत तिराउने गरी सुरू वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६९।०९।२३ मा भएको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत:- चाणकमणि अर्याल

इति संवत् २०७४ साल जेठ १० गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६९-CI-०५५५, अंश दर्ता, *सीताराम अहिर वि. सुरज राउत अहिर*

प्रतिवादी दरोगा राउत अहिरले कि.नं.२९०, ३७३, ३७४ र ३७५ का जग्गा आफूले मावली हजुरबा, हजुरआमाको सेवा गरेबापत २०३३ सालमा बकसपत्रबाट प्राप्त गरेको हुँदा अन्य अंशियारहरूलाई बन्डा लाग्न नसक्ने भनी जिकिर लिएको देखिन्छ । निजले उक्त जग्गाहरू बकसपत्रबाट प्राप्त गरेको भने पनि सो कुरा पुष्टि हुने कुनै प्रमाण पेस गर्न सकेको देखिँदैन । ती जग्गाहरू २०३३ सालमा बकसपत्रबाट पाएको भन्ने निजको कथन रहेको देखिएकोमा २०३४ सालभन्दा अगाडि जुनसुकै स्रोतबाट पाएको भए पनि अंशियारहरूबिच बन्डा लाग्ने हुँदा निजको सो जिकिर कानूनसम्मत रहेको देखिन नआउने ।

पुनरावेदक प्रतिवादी चम्पादेवीले निजका नामको कि.नं. ८११ र ८९९ का जग्गाहरू माइतीबाट पाएको रकमबाट खरिद गरेको अरू अंशियारलाई बन्डा नलाग्ने जग्गा बन्डा लाग्ने गरी भएको फैसला मिलेको छैन भनी लिएको जिकिरतर्फ हेर्दा, निजले उक्त कि.नं. ८११ को जग्गा मिति २०५४।२।२७ मा राजिन्द्रप्रसाद यादवबाट र कि.नं. ८९९ को जग्गा निजै राजिन्द्रप्रसादबाट मिति २०५८।४।२ मा पारित राजीनामा लिखतबाट निजको हक हुन आएको देखिन्छ । उक्त जग्गाको राजीनामा लिखतको कैफियत महलमा माइतीबाट ल्याएको रकमबाट खरिद गरेको भन्ने उल्लेख भए पनि निजले माइतीबाट के कति रकम कहिले प्राप्त गरी जग्गा खरिद गरेको हो सो कुरा प्रमाणद्वारा पुष्टि गर्न सकेको नदेखिने ।

प्रतिवादी दरोगा राउतले आफ्ना नामको कि.नं.२९०, ३७३, ३७४ र ३७५ का जग्गा र प्रतिवादी चम्पादेवी अहिरिनका नामको कि.नं.८११ र कि.नं.८९९ का जग्गा बन्डा लाग्ने प्रकृतिको होइन भनी निजहरूले प्रमाणित गर्न नसकेको अवस्थामा ती जग्गा सगोलका अंशियारहरूलाई अंश भाग लाग्ने गरी पुनरावेदन अदालतबाट भएको फैसला अन्यथा नदेखिँदा निजहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः माथि विवेचित आधार, कारणबाट सुरू बारा जिल्ला अदालतबाट मिति २०६८।२।३१ मा भएको फैसला केही उल्टी गरी प्रतिवादी चम्पादेवी अहिरिन नाम दर्ताको कि.नं. १२७५ को जग्गा बन्डा नलाग्ने र अन्यमा उक्त फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०६९।३।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटरः मिनु शाही

इति संवत् २०७४ साल कार्तिक १ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६८-CI-०१००, फैसला बदर, *नन्कौ लोहार वि. भगवान दिन लोहार*

यसमा रघुविर लोहारका तीन भाइ छोराहरूमा जेठा जोखनको तर्फबाट बाबादिन, माइला द्वारिकाको तर्फबाट नन्कौ र कान्छा आशारामतर्फबाट जायजन्म नभई सानैमा मृत्यु भएको देखिन्छ । यी वादी प्रतिवादी दुई अंशियार भएकोमा नाता सम्बन्धमा कुनै विवाद देखिँदैन । विवादित दुवै कित्ता जग्गाहरूबाट तत्कालीन वादी बाबादिन लोहारले आधा अंशबापत पाएको भन्ने मिति २०४२।१२।२१ को बन्डा मुचुल्काबाट देखिन्छ । वादी बाबादिन लोहार पुनरावेदक / प्रतिवादी नन्कौ लोहार परस्पर अंशियार देखिएका छन् । यसरी परस्पर दाजुभाइबिच कानूनतः लामो समयसम्म अंश

मुद्दा चली दाबीबमोजिमको आधा अंशमा हक पुग्ने भनी अन्तिम फैसला भइसकेको देखिने।

प्रत्यर्थी / वादीले दाबी लिएका दुवै कित्ता जग्गाहरूमा दाबीबमोजिम आधा हिस्सा जग्गा वादीले पाउने भनी २०४२।१२।२१ मा बन्डा मुचुल्का तयार भई सोअनुसार वादीले चलन पुर्जीसमेत पाइसकेको देखिन्छ । विवादका २ कित्ता जग्गाहरूमध्ये पहिलो कित्ता अर्थात् चौडाई ९ हात लम्बाई ११ हात भएको फुसको घारी भनी उल्लेख भएको जग्गाको आधा हिस्सा बाबादिनले पाउने भनी उल्लेख भए तापनि कुनतर्फबाट पाउने हो सोसम्म डोर कर्मचारीले उल्लेख गरेको देखिँदैन। अंश हकजस्तो नैसर्गिक हक केवलतर्फ लेख्न छुटेका कारणबाट वञ्चित हुने अवस्था नहुने भनी सम्मानित सर्वोच्च अदालतबाट समेत थुप्रै मुद्दामा निर्णय भएको अवस्थामा भोगको सम्बन्धमा वादीले आफूले दक्षिणतर्फबाट भोग गरिरहेको छु भनी उल्लेख गरेकोले सोही दक्षिणतर्फबाट आधा हक हिस्सा भोग गर्न पाउने नै देखिने।

प्रत्यर्थी / वादीले विवादको दोस्रो कित्ता बेलगती जग्गाको सम्बन्धमा सो जग्गाको पूर्वतर्फबाट वादीले आधा अंश पाएको भनी बन्डा मुचुल्कामा नै उल्लेख छ । तर, प्रतिवादी नन्कौ लोहारले उक्त जग्गा सगोलमा हुँदै खाएको ऋणबापत लिलाम भई भगोले लोहारले सकार गरी लगिसकेको जग्गा भगोले लोहारबाट राजीनामा गरी म नन्कौ लोहारले लिएको हो भनी उल्लेख गरे तापनि उक्त जग्गा यी पुनरावेदक / प्रतिवादी नन्कौ लोहारकै नाममा देखिन्छ । उक्त जग्गामा प्रत्यर्थी / वादी मु.स. गर्ने भगवानदास लोहारका बाबु बाबादिन लोहारको आधा अंश हुने भनी निर्णय भई चलन पुर्जीसमेत पाइसकेको देखिन्छ। उक्त जग्गा हालसम्म अंश दिनुपर्ने पुनरावेदक / प्रतिवादीकै नाममा कायम भएको अवस्थामा त्यसबाट अंश पाउन सक्ने अवस्था हुँदैन भनी भन्न सक्ने अवस्था नदेखिने। अदालतबाट कानूनबमोजिम फैसला भई बन्डा छुट्टाउने क्रममा लिलाम भई अन्यत्र गइसकेको अवस्था भएमा सो सम्बन्धमा अदालतले पनि विभिन्न कोणबाट हेरी सो सम्बन्धमा निर्णय दिनुपर्ने थियो । तर, प्रस्तुत मुद्दामा अंश पाउनु पर्ने भनी अदालतबाट अन्तिम निर्णय भइसकेको अचल सम्पत्ति प्राविधिक दृष्टिकोणबाट अन्यत्र गई फेरी अंशियारकै नाउँमा रहिरहेको अवस्थामा त्यस्तो सम्पत्तिमा बन्डा लाग्न सक्तैन भनी अर्थ गर्नु मनासिब देखिँदैन । अंशजस्तो नैसर्गिक हकलाई संकुचन हुने गरी अर्थ र व्याख्या गर्न नमिल्ने।

अतः उल्लिखित विवेचित आधार, कारण र प्रमाणसमेतबाट वादी दाबीबमोजिम प्रत्यर्थी / वादीले अंशबापत प्राप्त गरेका उल्लिखित दुवै कित्ता जग्गामा वादी दाबीबमोजिम प्रत्यर्थी / वादीको अंश हक कायमसमेत हुने ठहऱ्याई पुनरावेदन अदालत, नेपालगन्जबाट मिति २०६७।११।०१ मा भएको फैसला मिलेकै देखिँदा यस अदालतबाट मिति २०७१।०७।३० मा झगडिया झिकाउने गरी भएको आदेशसँग सहमत हुन सकिएन। पुनरावेदन अदालत नेपालगन्जको मिति २०६७।१२।०१ को फैसला सदर हुने।

इजलास अधिकृत : कोशलेश्वर ज्ञवाली

कम्प्युटर : अभिषेककुमार राय

इति संवत् २०७४ साल चैत्र १२ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६७-CI-१२८५, जग्गा खिचोला चलन, *उमेश ठाकुर वडही वि. कामेश्वर मिश्र भुमिहारसमेत*

पुनरावेदक / वादी र प्रतिवादीहरूको

जग्गामध्ये वादीले साबिक लिखतबमोजिम दाबी गरेको जग्गाको कुल क्षेत्रफल र प्रतिवादीहरूले देखाएको सुरू अदालतको मिति २०५२।७।५ को नक्साबाट निजहरूको कायम हुन आएको कुल क्षेत्रफलको जग्गाहरू केही घटबढ देखिन आएको भए तापनि प्रतिवादीहरूको न.नं. २,३,४,५ का जग्गाहरू २०५२ सालको उक्त नक्साबाट देखिई कायम भइरहेको अवस्थामा ती जग्गाहरू अन्यत्र घुसे होलान् भनी अनुमान गर्न सकिने अवस्था पनि रहेन । मिति २०५२।७।५ मा भई आएको नक्साको न.नं. ८ र हालको न.नं.३० मा समेत वादीको बाबु रामस्वरूप ठाकुरको दाबीकै चौहदीभित्रको जग्गा बाँकी रहेको अवस्थासमेत देखिँदा प्रतिवादीहरूले वादीको २०५२।७।५ मा भएको नक्साको न.नं.६ को क्षेत्रफल र पछि २०६२।८।२३ मा भएको नक्साको हालको न.नं.१० को क्षेत्रफल नापमा केही मात्रामा घटबढ पर्न सक्ने भए तापनि भइआएको दुवै नक्सा आकृति हेर्दा साबिकको नक्साको दक्षिणतर्फको सीमाको आकृति र पछिल्लो नक्साको आकृतिसमेत मिलेको देखिने ।

अतः उल्लिखित विवेचित आधार, कारण र प्रमाणसमेतबाट प्रतिवादीहरूले वादी दाबीको जग्गा खिचोला गरेको नदेखिँदा दाबी पुग्न नसक्ने गरी भएको महोत्तरी जिल्ला अदालतको मिति २०६३।११।१४ को फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत जनकपुरबाट मिति २०६६।१२।२९ मा भएको फैसला मिलेकै देखिँदा यस अदालतबाट मिति २०६८।१।४ मा प्रदान गरिएको निस्सामा उल्लिखित आधारसँग सहमत हुन सकिएन । पुनरावेदन अदालत जनकपुरको मिति २०६६।१२।२९ को फैसला सदर हुने ।

इजलास अधिकृत : कोशलेश्वर ज्ञवाली

इति संवत् २०७४ साल चैत्र १२ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७२-CR-१०००, विना इजाजत साल जातको रूख काटी ओसार पसार गरेको, *नेपाल सरकार वि. विरबहादुर ठगुन्ना*

निज प्रतिवादी विरबहादुर ठगुन्नाले अनुसन्धानको क्रममा र अदालतमा समेत बयान गर्दा काठमा टाँचा निस्सा लगाउन लगाई चलानी पुर्जी लिएर मात्र काठ बोक्नु भनी पठाएको थिएँ, म काठ लोड र ओसार पसार गर्न गएको होइन भन्ने बेहोरा उल्लेख गरेका छन् । निजको उक्त भनाइ निजको साक्षी रामबहादुर धामी र लालसिंह विष्टले उक्त काठ काट्ने र ओसार पसार गर्ने कार्यमा निज प्रतिवादीको संलग्नता छैन भनी गरी दिएको बकपत्रबाट समर्थित भएको छ । यसका साथै, स्वयं वादीका साक्षी सर्जमिन मुचुल्काका मानिस कृष्णदत्त अवस्थीसमेतले उक्त काठ ओसार पसार गर्ने कार्यमा ट्रक धनीको सहभागिता रहेको छैन भनी बकपत्र बेहोरा लेखाई दिएका देखिने ।

यसरी अवैध रूपमा काठ काट्ने र ओसार पसार गर्नेसमेतको कसुरजन्य कार्यमा प्रतिवादी विरबहादुर ठगुन्ना आफैँ संलग्न रहेको वा उक्त काठ अवैध रूपमा काटिएको हो भन्ने जानकारी हुँदाहुँदै उक्त काठ ओसार पसार गर्न निजको सवारी साधन (मे. १ ख ३१३ नं. को शक्तिमान ट्रक) पठाएको हो भन्ने तथ्य प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम अभियोजन पक्षले शंकारहित तवरबाट पुष्टि गर्न सकेको देखिन नआउने ।

अतः उल्लिखित आधारमा निज प्रतिवादी विरबहादुर ठगुन्नालाई अभियोग दाबीबाट सफाइ दिई निजको उक्त ट्रकसमेत जफत नगर्ने ठहर गरेको पुनरावेदन अदालत महेन्द्रनगरको मिति २०७२।२।२५

को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७४ साल चैत्र ७ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-CR-०१५६ र ०७१-CR-०३४५, मानव बेचबिखन तथा ओसार पसार, *मानबहादुर थोकर वि. नेपाल सरकार र नेपाल सरकार वि. मानबहादुर थोकर*

प्रतिवादीले अदालतसमक्ष आरोपित कसुरमा इन्कार रही बयान गरे तापनि तथ्य तथा प्रमाणको विश्लेषणबाट प्रतिवादीउपरको किटानी जाहेरीलाई समर्थन हुने गरी जाहेरवालाले अदालतमा आई बकपत्र गरिदिएको तथा पीडित र मौकामा बुझिएका मानिसहरूले अदालतमा आई गरेको बकपत्रबाट प्रतिवादीले अनुसन्धानको क्रममा आरोपित कसुरमा साबिती रही गरेको बयान समर्थित भएको देखियो । प्रमाण ऐन, २०३१ को दफा २७ र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ९ अनुसार जाहेरवालाको जाहेरी एवं प्रमाणित बयानलाई अन्यथा हो भनी प्रमाणित गर्नु पर्ने भार प्रतिवादीमा नै रहेको हुन्छ । प्रस्तुत मुद्दामा प्रतिवादी अदालतसमक्ष आरोपित कसुरमा इन्कार रही गरेको बयानलाई अन्य स्वतन्त्र एवम् वस्तुनिष्ठ प्रमाण पेस गरी आफ्नो जिकिर प्रमाणित गर्न सकेको मिसिलबाट देखिन आएन । यस्तो अवस्थामा निजको अदालतसमक्षको भएको इन्कारी बयानलाई मात्र आधार मानी निज प्रतिवादीलाई निर्दोष मान्न सकिएन । यसबाट प्रतिवादी मानबहादुर थोकरको आपराधिक योजना र कार्यको परिणाम स्वरूप मानव बेचबिखन जस्तो गम्भीर आपराधिक कार्य भएको देखिने ।

प्रस्तुत मुद्दामा प्रतिवादी मानबहादुर थोकरले पीडित जाहेरवालालाई बिक्री गर्न लैजाने र बिक्री गरेको रकम बराबरी बाँड्ने भन्ने सहमति भई हेटौंडा लगी निजलाई हेटौंडामा काम गरी बसौं भनी झुक्याई हर्क गोले र हरिमाया ग्यावाको जिम्मा लगाई निजहरूले भारतको बम्बईमा लगि बिक्री गरेकोमा यी प्रतिवादी मानबहादुर थोकरले पीडितलाई ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लगी विदेश लैजान अर्का प्रतिवादीहरूलाई जिम्मा लगाउने कार्य गरेको पुष्टि हुने ।

अनुसन्धानको क्रममा प्रतिवादीको उल्लेख्य सम्पत्ति देखाउन सकेको अवस्था नदेखिएको र प्रतिवादीको बयानसमेतबाट प्रतिवादीको आर्थिक हैसियत सामान्य रहेको देखिएबाट मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७(१) ले तोकेको कम्तीमा जरिवानाको पचास प्रतिशत रकम क्षतिपूर्तिको रूपमा तिर्न सक्ने अवस्था यी प्रतिवादीको नदेखिने ।

अतः माथि विवेचित आधार, कारण र प्रमाणसमेतबाट मानव बेचबिखन तथा ओसार पसारको कसुरमा प्रतिवादी मानबहादुर थोकरलाई अभियोग दाबीबमोजिम २० वर्ष कैद र रू.२,००,०००।- जरिवाना गरी पीडितलाई जिल्ला पुनर्स्थापना कोषबाट रू.३,००,०००।- क्षतिपूर्ति भराई दिने गरी मकवानपुर जिल्ला अदालतबाट मिति २०७०।२।७ मा भएको फैसला, कैद र जरिवानाको हकमा उक्त फैसला सदर गरी क्षतिपूर्तिको हकमा केही उल्टी गरी पीडितलाई रू.२,००,०००।- क्षतिपूर्ति जिल्ला पुनर्स्थापना कोषबाट भराई दिने गरी पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः- गीता श्रेष्ठ

इति संवत् २०७४ साल जेष्ठ २१ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-CR-०१६९ र ०७३-CR-०४१८, कर्तव्य ज्यान, *महेन्द्र गुरूङ वि. नेपाल सरकार र नेपाल सरकार वि. महेन्द्र गुरूङ*

प्रतिवादी महेन्द्र गुरूङले मौकामा तथा अदालतमा बयान गर्दा मिति २०७१।११।२३ का दिन जामु गुरूङले पैसा चाहियो । समाजको पैसाबाट रू.४००।- सापटी देउ साँझ फिर्ता दिउँला भनेकाले रू.४००।- दिएको थिएँ । बेलुका समाजको हिसाब बुझाउनुपर्ने हुँदा निज जामुसँग करिब ८:४५ बजे पैसा माग्दा मेरी श्रीमतीसँग पैसा छ भनेकाले निजको घरमा दुवैजना जाँदा निजको घरमा कोही नभएकोले म घरतर्फ फर्कन लाग्दा मृतकले मैले तिमीबाट पैसा लिएकै छैन । म पैसा दिँदै दिन्न भनी भनेकाले म हल्का आवेशमा आई निजलाई तानी निजको बायाँ कम्मरमा एकपटक लात्तीले हान्दा निज त्यहीँ उभिई रहेको थियो । म घर जान तल झर्दा मृतकको आँगनमा मानिस लडेको जस्तो आवाज आएको सुनी फर्केर जाँदा मृतक आफ्नो आँगनमा घोप्टो परेर लडिरहेको देखी सोही अवस्थामा कपीमायासमेत आएकाले हामी दुईजना मिली मृतकलाई पिँढीमा गुन्द्रीमा सुताई गएको हुँ । निजको अवस्था सामान्य थियो । छातीको तलको भाग दुख्यो भनेर मात्र भनेकाले भोलिपल्ट उपचार गर्न उपस्वास्थ्य चौकी लगेकोमा बेसीसहर लैजानुपर्छ भनेकाले बसमा बेसीसहर लाँदै गर्दा मृतकको मृत्यु भएको भनी आरोपित कसुरमा साबित भई बयान गरेको देखिँदा निजले गरेको स्वीकारोक्ति प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम निजका विरूद्ध प्रमाणमा लिन मिल्न नै देखिने ।

मिति २०७१।११।२३ गते राति म घरमा नभएको र गाउँमा भोज कार्यक्रम भई साँझ श्रीमान् घरमा आउन ढिला भएकोले म श्रीमानको खोजी गर्न गाउँमा जाँदा श्रीमान् घरतर्फ नै गएको जानकारी पाएपछि घरमा आउँदा श्रीमान् सिकिस्त अवस्थामा भेटि के भो भनी सोधनी गर्दा महेन्द्र गुरूङले हात, खुट्टा, मुट्ठी, मुक्का प्रयोग गरी मलाई कुटपिट गरेको हो भनेकाले पाचोक गा.वि.स. को स्वास्थ्य चौकीमा उपचार गराउँदा साधन सम्पन्न अस्पतालमा लान सुझाव दिएकाले बेसीसहरतर्फ लाने क्रममा २४ गते पतिको मृत्यु भएको हो भनी जाहेरी बेहोरालाई समर्थन गर्दै बकपत्र गरेको पाइने । मृतकको तिघ्राको दुवै भागमा नीलडाम, देब्रे अण्डकोषमा नीलो डाम, टाउकोमा चोट भएको र पिसाब थैलीमा चोट लागी २.५ लिटरजति रातो खैरो रङको पानी जस्तो पदार्थ निस्की मृतकको मृत्यु भएको भनी शव परीक्षण गर्ने चिकित्सक विशेषज्ञ डा. सुशील खनियाले अदालतमा आई बकपत्र गरेको देखिन्छ । मिसिल संलग्न मृतकको तस्बिर अवलोकन गरी हेर्दा नाक र आँखाबाट रगतको लहरो जस्तो देखिने पदार्थ बगेको देखिने ।

तसर्थ, उपर्युक्त उल्लिखित प्रमाण एवं प्रस्तुत मुद्दामा घटित वारदातलाई समष्टिमा हेर्दा यी प्रतिवादीले मृतकलाई कर्तव्य गरी मारेको तथ्य जाहेरवाला कपीमाया गुरूङको जाहेरी दरखास्त एवं बकपत्र, लास जाँच प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन, घटना विवरणमा कागज गर्ने मानिसहरूको कागज तथा बकपत्र, विशेषज्ञ चिकित्सकको बकपत्र, प्रतिवादीको अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष गरेको साबिती बयानलगायत मिसिल संलग्न कागजातहरूसमेतबाट समर्थित हुन आएकोले मृतकको मृत्यु यी प्रतिवादीले मृतकबाट सापटी लिएको रू.४००।- साँझसम्म नदिएकोले तत्काल उठेको रिसमा लात मुक्काले गरेको प्रहारबाट नै भएको तथ्य पुष्टि हुन आएको देखिने ।

अतः माथि उल्लिखित विवेचित आधार,

कारण र प्रमाणसमेतबाट प्रतिवादी महेन्द्र गुरूङले मृतक जामु गुरूङलाई मार्ने नै मनसायले जोखिमी हतियार प्रयोग नगरी सामान्य विवादमा तत्काल उठेको रिसले मृतकलाई लात्ती र मुक्काले प्रहार गर्दा मृतकको पिसाब फेर्ने पिसाब थैलीमा लागी पिसाब थैली फुट्न गई मृत्यु हुन गएबाट यस्तो किसिमको कसुरमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. आकर्षित हुने नभई सोही महलको १४ नं. को कसुर हुने हुँदा प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १४ नं. को कसुरमा १० (दश) वर्ष कैद सजाय हुने ठहऱ्याएको सुरू लमजुङ जिल्ला अदालतको मिति २०७२।७।१२ मा भएको फैसला सदर गरेको पुनरावेदन अदालत पोखराबाट मिति २०७३।०२।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : कोशलेश्वर ज्ञवाली

कम्प्युटर : अभिषेककुमार राय

इति संवत् २०७५ साल असार ४ गते रोज २ शुभम् ।

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७०-WO-०२७८, उत्प्रेषण, *सीता के.सी.समेत वि. राधिका के.सी.समेत*

विपक्षी / वादी राधिका के.सी. को कि.नं.५५१ र कि.नं.५५३ का जग्गा सगोलकै भएकोमा र.नं.३ मिति २०५७।४।२ मा दिने लक्ष्मी के.सी. र लिने सीता के.सी. भई हक हस्तान्तरण भएकोमा सो विरूद्ध २०५७।४।९ मा विपक्षीहरूको बिच भएको लिखतको ४ भागको १ भाग बदर गर्न माग गरी फिराद दिई सम्पूर्ण जग्गाको ४ भागको १ भाग बदर हुने गरी सुरू ललितपुर जिल्ला अदालतबाट फैसला भई पुनरावेदन अदालतबाट समेत सदर भएको र कि.नं.८५८ को जग्गामा केही उल्टी भई सर्वोच्च अदालतमा पुनरावेदन परी सर्वोच्च अदालतबाट सुरू फैसला सदर हुने गरी २०६४।५।३० मा अन्तिम फैसला भएको देखियो । सोपश्चात् विपक्षी राधिका के.सी. फैसला कार्यान्वयन गर्न नआएको भनी यी निवेदकले सुरू अदालतमा निवेदन दिई जग्गा फुकुवा गरी मालपोत कार्यालयमा दा.खा दर्ताको निवेदन दिई कारबाही बढाएको देखिने ।

फैसला कार्यान्वयनउपरका अधिकांश उजुरी एवं निवेदन फैसलाको कार्यान्वयनमा ढिलाई गर्ने नियतबाट नै दिइएको हुन्छ, त्यसो भन्दैमा त्यस्ता उजुरी एवं निवेदनलाई प्रारम्भमै पूर्वाग्रही भएर पूर्णतः उपेक्षा गर्ने गरी हाल्न हुँदैन । त्यसरी नै फैसला कार्यान्वयन छिटो छरितो गर्ने भन्दैमा कार्यविधि कानूनको रीत नपुऱ्याई बल मिच्याई गर्ने भन्ने पनि होइन भने फैसला कार्यान्वयनमा ढिलाई र धिन्याई गर्ने पक्षले असलै नियतबाट लिएका जिकिर वास्तवमै कानून र कार्यविधिसम्मत देखिन्छन् भने ती फैसला कार्यान्वयनलाई ढिलाई गर्ने अवाञ्छित नियतबाट मात्रै आएका हुन् भनी पुर्वानुमान गरी पराजित पक्षको निवेदनलाई उपेक्षा गरी हाल्नु हुँदैन । कार्यविधि कानूनको सानातिना त्रूटिलाई कानूनी छिद्राको आधारमा हार्ने पक्षले निवेदन मात्रै दिएर फैसला कार्यान्वयनमा ढिलाई गरिरहेको छ कि वास्तवमै फैसला कार्यान्वयनको कानूनी प्रक्रियामा गम्भीर त्रूटि भएर हार्ने पक्षलाई बढी नै मर्का परिरहेको छ, त्यसलाई सूक्ष्म रूपमा नै केलाएर हेर्नुपर्ने हुन्छ । फैसला कार्यान्वयनमा मुद्दामा पक्षबाट जुनसुकै नियतले गरिने ढिलाइका कार्यलाई पनि फैसला कार्यान्वयन गर्ने कानूनी प्रक्रियालाई नै सबल र सुदृढ बनाउने माध्यमकै रूपमा स्वीकार गरिनु पर्दछ । अदालतको आदेश एवम् निर्णय कार्यबाट फैसला कार्यान्वयनको मकसद पूरा हुन गएको देखिए यदाकदा कानून, नियम र कार्यविधिको व्यवस्था र प्रक्रिया पूरा भए नभएको विषयवस्तुलाई पनि गौण रूपमा हेर्नुपर्ने हुन जान्छ । प्रस्तुत मुद्दामा विपक्षी राधिका के.सी.

को एकपटक अदालतबाट हक स्थापित भइसकेको अवस्थामा फैसला कार्यान्वयनमा ढिलाई गरेको भन्ने आधारमा निजको भागसमेत आफ्नो हुनुपर्छ भन्ने यी निवेदिकाहरूको निवेदन दाबी असल नियतबाट दिएको हो भनी भन्न सक्ने अवस्था नदेखिने।

तसर्थ, सुरू अदालतबाट भएको अन्तिम फैसलालाई विपक्षी राधिका के.सी.ले दाबीको कि.नं.५५१ र कि.नं.५५३ बाट ४ खण्डको १ खण्ड लिखत बदर भई निजका नाउँमा चलनसमेत हुने ठहऱ्याई भएको फैसला र जनाउ पुर्जीसमेतको आधारमा मालपोत कार्यालयबाट मिति २०६७।१२।९ मा भएको निर्णय बदर गर्न नमिल्ने भनी मिति २०६९।१२।१५ को आदेश र सो आदेशलाई प्रस्तुत निवेदनको रोहबाट केही गरिरहनु परेन भनी पुनरावेदन अदालत पाटनबाट मिति २०७०।२।३० मा भएको आदेश मिलेकै देखिँदा निवेदकहरूको माग दाबीबमोजिमको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : कोशलेश्वर ज्ञवाली

कम्प्युटर : अभिषेककुमार राय

इति संवत् २०७४ साल चैत्र १४ गते रोज ४ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७२-CR-२०३०, बहुविवाह, *विष्णु राई वि. नेपाल सरकार*

प्रतिवादी विष्णु राईले जेठी श्रीमती जाहेरवाली ममता राई हुँदाहुँदै कान्छी श्रीमती सञ्जु थापासँग दोस्रो विवाह गरेको भन्ने मिति २०६८।११।१२ मा थाहा पाई बुझ्दा विष्णु राईले मिति २०६७।१०।२७ मा नै निज सञ्जु थापासँग दोस्रो विवाह भएको भन्ने दर्ता नं. ११३ मिति २०६८।११।२४ को विवाह दर्ताबाट थाहा पाएको भन्ने जाहेरी दरखास्तबाट देखिन्छ। प्रतिवादी विष्णु राईले मिति २०६९।७।१५ मा अदालतसमक्ष दिएको बयानको स.ज. ५ मा "सञ्जु थापासँग २०६७ सालमा प्रेम विवाह गरी विवाह दर्तासमेत गरेको छु" भनी निजले सञ्जु थापासँग बहुविवाह गरेको तथ्यलाई बयानमा स्वीकार गरेको देखिन्छ। प्रमाण ऐन, २०३१ को दफा ४(१)(क) अनुसार प्रतिवादी विष्णु राईले सञ्जु थापासँग बहुविवाह गरी मुलुकी ऐन, विहावारीको ९ नं.को कसुर गरेको देखिने।

प्रतिवादीको जाहेरवालीसँग विवाह भएको १४(चौध) महिनाको अन्तरालमा प्रतिवादीले दोस्रो विवाह गरेका छन् । बहुविवाह मुद्दा सरकारवादी फौजदारी मुद्दा भई अनुसन्धानकर्ताले थाहा जानकारी भएको मितिबाट हदम्यादको प्रारम्भ हुने भनी (ने.का.प.२०६३, अंक ५, नि.नं. ७६९४) बहुविवाह मुद्दामा न्यायिक सिद्धान्तसमेत प्रतिपादन भएको छ । प्रस्तुत मुद्दामा जेठी श्रीमती जाहेरवालीसँग विवाह भएको १४ महिनाकै अन्तरालमा पुनरावेदक प्रतिवादीले कान्छी श्रीमतीसँग दोस्रो विवाह गरेको उजुरी अनुसन्धानकर्ताले थाहा जानकारी प्राप्त भएको मितिले हदम्यादभित्र प्रस्तुत मुद्दा परेको देखिँदा पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः माथि उल्लिखित कानूनी व्यवस्था एवम् मिसिल संलग्न प्रमाणहरूको विवेचनासमेतका आधारमा जाहेरवालीको जाहेरी दरखास्तअनुसार अनुसन्धान प्रक्रिया सुरू भई दायर भएको अभियोग पत्रअनुसार पुनरावेदक प्रतिवादीलाई बहुविवाह कसुर ठहर गर्ने गरी भएको सुरू झापा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत इलामको मिति

२०७१।८।१५ को फैसला मिलेको देखिँदा सदर हुने।
इजलास अधिकृतः तारादेवी महर्जन
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०७५ साल आषाढ ३१ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६८-CI-०९२८, निषेधाज्ञा, *सुलोचना तिमिल्सिनासमेत वि. निर्मला श्रेष्ठसमेत*

प्रस्तुत मुद्दामा प्रत्यर्थी झिकाउँदा उल्लिखित मुद्दामा फैसला भइसकेको भन्ने कुरालाई आधार लिएको देखिए तापनि प्रस्तुत मुद्दा आज सुनुवाइका लागि प्रस्तुत हुँदा यिनै निवेदक र प्रत्यर्थीबिच चलेको घर टहरा भत्काई जग्गा खाली गरिपाउँ मुद्दामा यस अदालतबाट मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान गर्ने गरी आदेश भई मुद्दा विचाराधीन अवस्थामा रहेको मिसिल संलग्न आदेशको प्रतिलिपिबाट देखिन आयो। घर टहरा भत्काउनेसम्बन्धी मुद्दा नै अन्तिम नभई सोही मुद्दामा यस अदालतबाट मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान भएको अवस्था रहेको हुँदा उक्त पुनरावेदन अदालत पाटनबाट मात्र भएको फैसलालाई आधार लिई प्रत्यर्थी झिकाउने गरी भएको आदेशले कुनै तात्विक अर्थ राख्ने नदेखिने।

अतः माथि विवेचित आधार, कारण र प्रमाणसमेतबाट यस अदालतमा विचाराधीन रहेको उक्त घर टहरा भत्काई पाउँ मुद्दा अन्तिम फैसला भई सोही आधारबाट फैसला कार्यान्वयन हुने अवस्था रहने नै हुँदा पुनरावेदन अदालत पाटनबाट निवेदकको मागदाबीबमोजिम निवेदकहरूले बनाएको र बसोवास गरी आएको घरबाट उठाउने, निकाला गर्ने, घर भत्काउने र घरबाट छोड्ने छोडाउने बारेमा जबरजस्ती कागज गराउने जस्ता कार्यहरू नगर्नु नगराउनु भनी विपक्षीहरूका नाममा निषेधाज्ञाको आदेश जारी हुने ठहऱ्याई भएको आदेश मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत : नगेन्द्रकुमार कालाखेती
कम्प्युटर : मन्दिरा रानाभाट
इति संवत् २०७३ साल भदौ २१ गते रोज ३ शुभम्।

- यसै लगाउको ०६८-CI-०९२७, निषेधाज्ञा, *सुलोचना तिमिल्सिनासमेत वि. चित्रकुमारी गुरूङसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६९-CI-०७३८, जग्गा खिचोला चलन, *लक्ष्मीकान्त तिवारीसमेत वि. सुदामा शुक्ला*

वादीले मिति २०६५/१२/१३ का दिन प्रतिवादीले आफ्नो निर्विवादित कि.नं ४५८ को ०-५-१० जग्गामध्ये दक्षिणतर्फबाट प्रतिवादीहरूले ज.वि.०-०-१२ जोर जबरजस्ती च्यापेको भनी प्रस्तुत मुद्दाको फिराद दिएको देखिन्छ । प्रतिवादीहरूले वादीले खिचोला गरिएको भनिएको मितिमा खिचोला नगरेको भन्ने कुराको ठोस सबुद प्रमाण पुऱ्याउन सकेको देखिँदैन । वादीको फिराद लेखबाट मिति २०६५/१२/१३ सम्म विवादित जग्गा वादीले नै निर्विवादित रूपमा भोग गरी आएको भन्ने देखिएको र उक्त मितिमा प्रतिवादीहरूले खिचोला गरेपछि मात्र वादीले मिति २०६५/१२/२६ मा खिचोलाको नालिस दिएको कुरालाई उल्लिखित जग्गा पजनीको महलको १७ नं. को हदम्याद थाहा पाएको ६ महिनाभित्र नालिस परेको मानी जग्गा खिचोलाको रोहबाट वादीको विवादित जग्गामा हक कायम हुन सक्ने नसक्ने कुराको निर्क्योल गर्न कुनै कानूनी बाधा रहेको अवस्था प्रस्तुत मुद्दाको सन्दर्भमा नहुँदा वादीको फिराद हदम्यादविहीन अवस्थामा रहेको भन्ने पुनरावेदन जिकिर मनासिब

नदेखिने।

प्रतिवादीले वादीसँग खरिद गरेको भनिएको ०-०-१२ जग्गा नै नयाँ नापीमा कि.नं २२० मा नापी भएको भनी जिकिर लिएको देखिन्छ तर निजले उक्त जग्गा खरिद गरेको कुराको प्रमाण पेस गर्न सकेको देखिँदैन । प्रतिवादीको नाउँमा कानूनी रूपमा हक स्थापित नै नभएको जग्गा निजको नाउँमा नयाँ नापीमा दर्ता हुँदैमा त्यस्तो जग्गामा निजको हक कायम रहन सक्ने अवस्था रहँदैन। नयाँ नापीमा दर्ता हुन त्यस्तो जग्गामा निजको हक भोगको प्रमाण देखिनु पर्दछ अन्यथा त्यस्तो दर्ता दूषित दर्ताको आधारमा स्वतः बदर हुन सक्ने अवस्था रहन्छ। तसर्थ साबिक स्रेस्ता प्रमाण र हकै नभएको जग्गा नयाँ नापीमा कसैको नाउँमा नापी दर्ता हुँदैमा अरूको साबिक स्रेस्ता प्रमाण स्वतः शून्य हुन नसक्ने भएकोले विवादित भनिएको न.नं ३क को जग्गा प्रतिवादीको मान्न मिल्ने अवस्था नहुँदा उक्त जग्गा वादीको साबिक कि.नं ४५८ भित्रकै जग्गा भएको मान्नु पर्ने भई उक्त विवादित जग्गा प्रतिवादीले अनधिकृत रूपमा खिचोला गरेको देखिन आउने।

अतः माथिका प्रकरणहरूमा विवेचित आधार, कारण र प्रमाणबाट विवादित न.नं ३ को जग्गा वादीको साबिक कि.नं ४५८ अन्तर्गतको जग्गा रहेको तथ्य नक्सा, स्रेस्तालगायतका कागज प्रमाणबाट पुष्टि हुन आएकोले सो न.नं ३ को जग्गा प्रतिवादीले खिचोला गरेको ठहऱ्याई सुरू पर्सा जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०६७/१२/४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : नगेन्द्रकुमार कालाखेती

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७३ साल भदौ २१ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६८-CI-०४४३, जग्गा खिचोला चलन, *दशन चौधरी वि. शर्मिलादेवी चौधरी*

प्रमाणमा रूपमा आएको २०६१ सालको दे.नं १०५४ को जग्गा खिचोला चलन मुद्दामा खिचोला गरिएको भनिएको मिति र प्रस्तुत मुद्दाको खिचोला भएको भनिएको मिति तथा प्रतिवादी र मुद्दाको विषयवस्तु नै फरक रहेको देखिन्छ। जग्गा खिचोला मुद्दामा फरक फरक खिचोला भएको मिति देखिनुका साथै जग्गाको साँध सिमानातर्फ पनि फरक फरक समयमा खिचोला भएको तथ्य मिसिल संलग्न कागज प्रमाणबाट स्थापित भएको देखिने।

मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको ८५ नं. व्यवस्था एक पटक कुनै विषयमा कुनै व्यक्ति विरूद्ध मुद्दा दायर हुन्छ, सो मुद्दामा फैसला हुन्छ र सोही मुद्दामा पुनरावेदन दायर भएकोमा मात्र सोही विषयमा सोही पक्षहरूउपर पुनः मुद्दा चलाउन नपाउने भन्ने हो। तर उक्त व्यवस्थाले मुद्दाको खिचोला भएको मिति नै फरक, पक्षहरू नै फरक र मुद्दाको विषयवस्तु नै फरक रहेको अवस्थामा मर्का पर्ने पक्षले अन्यायी पक्षहरूउपर मुद्दा दर्ता गरी न्यायिक उपचार प्राप्त गर्ने मार्गमा रोक लगाएको होइन । तसर्थ, सुरू सुनसरी जिल्ला अदालतबाट अ.बं. ८५ नं. बमोजिम मुद्दा खारेज गर्ने गरेको फैसला बदर गरी नयाँ तथ्यको रोहबाट आवश्यक प्रमाण बुझी कारबाही किनारा गर्नु भनी सुरू सुनसरी जिल्ला अदालतमा मुद्दा पठाउने गरी पुनरावेदन अदालत विराटनगरबाट मिति २०६८/२/३१ मा भएको फैसला त्रूटिपूर्ण नदेखिँदा मिलेकै देखिन आउने।

अतः माथि विवेचित आधार, कारण र प्रमाणसमेतबाट सुरू सुनसरी जिल्ला अदालतबाट

अ.बं. ८५ नं. बमोजिम मुद्दा खारेज गर्ने गरेको फैसला बदर गरी आवश्यक प्रमाण बुझी कारबाही किनारा गर्नु भनी सुरू सुनसरी जिल्ला अदालतमा मुद्दा पठाउने गरी पुनरावेदन अदालत विराटनगरबाट मिति २०६८/२/३१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : नगेन्द्रकुमार कालाखेती

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७३ साल भदौ २१ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७३-WH-००४०, बन्दीप्रत्यक्षीकरण, *विजय गुरूङ भन्ने नारायण गुरूङ वि. काठमाडौं जिल्ला अदालतसमेत*

डाँका मुद्दाको अनुसन्धान बयानमा आफ्नो नाम विजय गुरूङ, बाबुको नाम पूर्णबहादुर गुरूङ र ठेगाना जिल्ला नुवाकोट लिखु गा.वि.स. वडा नं. ८ स्थायी वतन भई जिल्ला काठमाडौं का.म.न.पा. वडा नं. १६ बस्ने भनी खुलाइएको र रिट निवेदकले आफू नुवाकोट जिल्ला लिखु गा.वि.स. वडा नं. ८ स्थायी वतन हुने पूर्णबहादुर गुरूङको छोरा नारायण गुरूङ भनी उल्लेख गरेबाट बाबुको नाम थर र वतनसमेत मिलेको देखिन्छ । कारागार कार्यालय जगन्नाथदेवलमा हाल थुनामा रहेका यी रिट निवेदक नारायण गुरूङ नै डाँका चोरी मुद्दामा संलग्न विजय गुरूङ भएको कुरा निजले डाँका मुद्दामा गरेको बयानमा उल्लेख भएको नाम र वतनसँग निजको नागरिकतामा उल्लेख भएको नाम थर र वतन मिलेको तथा निजबाट यस अदालतमा लिएको ल्याप्चेसँग पहिलेको ल्याप्चे मिलेको भनी उल्लेख भएको विशेषज्ञको रायसमेतका मिसिल संलग्न कागज प्रमाणहरूबाट पुष्टि भइरहेको अवस्थामा आफू विजय गुरूङ नभई नारायण गुरूङ भएको हुँदा विजय गुरूङलाई लागेको कैद जरिवानाबापत आफूलाई पक्राउ गरी थुनामा राख्न मिल्ने होइन भनी लिएको रिट निवेदकको जिकिरसँग सहमत हुन नसकिने ।

डाँका चोरी मुद्दामा कैद जरिवाना ठेकिएका विजय गुरूङ र नारायण गुरूङ फरक व्यक्ति नभई एउटै व्यक्ति रहेको भन्ने कुरा माथि उल्लिखित बेहोराबाट प्रमाणित भइरहेको अवस्थामा फैसला कार्यान्वयन गर्ने साधिकार निकायबाट कानूनबमोजिमको कैदीपुर्जी दिई कैदमा राखेको अवस्थामा बन्दीप्रत्यक्षीकरणको रिट जारी गरिपाउँ भन्ने निवेदन जिकिर मनासिब देखिन नआउने ।

अतः उल्लिखित आधार र कारणहरूबाट निवेदक विजय गुरूङ भन्ने नारायण गुरूङलाई कर्मा लामाको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी विजय गुरूङसमेत भएको काठमाडौं जिल्ला अदालतमा दायर भएको डाँका चोरी मुद्दामा कसुर ठहर भई ६ वर्ष कैद र रू.१,६६,९५५।- जरिवाना भएकोमा यी प्रतिवादी फरार रही बसेको र सोही फैसला कार्यान्वनको क्रममा पक्राउ परी कानूनबमोजिमको कैदीपुर्जी दिई कारागार कार्यालय जगन्नाथदेवल, काठमाडौंमा कैदमा राखेको देखिँदा निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : जगदीशप्रसाद भट्ट

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल भदौ २३ गते रोज ६ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७२-CR-१५०१ र ०७२-CR-१८८१,

सामाजिक सुरक्षा भत्ता हिनामिना गरी भ्रष्टाचार गरेको, *नेपाल सरकार वि. महेन्द्र मण्डल र महेन्द्र मण्डल वि. नेपाल सरकार*

भ्रष्टाचार निवारण ऐनको दफा १७ मा भएको व्यवस्थालाई हेर्दा, राष्ट्रसेवकले नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्ति लापरवाही वा बदनियत गरी हिनामिना, हानि नोक्सानी वा दुरूपयोग गरे गराएमा वा मासेमा वा निजी प्रयोगका लगाएको अवस्थामा मात्र निजलाई कसुदार ठहर गर्न मिल्ने देखिन्छ भने राष्ट्रसेवकले बदनियतपूर्वक सार्वजनिक सम्पत्तिको हानि नोक्सानी वा दुरूपयोग गरेको वा मासेको वा निजी प्रयोगमा लगाएको पुष्टि नभएसम्म यस दफाबमोजिम सजाय गर्न मिल्नेसमेत नदेखिने।

यसरी प्रतिवादीले सामाजिक सुरक्षाबापत नागरिकलाई विवरण गर्नुपर्ने रकम लिने खाने नियतले सम्बन्धित नागरिकलाई वितरण नगरी आफैँले भरपाइमा ल्याप्चे सहीछाप गरी उक्त रकम हिनामिना गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा सोही ऐनको दफा ३(१)(घ) बमोजिम सजाय गरिपाउँ भनी आरोप मागदाबी भए तापनि निजउपर भत्ता पाउने कसैको पनि उजुरी परेको देखिँदैन। वादी नेपाल सरकारतर्फबाट यो यो नागरिकको सामाजिक सुरक्षाबापतको भत्ता यी प्रतिवादीले हिनामिना गरेका हुन् भनी खुलाउन सकेकोसमेत देखिएन। यी प्रतिवादीले अधिकारप्राप्त अधिकारी र अदालतमा बयान गर्दासमेत आफूले पेस्की लिएको सामाजिक सुरक्षा भत्ताको रकम सम्बन्धित व्यक्तिहरूलाई बुझाइसकेको भनी आरोपित कसुरमा इन्कार रही बयान गरेको अवस्था छ। तत्कालीन गा.वि.स. सचिवले यी प्रतिवादीले बुझेको सामाजिक सुरक्षा भत्ता सम्बन्धित व्यक्तिहरूलाई बुझाएको र उक्त समयमा प्रतिवादीले उक्त रकम हिनामिना अनियमित गरी लिए, खाए भनी कसैको उजुरी तथा गुनासोसमेत आएको थिएन भनी प्रतिवादीले गरेको इन्कारी बयानलाई समर्थन हुने गरी बयान गरेको देखिन्छ। सामाजिक सुरक्षा भत्ता पाउने नागरिकहरू उक्त गा.वि.स. कै बासिन्दा हुने भएकोले अनुसन्धान हुँदाका बखत उक्त व्यक्तिहरूमध्ये कसैसँग पनि सम्पर्क नै गर्न नसक्ने अवस्थासमेत देखिँदैन। उक्त सामाजिक सुरक्षा भत्ताको रकम पाएको वा नपाएको भन्ने सम्बन्धमा सम्बन्धित व्यक्तिबाट नै यथेष्ट कुरा पत्ता लाग्न सक्ने अवस्था हुँदाहुँदै पनि अनुसन्धानको क्रममा पीडित व्यक्तिहरूलाई बुझ्दै नबुझी प्रस्तुत मुद्दा दायर भएको देखिन्छ भने वादी नेपाल सरकारले सामाजिक सुरक्षा भत्ता नपाउने व्यक्तिहरूको नाम ठेगाना केही खुलाएकोसमेत देखिँदैन। प्रतिवादीले आफूले बुझेको सामाजिक सुरक्षा भत्ताको रकम सम्बन्धित व्यक्तिहरूलाई बुझाइसकेको भनी आरोपित कसुरमा इन्कार रही बयान गरेको, सामाजिक सुरक्षा भत्ता आफूहरूले नपाएको भनी कसैले उजुर गरेकोसमेत नदेखिएको र वादी नेपाल सरकारको तर्फबाट समेत प्रतिवादीले व्यक्तिहरूको सामाजिक सुरक्षा भत्ताको रकम हिनामिना गरेका हुन् भनी खुलाउन नसकेको अवस्थामा सार्वजनिक सुरक्षा भत्ता पाउने व्यक्तिहरूलाई बुझ्दै नबुझी तिनीहरूले उक्त भत्ताबापतको रकम पाएनन् भनी अनुमानको भरमा उक्त रकम प्रतिवादीले हिनामिना गरी आरोपित कसुर गरेकै हुन् भनी भन्न सक्ने अवस्था विद्यमान नदेखिने।

प्रमाण ऐन, २०३१ को दफा २५ ले फौजदारी मुद्दामा प्रतिवादीको कसुर प्रमाणित गर्ने भार वादीको हुने व्यवस्था गरेको देखिन्छ। फौजदारी मुद्दामा शंकाको सुविधासमेत अभियुक्तले नै पाउँछ। मिसिल संलग्न कागज प्रमाणबाट शंकारहित तवरबाट कसुरदार नदेखिएसम्म अभियुक्तलाई कसुरदार ठहर गर्नसमेत नमिल्ने।

कुनै पनि व्यक्तिलाई भ्रष्टाचारअन्तर्गतको कसुरमा सजाय गर्नको लागि निजले बदनियतपूर्वक भ्रष्टाचार गरेको भन्ने विवादरहित तरिकाले पुष्टि भएको हुनुपर्छ। भ्रष्टाचारको कसुर कायम हुन सरकारी सम्पत्ति बदनियतपूर्वक लिने खाने उद्देश्यले हिनामिना, हानि नोक्सानी दुरूपयोग तथा निजी प्रयोगमा ल्याएको प्रस्ट रूपमा देखिनु पर्दछ । मिसिल संलग्न कागजातबाट भ्रष्टाचार गरेको शंकारहित तवरबाट पुष्टि नभएसम्म केवल शंका र अनुमानको भरमा कसुरदार ठहर गर्नसमेत नमिल्ने।

विवेचित आधार प्रमाणबाट यी प्रतिवादी महेन्द्र मण्डलले नागरिकलाई वितरण गर्नुपर्ने सामाजिक सुरक्षा भत्ताबापतको रकम लिने खाने उद्देश्यले सम्बन्धित व्यक्तिलाई नबुझाई हिनामिना गरी आरोपित कसुर गरेको भन्ने आरोप मागदाबी वादी नेपाल सरकारको तर्फबाट तथ्ययुक्त प्रमाण पेस गरी पुष्टि गर्न सकेको नदेखिएकोले केवल अनुमान र शंकाको भरमा भ्रष्टाचारजस्तो मुद्दामा कसुरदार ठहर गर्न मिल्ने नदेखिँदा प्रतिवादीलाई आरोपित कसुरमा आरोप मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अब प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) बमोजिम ३ (तीन) महिना कैद सजाय हुने ठहर गरेको विशेष अदालत काठमाडौंको फैसला मिले नमिलेको सम्बन्धमा विचार गर्दा, भ्रष्टाचार निवारण ऐन, २०५९ को उक्त दफा ८(३) मा "भएको कानूनी व्यवस्थाअनुसार कुनै राष्ट्रसेवकले बदनियतपूर्वक सरकारी वा सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गरेगराएको अवस्थामा मात्र यो दफाबमोजिम सजाय हुन सक्ने अवस्था देखियो। तर प्रस्तुत मुद्दामा प्रतिवादीले सामाजिक सुरक्षा भत्ताबापतको रकम नागरिकलाई वितरण गर्नुपर्नेमा सम्बन्धित व्यक्तिलाई नबुझाई बदनियतपूर्वक आफूले लिनेखाने उद्देश्यले हिनामिना गरेको कुरा मिसिल संलग्न कुनै ठोस सबुत प्रमाणबाट नदेखिँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) बमोजिमको कसुर गरेको भनी मान्न मिल्ने नदेखिने।

अतः विवेचित आधार प्रमाणहरूबाट यी प्रतिवादीले सरकारी वा सार्वजनिक सम्पत्ति बदनियतपूर्वक हानि नोक्सानी गराएकोसमेत मिसिल संलग्न कागज प्रमाणबाट पुष्टि हुन सकेको नदेखिँदा यी प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) बमोजिम ३ (तीन) महिना कैद सजाय हुने ठहर गरेको विशेष अदालत काठमाडौंको मिति २०७२।३।२१ को फैसलासमेत मिलेको नदेखिँदा उल्टी भई प्रतिवादीले अभियोग मागदाबीबाट सफाइ पाउने।

इजलास अधिकृत : सुभद्रा जि.सी.

कम्प्युटर : उत्तरमान राई

इति संवत् २०७५ साल फागुन ८ गते रोज४ शुभम्।

२

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७०-CR-१६६०, जबरजस्ती करणी उद्योग, *नेपाल सरकार वि. यामनारायण श्रेष्ठ*

सुरू अदालतबाट प्रतिवादीको मुखभित्र हेर्दा प्रतिवादीको अगाडिपट्टिका दाँत पूरै नरहेको र दाँत पनि मिलेका नदेखिएको भन्ने उल्लेख भएको, वारदातको समयमा प्रतिवादी ७० वर्षको वृद्ध उमेरको रहेको देखिएको, पीडित जाहेरवालाले अदालतमा आई बकपत्र गर्दा प्रतिवादीको दाँत बार्दलीबाट लड्दा घटनास्थलमा खसेको भनी उल्लेख गरेकोमा घटनास्थलमा त्यस्ता दाँतसमेतका अरू चिजवस्तु भेटिएको अवस्था नभएको, प्रतिवादीको मौकाको स्वास्थ्य परीक्षण

प्रतिवेदनमा पनि सो कुरा उल्लेख भएको नदेखिएको तथा बार्दलीबाट लड्दा घटनास्थलमा प्रतिवादीको दाँत खसेको भन्ने सम्बन्धमा अभियोगपत्रमा समेत कहीँकतै पनि उल्लेख भएकोसमेत पाइँदैन । पीडित भनिएकी पल्लवीको शरीरमा रहेको दाँतले टोकेको भनिएको घाउ डाममा दाँतको डाम दुवैतर्फ देखिनु पर्नेमा एकतर्फ मात्र डाम रहेको र ती दाँतका डाम टम्म मिलेको दाँतको देखिएसमेतबाट यी प्रतिवादीको टोकाइबाट नै उक्त घाउ डाम परेको भन्न मिल्ने नदेखिने ।

जबरजस्ती करणी उद्योग हुनका लागि करणी गर्नेसम्मको काम गरे पनि कुनै बेहोराले करणी हुन नपाएको हुनु पर्नेमा पीडितको जाहेरी र बकपत्रसमेतको भनाइबाट नै त्यस्तो देखिन नआएको, घटनाक्रम हेर्दा रातको समयमा अचानक भएको घटनाले अर्काको घरमा पसेको आक्रोशमा उजुर गरेको अवस्था देखिएको छ । प्रतिवादी करणी गर्ने उद्देश्य वा मनसायले प्रायोजित ढङ्गले पीडितका घरमा प्रवेश गरेको भन्ने स्थापित हुन सकेको छैन । प्रतिवादीका साक्षीले रातको समयमा बास माग्न जाहेरवालाको घरमा जाँदा जाहेरवालासमेतका व्यक्तिहरूले यी ७० वर्षका वृद्ध प्रतिवादीलाई उल्टै कुटपिट गरेकोमा यी निर्दोष प्रतिवादीले निजहरूउपर कुटपिटमा उजुरी गर्छु भनेकोले जाहेरवालाले जबरजस्ती करणी उद्योगमा झुट्ठा जाहेरी दिएकी हुन् भनी प्रतिवादीको इन्कारी बयानलाई पुष्टि हुने गरी बकपत्र गरिदिएको छ। वारदात मितिसमेतको सन्दर्भमा एकआपसमा मेल नखाई खण्डित बेहोरा लेखिएको मिसिल संलग्न किटानी जाहेरी दरखास्त, प्रहरी प्रतिवेदन, मौकामा भएको घटनास्थल मुचुल्का र जाहेरवालाको बकपत्रसमेतका यथेष्ठ प्रमाणबाट यी प्रतिवादी धम्मरे भन्ने यामनारायण श्रेष्ठ विरूद्धको अभियोग दाबी पुष्टि हुन सकेको नदेखिने।

प्रतिवादी धम्मरे भन्ने यामनारायण श्रेष्ठउपरको वादीको अभियोग दाबी शंकारहित तवरले पुष्टि हुन सकेको नदेखिँदा रातको समयमा प्रतिवादी जाहेरवालाको घरमा गएको कारणले मात्र शंकाको आधारमा मात्र जबरजस्ती करणी जस्तो गम्भीर अपराधमा निज प्रतिवादीलाई कसुरदार ठहऱ्याउन फौजदारी न्यायको सिद्धान्तको आधारमा समेत मिल्ने देखिएन । तसर्थ यी प्रतिवादीलाई सफाइ दिएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत पोखराबाट मिति २०७०।५।२ को फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिँदा सो फैसला बदर गरी यी प्रतिवादी धम्मरे भन्ने यामनारायण श्रेष्ठलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अत: माथि विवेचित आधार र कारणबाट प्रतिवादी धम्मरे भन्ने यामनारायण श्रेष्ठले मुलुकी ऐन, जबरजस्ती करणीको ५ नं. बमोजिमको आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत पोखराको मिति २०७०।५।२ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : शिवप्रसाद पराजुली

कम्प्युटर : उत्तरमान राई

इति संवत् २०७४ साल मंसिर ६ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६८-WO-१०८२, उत्प्रेषण / परमादेश, *तवरेज अंसारी वि. नेपाल प्रहरी प्रधान कार्यालय, नक्सालसमेत*

आरक्षण वा विशेष व्यवस्थाको तात्पर्य योग्यता क्षमता र प्रतिष्पर्धात्मक परीक्षालाई नै बाहेक गरी अवसर प्रदान गर्ने भन्ने नभई लक्षित वर्ग वा समुदायका उम्मेदवारहरूबिच योग्यता र क्षमताको

अधीनमा रही अलग प्रतिष्पर्धा गराई उक्त समुदाय वा वर्गभित्रबाट प्रतिष्पर्धात्मक परीक्षामा उत्तीर्ण हुने उम्मेदवारको प्रवेशलाई सुनिश्चितता दिनु रहेकोले परीक्षामा न्यूनतम उत्तीर्णाङ्कसमेत प्राप्त गरेका उम्मेदवारहरूलाई समेत छनौट गर्नुपर्ने भनी लिएको माग दाबी कानूनसम्मत तथा औचित्यपूर्ण देखिँदैन । यस अवस्थामा समानुपातिक समावेशी सिद्धान्तको विपरीत मुस्लिम जातिलाई अपहेलित गरी राज्यको मूलधार प्रवाह र रोजगारीबाट समेत वञ्चित गरेको भनी मान्न मिल्ने नदेखिने।

नेपाल जातीय भाषिक एवं धार्मिक रूपमा विविधतायुक्त सामाजिक संरचना भएको बहुजातीय, बहुधार्मिक, बहुसाँस्कृतिक एवम् बहुभाषिक मुलुक भएको हुँदा राज्यको सबै सार्वजनिक सेवाहरूमा सबै समुदायहरूको उचित प्रतिनिधित्व गराई सार्वजनिक सेवाहरूलाई समावेशी बनाउनु लोकतान्त्रिक सरकारको कर्तव्य हो भन्ने कुरामा दुईमत छैन । यस कर्तव्य पूरा गर्नका लागि प्रहरी सेवालगायतका सार्वजनिक सेवाहरूसँग सम्बन्धित कानूनमा विभिन्न समूह बनाई आरक्षणको व्यवस्था गरेको र प्रहरी नियमावली, २०४९ को नियम ११ ले समेत खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये ४५ प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी सोको २८ प्रतिशत पदमा मुस्लिम समुदायलगायत मधेसी समुदायका उम्मेदवारहरूबिच मात्र प्रतिष्पर्धा गराउने व्यवस्था गरेको देखिन्छ। यस व्यवस्थाबाट समेत मुस्लिम समुदायको प्रतिनिधित्व हुन नसकेको अवस्थामा उक्त समुदायका उम्मेदवारको प्रतिष्पर्धात्मक क्षमता अभिवृद्धि गराई लक्षित वर्ग वा समुदायको प्रतिनिधित्व सुनिश्चित गराउन तथा सार्वजनिक सेवालाई थप समावेशी बनाउने प्रयोजनका लागि सरकार आफैँले आवश्यकताअनुसार कानून निर्माणका लागि आवश्यक पहल गर्ने तथा नीतिगत निर्णय गर्न सक्ने नै देखिएको र त्यसतर्फ ठोस पहल भइरहेको भन्ने लिखित जवाफबाट देखिएको अवस्था हुदा त्यसतर्फ समेत निवेदकको मागबमोजिम आदेश जारी गरिरहन पर्ने अवस्था नदेखिने।

अतः माथि विवेचित तथ्य आधार र कारणबाट प्रस्तुत रिट निवेदक तरवेज अन्सारी लोक सेवा आयोगले लिएको लिखित परीक्षामा सहभागी भई अनुत्तीर्ण भएको कारण प्रहरी प्रधान कार्यालय, नक्सालको मिति २०६९।१।१७ मा प्रकाशित सफल उम्मेदवारहरूको सूचीमा रिट निवेदकको नाम नपरेको देखिँदा निवेदकको मागबमोजिम रिट जारी गर्नु पर्ने अवस्थाको विद्यमानता नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : भगवती शर्मा ढुङ्गाना

कम्प्युटर : उत्तरमान राई

इति संवत् २०७५ साल भाद्र ६ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री पुरुषोत्तम भण्डारी,** ०६८-WO-००६४, उत्प्रेषण, *घनश्याम महर वि. जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरसमेत*

निवेदक मिति २०६७।१२।२६ गते मोबाइल ड्युटीमा खटिएको अवस्थामा साथमा गोली गट्ठासहित उर्दीको पोसाकमा अञ्चल प्रहरी कार्यालय महाकालीको मूल गेटनजिक अचेत भई पल्टेको अवस्थामा फेला परेको तथ्यमा विवाद देखिँदैन । निवेदकलाई स्पष्टीकरण सोधेको मिसिल संलग्न जिल्ला प्रहरी कार्यालयको मिति २०६८।०१।१२ को पत्र हेर्दा निवेदकलाई कुन कानूनअन्तर्गत के कस्तो आरोप लगाइएको हो स्पष्टरूपले किटान गरी हुनसक्ने विभागीय कारबाही सजायसमेत खुलाई प्रहरी नियमावली, २०४९ को नियम ९३ को उपनियम (२) को खण्ड (ख) ले तोकेको अधिकारी सम्बन्धित

प्रहरी उपरीक्षकबाट नै दोस्रो पटक स्पष्टीकरण माग गरी निवेदकलाई आफ्नो सफाइ पेस गर्ने मौका दिएको देखिँदा निवेदकले जिकिर गरेजस्तो अधिकारविहीन अधिकारीबाट स्पष्टीकरण माग गरेको भन्न मिल्ने अवस्था नदेखिने।

नागरिकको जिउ ज्यानको सुरक्षा तथा समाजको शान्ति सुरक्षामा खटिनु पर्ने प्रहरी सेवा जस्तो संवेदनशील क्षेत्रमा कार्यरत प्रहरी कर्मचारीले आफ्नो पेसासँग सम्बन्धित अनुशासन र आचरणको पालना नगरी ड्युटीमा खटिएको अवस्थामा कोही कसैलाई कुनै किसिमको जानकारीसमेत नदिई आफूखुसी हातहतियार गोली गट्ठासहित मादक पदार्थ सेवन गरी अचेत भई पल्टने प्रहरी कर्मचारीहरूबाट मुलुकको शान्ति सुरक्षा कायम राख्ने दायित्व पूरा हुन नसक्ने कुरामा समेत दुईमत नहुने।

अतः माथि विवेचित आधार र कारणसमेतबाट रिट निवेदक ड्युटी पालोमा रहेको अवस्थामा उर्दीको पोसाक लगाई गोली गट्ठासहित मादक पदार्थ सेवन गरी बेहोस भई पल्टी प्रहरी आचरण अनुशासन तथा मर्यादाको उल्लङ्घन गरेको भनी प्रहरी नियमावली, २०४९ बमोजिम अधिकारप्राप्त अधिकारीले आवश्यक कानूनी प्रक्रिया अवलम्बन गरी रिट निवेदकलाई नोकरीबाट हटाउने गरी भएको जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरको मिति २०६८।०१।०५ को निर्णय तथा सो निर्णयलाई सदर गर्ने गरी सुदूरपश्चिम क्षेत्रीय प्रहरी कार्यालय, दिपायलबाट भएको मिति २०६८।०३।०१ को निर्णयमा समेत कुनै त्रूटि नदेखिएको कानूनबमोजिम भएको काम कारबाहीबाट यी रिट निवेदकको कुनै संवैधानिक एवम् कानूनी हकमा आघात पुगेको भन्न मिलेन। तसर्थ रिट निवेदकको मागबमोजिमको कुनै आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान रहेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : भगवती शर्मा ढुङ्गाना

इति संवत् २०७४५ साल भाद्र ६ गते रोज ४ शुभम्।

५

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-CR-०७३०, गौवध, *टिकाराम कामीसमेत वि. नेपाल सरकार*

जाहेरवाला भीमबहादुर दमाईले आफ्नो गोठमा बाँधेको अं. डेढ वर्षको कालो रंगको गाईको बाच्छीलाई जिल्ला सुर्खेत मेहेलकुना गा.वि.स. वडा नं. ६ नक्कले गाउँदेखि २ कि.मि. टाढा नक्कले दमारको भीरमा लगी मारी काटी मासु पकाई खाएको भनी यी पुनरावेदक प्रतिवादीहरूसमेत उपर किटानी जाहेरी दिए पनि निजले अदालतसमक्ष बकपत्र गर्दा आफ्नो घरको गाईको बाच्छी भीरबाट लडी मरेकोमा प्रतिवादीहरूले काटी मारी खाएका हुन् भनी झुट्टा जाहेरी दिएको हुँ भन्नेसमेत बेहोरा लेखाई दिएकोबाट जाहेरवालाको मौकाको जाहेरी अभियोग पुष्टि गर्ने विवादरहित प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने नदेखिने।

बाबु र आमा घरमा नभएको र म र मेरो भाइ अनिल परियार घरमा भएको अवस्थामा वारदात मिति २०७२।१।२० गते साँझ ६:३० बजेको समयमा प्रतिवादीहरू तुल्सीराम कामी, टिकाराम कामी मेरो घरमा आई हाम्रो गोठको भित्र बाँधेको अन्दाजी डेढ वर्षको गाईको बाच्छी फुकाई यो बाच्छी दान गर्न लैजाने हो भनी झुक्याई लगेकोमा निजहरूले नक्कले दमारको भीरमा पुऱ्याई सोही भीरबाट उक्त गाईको बाच्छीलाई खसाली मारी काटकुट गरी सोही ठाउँमा पछि मोहवीर कामी र लोकबहादुर कामीसमेत पुगी निजहरूकै सरसल्लाहमा रक्सीसँग उक्त गाईको बाच्छीको मासु खाएका रहेछन्। सो कुरा मैले राति बुबा घरमा

आएपछि घटनाबारे थाहा पाएकी थिएँ भनी कागज गर्ने जाहेरवालाकी ११ वर्षकी छोरी बसन्ती दमाईले पुनरावेदन अदालत सुर्खेतमा बकपत्र गर्दा तुल्सीराम कामीसमेतका प्रतिवादीहरूले गोठमा बाँधेर राखेको गाईको बाच्छी मारेर खाएका होइनन्, गाईको बाच्छीको मृत्यु कसरी भयो मलाई थाहा भएन, वारदातको मिति र समयमा म मामाघरमा थिएँ। हाम्रो गाईको बाच्छीको रङ कालो थियो, फोटोमा देखाएको बाच्छीको रङ रातो भएकोले हाम्रो बाच्छी होइन भनी लेखाई दिएको हुँदा निज बसन्ती दमाईको मौकाको घटना विवरण कागजको बेहोरा निजको बकपत्रबाट समर्थित हुन नआएबाट उक्त कागजलाई समेत कसुर प्रमाणित गर्ने यकिन प्रमाणको रूपमा लिन सकिने स्थिति नरहने।

मिति २०७२।१।२० गते बेलुकी टिकाराम कामी र लोकबहादुर कामीले नक्कले भीरको खोलातर्फ घुमफिर गर्न जाउँ भनेकोले निजहरूकै साथमा जिल्ला सुर्खेत, मेहेलकुना गा.वि.स. वडा नं. ६ स्थित नक्कले भीरको खोलामा पुग्दा उक्त स्थानमा गाईको बाच्छी चोटपटक लागी मृत अवस्थामा थियो र सोही स्थानमा मोहबीर कामी, तुल्सीराम कामी, लोकबहादुर कामी र टीकाराम कामीले उक्त मृत गाईको बाच्छीलाई काटकुट गरी सोही स्थान नजिक आगो बाली मासु पोलेर मादक पदार्थ रक्सीसमेत सेवन गरेका थिए, मैले मासु र रक्सी खाइन भनी यी पुनरावेदकहरूसमेतलाई पोल गरी अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्ने प्रतिवादी दीपक वि.क.ले अदालतसमक्ष बयान गर्दा आफू वारदात मितिमा उपचारको लागि भारतमा रहेको र गाईको बाच्छी मरेको वा अन्य प्रतिवादीहरूले काटी खाएका हुन् आफूले नदेखेको भनी बयान गरेको देखिन्छ। निजको मौकाकै बयानमा पनि गाईको बाच्छी चोट लागी मरेको अवस्थामा थियो भन्ने उल्लेख गरेको देखिएबाट उक्त गाईको बाच्छी मरेको वा मारेको भन्ने यकिन हुन नसकेको हुँदा निजको बयानलाई पुनरावेदक प्रतिवादीहरूउपरको अभियोग पुष्टि गर्ने भरपर्दो आधार मान्न मिल्ने नदेखिने।

गाईको बाच्छीको शव परीक्षण गरी राय दिने पशु चिकित्सक चित्रबहादुर चन्दले बाच्छीलाई धारिलो हतियारले काटेर मारेको भनी राय दिएकोमा लास परीक्षण प्रतिवेदन, बाच्छीको लास जाँच मुचुल्का, जाहेरवालाको जाहेरी दरखास्त, जाहेरवालाकी छोरी बसन्ती दमाईको अदालतमा भएको बकपत्रसमेतबाट निजको बाच्छीको रङ कालो भन्ने देखिएको छ भने मिसिल संलग्न बाच्छीको टाउको र खुट्टाहरूको फोटोबाट बाच्छीको रङ रातो देखिएकोबाट वारदातस्थलमा काटिएको अवस्थामा फेला परेको भनिएको गाईको बाच्छी जाहेरवालाको बाच्छी रहेछ भनी यकिनरूपमा मान्न मिल्ने देखिएन। साथै पशु चिकित्सकको रायको आधारमा अभियोग पुष्टि भएको मान्न सकिने स्थिति नदेखिएको र प्रतिवादी दीपक वि.क.को मौकाको बयान, जाहेरवालाको जाहेरी बेहोरा, मौकामा बुझिएकी जाहेरवालाकी छोरी बसन्ती दमाईको मौकाको कागज बेहोरा मिसिल संलग्न प्रत्यक्ष प्रमाणबाट अन्यथा देखिन आएकोले मिसिल संलग्न उक्त प्रत्यक्ष प्रमाण एवं जाहेरीलगायतका कथनहरू पुनरावेदक प्रतिवादीहरूउपरको कसुर पुष्टि हुने प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने नदेखिने।

जाहेरवालाको जाहेरी, घटना विवरण कागज गर्ने प्रत्यक्षदर्शी भनिएकी जाहेरवालाकी नाबालक छोरी बसन्ती दमाईको मौकाको कागज बेहोरा मिसिल संलग्न अन्य प्रमाणबाट समर्थित नभएको र जाहेरीमा उल्लिखित गाईको बाच्छी र वारदातस्थलमा काटिएको भेटिएको भनिएको गाईको रङ नै फरक पाइएकोबाट अभियोजन पक्षले पुनरावेदक प्रतिवादीहरूसमेत उपरको अभियोग दाबी शंकारहित ठोस प्रमाणबाट पुष्टि

गर्न सकेको पाइएन। अभियोजन पक्षले अभियोग दाबी लिनु मात्र पर्याप्त हुँदैन, आफूले लिएको अभियोग दाबी स्वतन्त्र तथा वस्तुनिष्ठ प्रमाणबाट शंकारहित तवरले पुष्टि गर्न पनि सक्नु पर्दछ। जहाँ मिसिल संलग्न प्रमाण कागजहरू एक अर्कोबाट समर्थित नभई विवादास्पद तथा शंकास्पद हुन पुग्दछन् त्यस्तो अवस्थामा शंकाको सुविधा अभियुक्तले पाउने हुँदा केवल शंका र अनुमानका भरमा यी पुनरावेदक प्रतिवादीहरूलाई दोषी करार गर्नु फौजदारी न्यायको सिद्धान्तविपरीत हुन जाने हुन्छ। यसबाट यी पुनरावेदक प्रतिवादीहरू तुल्सीराम कामी र टिकाराम कामीलाई अभियोग मागदाबीबमोजिमको कसुरदार ठहऱ्याई निजहरूलाई जनही १२ वर्ष कैद सजाय गर्ने गरी सुरू सुर्खेत जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत सुर्खेतबाट मिति २०७३।५।१२ मा भएको फैसला मिलेको देखिन नआउने।

तसर्थ माथि विवेचित तथ्य आधार र कारणसमेतबाट यी पुनरावेदक प्रतिवादीहरू टिकाराम कामी र तुल्सीराम कामीलाई मुलुकी ऐन, चौपायाको महलको १ नं. विपरीत कसुरमा ऐ. को ११ नं. बमोजिम १२ (बाह्र ) वर्ष कैद सजाय हुने गरी सुर्खेत जिल्ला अदालतबाट मिति २०७२।११।०३ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत सुर्खेतबाट मिति २०७३।५।१२ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई निज पुनरावेदक प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृत:- भगवती शर्मा ढुङ्गाना

इति संवत् २०७५ साल भाद्र ४ गते रोज २ शुभम्।

६

**मा.न्या.श्री मीरा खडका र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०६८-CI-०१९५, अबन्डा जग्गा बन्डा गरिपाउँ, *विश्वनाथ ठाकुर वि. भोला ठाकुरसमेत*

प्रस्तुत मुद्दामा वादी प्रतिवादीहरू दाजुभाई भएको भन्ने तथ्यमा मुख मिलेको देखिँदा सोतर्फ विवेचना गरिरहन परेन। यी वादी, प्रतिवादी र निजहरूको आमासमेतले पति पिता नन्दा ठाकुर सोनारउपर अंश मुद्दा दायर गरेको र उक्त अंश मुद्दा ०३९।०१।१३ मा मिलापत्र भएको पाइन्छ। उक्त मिलापत्रको बेहोरामा यो विवादित जग्गाको उल्लेख भएको देखिँदैन। बन्डा गर्नु पर्ने उक्त विवादित जग्गा बन्डापत्रमा उल्लेख नभए तापनि यी वादी प्रतिवादीका पिता स्व. नन्दा ठाकुरको भोग चलनमा साबिकदेखि रही आएको र निजको मृत्युपश्चात् निजकै छोराहरू विश्वनाथ ठाकुर, प्रवोधि ठाकुर र भोला ठाकुरको भोग चलनमा रहेको भन्ने मिसिल संलग्न मिति २०६३।१२।०३ को सर्जमिन मुचुल्काबाट देखिन आएको छ। यसर्थ उक्त विवादित जग्गा निजहरूकै पिताको पालाको र सगोलको सम्पत्ति भनी मान्नु पर्ने हुन आयो। साथै सगोलको सम्पत्ति अंशियारमध्ये कुनै एकले भोग गरे तापनि अन्य अंशियारको समेत समान हक हुने नै देखिने।

प्रस्तुत मुद्दामा विवादित भनिएको स्ववासी जग्गा २०२६ सालअगावैदेखि नै भोगमा रहेको भन्ने कुरा मिसिल संलग्न कागजातहरूबाट देखिन आउँछ। यी वादी प्रतिवादीहरूका बिच मिति २०३९।०१।१३ मा भएको मिलापत्रमा विवादित घर जग्गाको बारेमा उल्लेख नभएको भए तापनि साबिकमा उक्त सम्पत्ति यी वादी प्रतिवादीका बाबुको नाममा रही हाल दाजुभाइको भोग चलनमा रहेको भन्ने कुरा धनुषा जिल्ला अदालतबाट भएको मिति २०६३।१२।३ गतेको सर्जमिन मुचुल्काबाट खुल्न आउने।

उक्त विवादित सम्पत्तिमा पहिलेदेखि बाबुको हकाधिकार भएकोमा गा.वि.स.ले सिफारिस गर्दाको अवस्थामा कुनै एक अंशियारले उपयोग गरिरहेको हुन सक्छ। गा.वि.स. ले तत्काल जसले भोग गरेको

छ त्यसलाई सम्म प्रमाणित / सिफारिस गर्ने हो । यस्तो अवस्थामा अर्को मुद्दामा गा.वि.स.को सिफारिस जालसाजी नठहरेको आधारमा व्यक्तिको सम्पत्ति माथिको अंश हक समाप्त हुन्छ भन्नु न्यायसङ्गत देखिन आउँदैन । गा.वि.स. ले सिफारिस गरेको भन्नेसम्म आधारबाट व्यक्तिको कानूनबमोजिमको अंश हक हरण हुने भनी मान्न नमिल्ने हुँदा दोहोऱ्याई पाउँको अनुमति प्रदान गर्दा लिएको आधारसँग समेत सहमत हुन नसकिने।

प्रतिवादीले उक्त जग्गा आफ्नो एकलौटी हक भोगको निजी जग्गा हो भनी जिकिर लिए तापनि उक्त जग्गा प्राप्तिको स्रोत तथा मिति ०३९।०१।१३ पछि आर्जन गरेको भनी पुष्टि हुने प्रमाणसमेत पेस गर्न सकेको देखिएन । उक्त विवादित जग्गा २०२६ सालमा स्ववासी गाउँ ब्लकमा नापी भएको भन्ने कुरा स्वयं प्रतिवादीसमेतले स्वीकारेको तथा मिलापत्र अगावै २०२५ सालमा स्ववासी घर जग्गा भएबाट नै सो जग्गा पैतृक भन्ने देखिएको र पैतृक सम्पत्तिमा अंशीयारहरूबिच बराबर अंश हक लाग्ने भन्ने कानूनी व्यवस्था रहेको देखिँदा विवादित जग्गा बन्डा लाग्ने गरी धनुषा जिल्ला अदालतले गरेको फैसलालाई सदर हुने गरी पुनरावेदन अदालत जनकपुरले गरेको फैसला मिलेकै देखिँदा परिवर्तन गरिरहन नपर्ने।

अत: अबन्डा रहेको उक्त जग्गाबाट वादीहरूले ३ भागको १/१ भाग छुट्याई पाउने ठहर गरेको सुरू धनुषा जिल्ला अदालतको मिति २०६४।०३।२४ को फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत जनकपुरको मिति २०६६।१०।१० को फैसला सदर हुने।

इजलास अधिकृतः- उषा श्रेष्ठ

इति संवत् २०७६ साल असार ११ गते रोज ४ शुभम्।

- यसै लगाउको ०६८-CI-०१९६, अबन्डा जग्गा बन्डा गरिपाउँ, *विश्वनाथ ठाकुर वि. भोला ठाकुरसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

७

**मा.न्या.श्री मीरा खडका र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७१-CI-१०४३, घर उठाई जग्गा किचोला मेटाई पाउँ, फडिन्द्र खड्का वि. पद्मराज भट्टराई

वादीको नाम दर्ताको कि.नं.४५७ को जग्गाको क्षेत्रफल स्रेस्ताअनुसार ०-४-२$^{१}/_{४}$, रहेको देखिन्छ। सुरू मिसिल संलग्न मिति २०६९।१२।२९ को नक्सा मुचुल्का अध्ययन गर्दा न.नं.१०, २० र ३२ वादीको कि.नं.४५७ को जग्गा भन्ने उल्लेख भएको देखियो। उक्त न.नं.१० मा ०-०-७$^{३}/_{४}$, न.नं.२० मा ०-०-११$^{३}/_{४}$ र न.नं.३२ मा ०-२-१५$^{३}/_{४}$ गरी जम्मा ०-३-१५$^{१}/_{४}$, क्षेत्रफल जग्गा रहेको देखियो। त्यसैगरी न.नं.१८ र १९ मा झगडा भन्ने उल्लेख भई न.नं. १८ मा ०-०-४ क्षेत्रफल जग्गा रही सो जग्गामा उत्तर दक्षिण १४ फिट, पूर्व पश्चिम १० फिट भएको पक्की घर भई वालाकुमारीको भोगमा रहेको भन्ने देखियो। न.नं.१९ मा ०-०-३$^{३}/_{४}$ क्षेत्रफल जग्गा रही सो मा ५० फिट लम्बाई, १० इन्च चौडाईको पर्खाल रहेको र सो जग्गामा यी पुनरावेदक गोपाल भन्ने फडिन्द्र खड्काको भोग रहेको भन्ने उल्लेख भएको पाइयो। विवादित जनिएका न.नं.१८ र १९ को गरी जम्मा क्षेत्रफल ०-०-७$^{१}/_{४}$ रहेको देखियो। कि नं. ४५५ मा नं.नं.२४ , २५ र २६ जनिई सोको जम्मा क्षेत्रफल ०-०-१९ रहेकोमा सोमध्ये न.नं.२४ र २५ यी पुनरावेदक गोपाल भन्ने फडिन्द्र खड्काले र न.नं. २६ वालाकुमारी दाहालले भोग गरेको भन्ने देखियो। यसरी न. नं. १०, २० र ३२ का क्षेत्रफल ०-३-१५$^{१}/_{४}$ र विवादित भनी जनिएका न.नं. १८ र १९ को क्षेत्रफल ०-०-७$^{१}/_{२}$ जोड्दा जम्मा

क्षेत्रफल ०-४-२$^{१}/_{४}$ हुन आउने र जुन क्षेत्रफल वादीको कि. नं. ४५७ को स्रेस्ताबमोजिमको क्षेत्रफलसँग मिल्न आएको पाइयो । साथै यी पुनरावेदकले न.नं.१९ को जग्गा कि.नं ४५५ भित्रको जग्गा हो भन्नसकेको समेत नदेखिने ।

त्यसैगरी ट्रायल चेकबाट दाबीको कि.नं. ४५७ को क्षेत्रफल ०-३-१५ देखिएको र उक्त क्षेत्रफल न.नं.१८ र १९ को जग्गाबाहेक पनि न.नं.११,२०,३२, को जग्गाबाट नै पुगेको अवस्था छ भनी लिएको पुनरावेदन जिकिरतर्फ विचार गर्दा नापी कार्यालय सुनसरीको च.नं. १५१ मिति २०६९।४।३२ को ट्रायल चेकसम्बन्धी पत्रमा वादीको कि.नं. ४५७ को नापमा पूर्व २७० फिट, पश्चिम २३६ फिट, उत्तर ८२ फिट र दक्षिणमा ५४ फिट उल्लेख गरेको देखियो । सो नापअनुसारको क्षेत्रफल ०-४-१४$^{३}/_{४}$, हुन आउने देखिन्छ । तर उक्त पत्रमा कि.नं. ४५७ को जम्मा क्षेत्रफल ०-३-१५ भनी गलत उल्लेख गरेको अवस्था हुँदा यी पुनरावेदकको उपर्युक्त पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

त्यसैगरी पुनरावेदकले प्रतिउत्तरपत्र तथा यस अदालतमा गरेको पुनरावेदनपत्रमा समेत वादी दाबीको जग्गा टेङ्ग्रा खोला पसी भोग गर्न लायक छैन र वादीको भोगसमेत छैन, आफ्नो जग्गाको पश्चिमतर्फ सोही खोलो बगेको र त्यसको कटानले आफ्नो घर, बसोवास घर जग्गासमेत हानी यसरी नोक्सान हुने भएबाट खोला नियन्त्रण गरी घर जग्गा बचाउको लागि तटबन्धको हिसाबले वादीको जग्गामा पर्खाल लगाएको कुरालाई स्वीकार नै गरेको देखिन्छ । नक्सा मुचुल्काको न.नं.१८ र १९ को विवादित जग्गासमेत वादीको कि.नं. ४५७ सँग सिमाना जोडिएको, न.नं.१८ र १९ को क्षेत्रफलसमेत जोड्दा मात्र वादीको कि.नं.४५७ को स्रेस्ताबमोजिमको क्षेत्रफल पुग्ने एवं यी पुनरावेदकले विवादित न.नं. १९ आफ्नो भोगको कि.नं. ४५५ भित्रको जग्गा हो भन्न नसकेको अवस्थामा उक्त विवादित न.नं. १९ वादीको कि.नं. ४५७ भित्रकै जग्गा देखिन आयो । यसरी यी पुनरावेदकले आफ्नो घर जग्गामा आउन सक्ने खोलो बाढीलाई रोक्नको लागि अर्काको जग्गा खिचोला कब्जा गर्ने कुरालाई न्यायोचित भन्न मिल्ने नदेखिँदा निजको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । यसरी नक्सा मुचुल्काको न.नं.१९ वादीको कि.नं. ४५७ भित्र पर्ने देखिँदा उक्त जग्गामा यी पुनरावेदकले पर्खाल निर्माण गरी खिचोला गरेको देखिँदा पुनरावेदन अदालत विराटनगरबाट भएको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने ।

अतः विवेचित तथ्य आधार र कारणसमेतबाट वादी दाबी नपुग्ने गरी सुनसरी जिल्ला अदालतबाट मिति २०७०।३।१७ मा भएको फैसला उल्टी भई न.नं. १९ को जग्गा प्रतिवादीले खिचोला गरी पर्खालसमेत बनाएकोले उक्त पर्खाल भत्काई खिचोला मेटाई चलनसमेत चलाई पाउनेसमेत ठहर्‍याई पुनरावेदन अदालत विराटनगरबाट मिति २०७१।४।२८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : भगवती शर्मा ढुंगाना

इति संवत् २०७६ साल मंसिर १३ गते रोज ६ शुभम् ।

- यसै लगाउको ०७१-CI-१०४४, अबन्डा जग्गा बन्डा गरिपाउँ, *बालाकुमारी दाहाल वि. पद्मराज भट्टराई* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. ५

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या. डा.श्री आनन्दमोहन भट्टराई,** ०७३-WO-००४४, उत्प्रेषण

/ परमादेश, *मंगला मानन्धर वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगरसमेत*

प्रस्तुत मुद्दामा लोक आयोगले उजुरीकर्ता र बढुवा समितिमा नाम समावेश भएका व्यक्तिहरूको मात्र पुनर्मूल्याङ्कन गरेको देखिन्छ । यसैगरी स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ७७(१) ले बढुवा समितिको निर्णयमा चित्त नबुझ्ने पक्षले उजुरी गर्नुपर्ने व्यवस्था गरेको पाइन्छ । उजुरी गलत ठहरेमा पहिलो पटक भए २ अङ्क र दोस्रो पटक भएमा ३ अङ्क काटिने व्यवस्था गरेको देखिन्छ । यसरी उजुरी गर्नुपर्ने तथा बढुवा पाउनु पर्ने स्पष्ट आधारसहित जानु पर्ने व्यवस्थासमेत देखिन्छ । उजुरी नगर्नेलाई समावेश गर्नुपर्ने स्पष्ट कानूनी व्यवस्थाको अभाव देखिने ।

रिट निवेदक मंगला मानन्धर (कर्मचारी संकेत नं. १५०६४७) बढुवा समितिको मिति २०७४/०२/२७ मा सिफारिस तथा नेपाल सरकार (सचिवस्तर) को मिति २०७४/०४/०२ को निर्णयानुसार मिति २०७४/०४/०२ गतेदेखि ज्येष्ठता कायम हुने गरी नेपाल स्वास्थ्य सेवा, हेल्थ इन्पेक्सन समूह, जनस्वास्थ्य प्रशासक पद, नवौं तहमा बढुवा नियुक्ति पाई नेपाल सरकार (सचिवस्तर) को मिति २०७४/०४/०३ को निर्णयानुसार पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, पोखरामा पदस्थापनसमेत भइसकेको देखिएकोले प्रस्तुत रिट निवेदनको औचित्य समाप्त भएको हुँदा निवेदकको मागबमोजिमको आदेश जारी गरी रहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल चैत्र २८ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-CR-१५३९, जबरजस्ती करणी, *नेपाल सरकार वि. शेरबहादुर कार्की*

बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम १५ को उमेरसम्बन्धी ४ विकल्प अर्थात् अस्पतालबाट जारी जन्ममिति, सो नभएमा पञ्जिकाधिकारीबाट जारी जन्मदर्ता प्रमाणपत्र, सो नभएमा विद्यालयको चारित्रिक प्रमाणपत्र वा विद्यालयमा भर्ना हुँदा उल्लेख भएको जन्ममिति र सो पनि नभएमा सरकारी अस्पतालबाट प्रमाणित उमेरलाई नै आधार लिनुपर्ने हुन्छ भविष्यमा यसो पर्ला भनी कल्पना गर्न नसकिने अवस्थामा लेखाइएको जन्ममिति प्रमाणहरूको वर्गमा उमेर निर्धारण गर्ने सर्वोत्तम प्रमाण मान्नु पर्ने हुन्छ । बाल न्याय (कार्यविधि) ले तोकेअनुसारको पीडितको उमेर खुल्ने विवादरहित लिखत आउन नसकी मुद्दा दायर भएपछि बनेको प्रमाणपत्र आएको देखिन्छ । जाहेरी दर्खास्त परिसकेपछि मात्र जन्मदर्ता भएको प्रमाणपत्र लिई पेस भएको उक्त प्रमाणलाई निर्विवाद र निर्णायक प्रमाणको रूपमा ग्रहण गर्न सकिने नदेखिने ।

उपर्युक्त उल्लेख भएअनुसार निर्णय र प्रमाणमा ग्रहण गर्न मिल्ने नदेखिएपश्चात् अन्य प्रमाणहरूको विवेचना गर्नु उपयुक्त देखियो । पुनरावेदन अदालत इलामबाट भएको आदेशबमोजिम इलाम जिल्ला अस्पतालबाट भएको पीडितको उमेर परीक्षण प्रतिवेदनमा एक्सरे गरी हेर्दा निजको उमेर १५ वर्षदेखि १७ वर्षको बिचमा रहेको भनी राय उल्लेख भएको देखिन्छ । इलाम जिल्ला अस्पतालको रायलाई पीडित र जाहेरवाला निजको मामाले अदालतमा बकपत्र गर्दा १७ वर्ष भनी लेखाएको बेहोराले निजको उमेर १७ वर्ष भन्ने अस्पतालको माथिल्लो हदलाई समर्थन गरेको पाइयो । निर्विवाद प्रमाणबाट खण्डित भएको अवस्थामा बाहेक जसको उमेरको बारेमा विवाद भएको छ । निजको अदालतको भनाइलाई प्रमाणमा ग्रहण गर्नु

नै न्यायोचित हुने हुँदा पीडितको उमेर १७ वर्षको नै रहेको मान्नु पर्ने देखिन आउने।

यसप्रकार जाहेरवालाको बकपत्र, पीडितको अदालतमा भएको बकपत्र र मिसिल संलग्न पीडितको शारीरिक परीक्षणलगायतका प्रमाणबाट जबरजस्ती करणी भएको स्थापित हुन नसकी प्रतिवादीको अदालतमा भएको बयानअनुरूप सहमतिमा नै करणी भएको र पीडितको उमेर १७ वर्ष भएको भन्ने प्रमाणद्वारा पुष्टि भएको अवस्थामा अभियोग दाबी पुष्टि हुन नसकेबाट प्रतिवादी पुनरावेदक शेरबहादुर कार्कीले पीडितलाई जबरजस्ती करणी गरेकोले निजलाई ६ वर्ष कैद र निजबाट पीडितले रू.३०,०००।– (तीस हजार रूपैयाँ) क्षतिपूर्ति भरी पाउने ठहराएको सुरू झापा जिल्ला अदालतबाट मिति २०६८/०१/२५ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई पुनरावेदक प्रतिवादी शेरबहादुर कार्कीले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई पुनरावेदन अदालत इलामबाट मिति २०७०/१०/७ मा भएको फैसला मनासिब नै देखिने।

अतः विवेचित आधार, कारण र प्रमाणहरूसमेतबाट प्रतिवादी शेरबहादुर कार्कीले पीडितलाई जबरजस्ती करणीको कसुर गरेको पुष्टि हुन आएको नदेखिँदा, निज प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेकोले निजलाई ६ वर्ष कैद र निजबाट पीडितले रू.३०,०००।– (तीस हजार रूपैयाँ) क्षतिपूर्ति भरी पाउने ठहरी झापा जिल्ला अदालतबाट मिति २०६८/०१/२५ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादी शेरबहादुर कार्कीले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई पुनरावेदन अदालत इलामबाट मिति २०७०/१०/७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

इति संवत् २०७४ साल माघ ८ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७५-WO-०३२३, उत्प्रेषण, *भक्त सिंह राजपुत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

एकीकृत सहरी विकास आयोजनामार्फत धरान उपमहानगरपालिकामा खानेपानी पाइप लाइन निर्माण सुधार विस्तार नयाँ डिप ट्युवबेललगायतका संरचना निर्माण एवं सामुदायिक विकासका कार्यक्रमहरू सञ्चालन भएको कुरा लिखित जवाफमा उल्लेख गरेको देखिन्छ। उल्लिखित खानेपानीसँग सम्बन्धित विकास निर्माणका कार्यहरूबाट समग्र धरान नगरपालिकाको खानेपानी समस्याको समाधान गर्ने उद्देश्यबाट कार्यक्रम अगाडि बढाएको देखिन आउँछ। उक्त कार्यलाई दिगो र निरन्तरता दिई खानेपानीसँग सम्बन्धित मर्मत सम्भार आदि समग्र सदस्यहरूको समाधानार्थ एसियाली विकास बैंकसँग माथि उल्लिखित गरेबमोजिमको सम्झौता भएको देखिने।

उल्लिखित कानूनी व्यवस्था र सम्झौताको आधारमा नै नेपाल सरकारबाट भएको धरान खानेपानी व्यवस्थापन बोर्ड गठन र नेपाल खानेपानी संस्थान धरान शाखाको सम्पत्ति, दायित्व र जिम्मेवारी धरान खानेपानी व्यवस्थापन बोर्डमा हस्तान्तरण गर्ने गरी भएको निर्णय र सोही निर्णयबमोजिम सम्बन्धित मन्त्रालयबाट भएका पत्राचारहरू र राजपत्रमा सूचना प्रकाशनको कार्य गैरकानूनी रहेको भन्ने कुनै वस्तुनिष्ठ आधारहरू मिसिल संलग्न रहेको नदेखिने।

सहरी विकास मन्त्रालयको फाइल सम्मिलित नेपाल खानेपानी संस्थान धरान शाखाको सम्पत्ति तथा दायित्व मूल्याङ्कन गर्न गठित समितिले पेस गरेको प्रतिवेदनसमेतबाट निवेदकले जिकिर लिएको विषय खानेपानी संस्थान धरान शाखाको सम्पत्ति तथा

दायित्व मूल्याङ्कन नै नगरी बोर्ड गठनको सम्झौता र बोर्ड गठन भएको भन्ने निवेदकको निवेदन जिकिर खण्डित भएको देखिन्छ । यसप्रकार गलत तथ्यमा आधारित भई दायर भएको रिट निवेदन सफा हात लिएर दायर भएकोसमेत नदेखिने ।

कानूनमा उल्लिखित अधिकारअन्तर्गत रही कानूनद्वारा निर्धारित प्रक्रिया सम्पन्न गरी एसियाली विकास बैंकसँग भएको सम्झौताबमोजिम धरान खानेपानी संस्थान धरान शाखाको सम्पत्ति, दायित्व र जिम्मेवारीलाई धरान खानेपानी व्यवस्थापन बोर्डमा हस्तान्तरण गर्ने गरी भएको नेपाल सरकारको निर्णय र सो निर्णयबमोजिम भएका कामकारबाही कानूनसम्मत रहे भएको देखिँदा निवेदकको निवेदन जिकिर र निवेदकका तर्फबाट रहनु भएका विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, विवेचित आधार कारणबाट धरान खानेपानी व्यवस्थापन बोर्ड गठन गर्ने नेपाल सरकारबाट मिति २०७५।३।३२ मा भएको निर्णय र सोही निर्णय कार्यान्वयनका लागि भएका पत्राचारलगायतका काम कारबाहीहरू कानूनबमोजिम नै रहे भएको देखिँदा निवेदकको रिट निवेदन दाबीबमोजिमको आदेश जारी गरिरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : प्रकाशदत्त भट्ट

कम्प्युटर : विपिनकुमार महासेठ

इति संवत् २०७६ साल वैशाख ४ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** ०७०-WO-०६६०, उत्प्रेषण / परमादेश, *उमेशप्रसाद साह वि. क्षेत्रीय प्रहरी इकाई कार्यालय, जनकपुरसमेत*

निवेदकलाई सेवाबाट हटाउनु अघि प्रहरी नियमावली, २०४९ को नियम ८९(२) बमोजिम निवेदकलाई सजायको आदेश दिनु अघि कारबाही गर्न लागिएको उल्लेख गरी हुन सक्ने सजायसमेत खुलाई सूचना दिई निजलाई आफ्नो सफाइ पेस गर्ने मौका दिनु पर्नेमा नदिई उक्त सूचनामा लगाइएको आरोप स्पष्टरूपले किटिएको पनि देखिँदैन । निजलाई लगाइएको आरोप कुन कुरा र कारणमा आधारित छ, सोसमेत खुलाई सूचना दिएको देखिँदैन । निवेदक आफू कार्यरत कार्यालयमा गैरहाजिर रहने विषय निश्चित रूपमा गम्भीर मान्नुपर्ने हुन्छ । तर जस्तोसुकै गम्भीर प्रकृतिको आरोप लगाइएको व्यक्तिलाई पनि सो आरोप ठहर गर्नुपूर्व आफ्नो कुरा भन्ने मौका दिनुपर्ने । सेवाबाटै बर्खास्त गर्ने जस्तो अन्तिम र कठोर सजाय गर्दा प्रचलित सेवासम्बन्धी ऐन नियममा उल्लिखित कार्यविधिको अक्षरशः पालना वा अवलम्बन गरिएको हुनु पर्ने । प्राकृतिक न्यायको सिद्धान्तको उल्लङ्घन गरी वा कानूनबमोजिमको उचित प्रक्रिया पालना नगरी निर्णय हुन पुग्दछ भने त्यस्तो निर्णयलाई कानूनको दृष्टिमा शून्य मान्नुपर्ने हुँदा अन्य औचित्यतातर्फ विचार गरिरहन आवश्यक हुँदैन । तसर्थ, निवेदकलाई सेवाबाट हटाउनुपूर्व सुनुवाइको अवसर दिइएको तथा नियममा उल्लिखित सजायसम्बन्धी कार्यविधि पालना गरिएको नदेखिने ।

निवेदकलाई प्रहरी सेवाबाट भविष्यमा अयोग्य नठहरिने गरी हटाउने जस्तो अन्तिम एवम् दण्डनीय निर्णय गर्नु अघि आरोप र सजाय प्रस्ताव गरी स्पष्टीकरण सोधिनु पर्नेमा सोधिएको देखिँदैन । इलाका प्रहरी कार्यालय सिम्रोनगढ बाराबाट कार्यरत कार्यालयमा हाजिर हुन आउनु भनी जारी भएको २४ घण्टे सूचना म्याद हेर्दा जिल्ला बारा वड्की फुलवारिया गा.वि.स. वडा नं. १ बस्ने प्र.ज. उमेशप्रसाद साहको नाउँमा जारी भएको २४ घण्टे म्याद सूचना वडा

नं.१ को व्यक्तिलाई तामेल गर्दा वडा नं. २ र ७ को व्यक्ति साक्षी राखेको देखिन्छ । यसैगरी उक्त म्याद सूचनामा प्रतिनिधी रोहवरमा गा.वि.स. सचिवलाई राखी गा.वि.स.को छाप नरहेको हुँदा उक्त तामेली सूचना म्याद रीतपूर्वक तामेल भएको नदेखिँदा निज निवेदकलाई सफाइको मौका दिएको भनी मान्न मिल्ने नदेखिने । बिदा नमागी वा स्वीकृत नगराई गैरहाजिर रहने प्रहरी कर्मचारीलाई प्रहरी नियमावली, २०४९ को नियम ८४(छ) बमोजिम अख्तियारवालाले हटाउन सक्ने देखिए पनि त्यसरी हटाउनुपूर्व नियम ८९(२) बमोजिम आरोप किटान गरी सजायसमेत प्रस्ताव गरी स्पष्टीकरण सोध्नु पर्नेसमेतका कार्यविधि अवलम्बन गर्नुपर्नेमा सो गरिएको देखिएन । ऐनको दफा १० र नियमावलीको नियम ८९(२) को प्रतिबन्धात्मक वाक्यांशबमोजिम सुनुवाइको मौका दिन नपर्ने अवस्था पनि निर्णय पर्चामा उल्लेख नभएको र सुनुवाइको मौका दिनु नपर्ने गरी छुट्टै पर्चासमेत खडा गरेको नदेखिएकोले निवेदकलाई सेवाबाट हटाउने गरी भएको तथा सो निर्णय सदर गर्ने गरेको पुनरावेदन तहको निर्णयसमेत प्रहरी ऐन, २०१२ को दफा १०(१) तथा प्रहरी नियमावली, २०४९ को नियम ८९(२) को विपरीत तथा सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्त प्रतिकूल प्राकृतिक न्यायको सिद्धान्तको उल्लङ्घन गरी भएको देखिन आउने ।

अतः विवेचित आधार र कारणहरूसमेतबाट निवेदकलाई सेवाबाट हटाउने गरी भएको तथा सो निर्णय सदर गर्ने गरेको पुनरावेदन निर्णयसमेत प्रहरी ऐन, २०१२ को दफा १०(१) तथा प्रहरी नियमावली, २०४९ को नियम ८९(२) को विपरीत प्राकृतिक न्यायको सिद्धान्तको उल्लङ्घन गरी भएको देखिएकोले निवेदकलाई भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने भनी तत्कालीन क्षेत्रीय प्रहरी इकाई कार्यालय, जनकपुरबाट मिति २०६१/१०/०१ मा भएको निर्णय र सो निर्णयलाई सदर गर्ने गरी पुनरावेदन तह प्रहरी नायब महानिरीक्षक क्षेत्रीय प्रहरी कार्यालय, हेटौंडाबाट मिति २०६३/१०/२८ मा भएको निर्णय उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । निवेदक उमेशप्रसाद साहलाई पूर्ववत् पदमा पुनर्बहाली गराउनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७६ साल जेठ २१ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७५-WO-०२५३, उत्प्रेषण, *निधि जैसवाल वि. नेपाल सरकार, गृह मन्त्रालयसमेत*

निवेदकले नेपाली नागरिकताको प्रमाण पत्र प्राप्त गर्न नसकेको र शैक्षिक वर्ष ०७५/०७६ को स्नातक (बी.ई., बी.ई.आर्क) तहको विद्यार्थी भर्नाका लागि इन्ष्टिच्युट अफ इन्जिनियरिङ, पुल्चोक, ललितपुरले सञ्चालन गरेको प्रवेश परीक्षा उत्तीर्ण गरी भर्नाको लागि छनौट भएकोमा भर्ना गर्ने क्रममा नेपाली नागरिकताको प्रमाण पत्र अनिवार्य रूपमा माग गरेको र सो पेस गर्न नसकेको कारण भर्नाबाट समेत वञ्चित गराएको अवस्था रहेकोले विपक्षीहरूको उपर्युक्त कार्यबाट मेरो संविधान तथा कानून प्रदत्त हक अधिकारमा आघात पुगेकोले उत्प्रेषणको आदेशद्वारा उल्लिखित निर्णय बदर गरी हक अधिकार दिलाई पाउँ भन्ने मागको सन्दर्भमा यस अदालतबाट मिति २०७५।५।२० मा अन्तरिम आदेश भएपश्चात् निवेदकले इन्जिनियरिङ विषयमा भर्ना पाइसकेको भनी विपक्षी त्रिभुवन विश्वविद्यालयसमेतको मिसिल संलग्न लिखित जवाफमा उल्लेख भएको पाइन्छ ।

साथै, रिट निवेदकले नेपाली नागरिकताको प्रमाण पत्र दिलाई पाउँ भनी गरेको माग सन्दर्भमा नियमानुसार नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरिसकेको भनी निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताबाट बहसको क्रममा इजलाससमक्ष पेस भएको निवेदकले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि मिसिल सामेल रहेको देखिने।

अत: रिट निवेदनमा माग गरेबमोजिम निवेदकले इन्जिनियरिङ अध्ययनका लागि कलेजमा भर्ना प्राप्त गरिसकेको तथा नेपाली नागरिकताको प्रमाण पत्रसमेत प्राप्त गरिसकेको अवस्था देखिएबाट निवेदकको माग सम्बोधन भइसकेको देखिँदा रिट निवेदनको प्रयोजन समाप्त भइसकेको सन्दर्भमा विषयवस्तुभित्र प्रवेश गरी निर्णय गरिरहनुपर्ने नदेखिएकोले मागबमोजिम रिट जारी गरिरहनु परेन। सो रिट खारेज हुने।

इजलास अधिकृत : विकास बस्नेत

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७६ साल आषाढ १२ गते रोज ५ शुभम्।

६

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** ०७४-WO-०३४८, उत्प्रेषण / परमादेश, *अनिल दाश श्रेष्ठ वि. नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसमेत*

नेपालको संविधानको धारा २० को उपधारा (९) मा "प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुनेछ।" भन्ने व्यवस्था रहेको पाइन्छ। प्राकृतिक न्यायको सिद्धान्तअनुसार कसैको हक हित प्रतिकूल कुनै निर्णय गर्नुभन्दा अगाडि सम्बन्धित पक्षलाई प्रतिवाद गर्ने मनासिब मौका प्रदान गर्नु आवश्यक हुन्छ। प्राकृतिक न्यायको सिद्धान्त (Principles of Natural Justice) लाई न्याय प्रणालीको प्राथमिक र मूलभूत सिद्धान्तको रूपमा न्याय निरूपणको सन्दर्भमा अपनाएको पाइन्छ। यसभित्र पूर्वाग्रहरहित, सक्षम र कानूनीरूपमा अख्तियारप्राप्त निर्णयकर्ताबाट विवादको निरूपण गरिने तथा विवादका पक्षलाई उचित र पर्याप्त सुनुवाइको मौकाबाट वञ्चित नगरिने जस्ता कुराहरू मूलभूतरूपमा आउने गर्दछन्। सुनुवाइको मौकाभित्र विवादका पक्षले आफू विरूद्ध भइरहेको न्यायिक कारबाहीको बारेमा यथाशक्य छिटो र स्पष्टरूपमा सूचना (Notice) पाउने, आफ्नो कुराहरू राख्ने वा प्रतिवाद गर्न उचित र पर्याप्त अवसर पाउने, आफ्नो तर्फबाट प्रतिवाद गर्ने अवसरको सुनिश्चितता तथा आधार र कारणसहितको निर्णय जस्ता विषयवस्तुहरू पर्न आउने।

होटलको स्तर वर्गीकरणको इजाजत नवीकरण गर्नुअघि होटलको भौतिक पूर्वाधार एवं सेवा सुविधाको बारेमा स्थलगत निरीक्षण गर्नुपर्ने भन्ने कानूनी व्यवस्था रहेकोमा स्थलगत निरीक्षण विना नै इजाजत पत्र नवीकरण गरिदिएको साथै नवीकरणसम्बन्धी अधिकार महानिर्देशकलाई प्रत्यायोजन भएकोमा निमित्त महानिर्देशकस्तरबाट भएको सो निर्णयलाई रद्द गरेको देखिन्छ। नवीकरणको लागि आवेदनप्राप्त भएपश्चात् सम्पूर्ण कानूनी तथा प्रशासकीय प्रक्रियाहरू पूरा गरी गराई नवीकरण गर्नुपर्ने दायित्व साधिकार विभागको नै हुने साथै विभागले प्राप्त गरेको नवीकरणसम्बन्धी अधिकार पत्रमा नवीकरण गर्ने अधिकारी खण्डमा निर्देशक / उपमहानिर्देशक / महानिर्देशक उल्लेख भएको देखिँदा इजाजत पत्र नवीकरण भई प्रमाणपत्रसमेत जारी भइसकेको अवस्थामा सम्बन्धित मन्त्रालयले उल्लिखित आधारमा गरेको रद्दसम्बन्धी निर्णय कानूनसम्मत नदेखिने।

तसर्थ, मिसिल संलग्न निवेदन, लिखित जवाफलगायत अन्य कागजात मूल्याङ्कन तथा माथि विवेचित कानूनी सिद्धान्त, आधार तथा कारणबाट निवेदक होटलको पाँचतारा स्तरको स्तर वर्गीकरण नवीकरणको प्रमाणपत्र नवीकरण रद्द गर्ने गरी प्रत्यर्थी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सचिवले मिति २०७४।७।१४ मा निर्णय गर्दा निवेदकलाई सुनुवाइको उचित मौका प्रदान नगरी प्राकृतिक न्यायको सिद्धान्तविपरीत गरेको देखिँदा सो निर्णय उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब सो इजाजतपत्र नवीकरण सम्बन्धमा निवेदकलाई सुनुवाइको उचित एवं आवश्यक मौका प्रदान गरी नियमानुसार गर्नू ।

इजलास अधिकृत : विकास बस्नेत

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७६ साल आषाढ १२ गते रोज ५ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-RC-००५४, ०७२-CR-१३८६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. अर्जुन तामाङ र रन्जन श्रेष्ठ वि. नेपाल सरकार*

काजी तामाङ र अर्जुन तामाङ अधिकारप्राप्त अधिकारी र अदालतमा आरोपित कसुर साबिती भई सहप्रतिवादी रञ्जन श्रेष्ठको मिलेमतोमा निजले रकमसमेत दिई मार्न लगाएको भनी आफू साबिती भई अदालतमा समेत पोल गरी बयान गरेको देखिँदा सो पोल बयान प्रमाणमा लिन मिल्ने नै देखिन्छ । प्रस्तुत मुद्दामा यी दुवै प्रतिवादीहरू काजी तामाङ र अर्जुन तामाङले अदालतसमक्ष उपस्थित भई वारदात र घटनाको सविस्तार वर्णन गर्दै कसुर अपराधमा आफ्नो संलग्नता रहेको कुरामा साबित भई एक अर्कालाई समेत पोल गरी बयान गरेको देखिन्छ । निज प्रतिवादीहरूको साबिती बयानलाई लास प्रकृति मुचुल्का शव परीक्षण प्रतिवेदन वारदातमा मृतकलाई मार्नमा प्रयोग गरिएको गैती र खुकुरीसमेत बरामद भई मौकामा कागज गर्ने वेदकुमार श्रेष्ठ, तुल्सीमाया श्रेष्ठको बयान कागजलगायतका स्वतन्त्र प्रमाणहरूले समर्थन गरिरहेकोले निज प्रतिवादीहरूको कर्तव्यबाट मृतक लक्ष्मण श्रेष्ठ र कपिल श्रेष्ठको मृत्यु हुन गएको पुष्टि हुन्छ । प्रस्तुत मुद्दामा अपराध हुनलाई आवश्यक पर्ने दुवै तत्त्व विद्यमान रहेको मिसिल संलग्न प्रमाण कागजबाट पुष्टि भएको पाइने ।

प्रतिवादी रञ्जन श्रेष्ठको कसुरमा साबित रही गरेको बयानलाई सहअभियुक्त रहेका प्रतिवादीहरू काजी तामाङ र अर्जुन तामाङको मौकामा र अदालतसमक्ष गरेको बयानसमेतले समर्थन गरेको देखियो । सहप्रतिवादीहरू आफूसमेत कसुरमा साबित भई प्रतिवादी रन्जन श्रेष्ठलाई गरेको पोललाई अन्यथा हो भनी निज पुनरावेदक प्रतिवादी रन्जन श्रेष्ठले सबुद प्रमाणबाट पुष्टि गर्नु पर्नेमा मिसिल संलग्न प्रमाणबाट पुष्टि गरेको देखिएन । मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(४) नं. हेर्दा *जुनसुकै कुरा गरिकन पनि ज्यान मार्नमा वचन दिनेलाई वा वारदात भइरहेको ठाउँमा गई मार्नालाई संयोग पारिदिना निमित्त मर्ने मानिसको जिउमा हात हाली पक्री समाती दिनेलाई जन्मकैद गर्नु पर्छ* भनी स्पष्ट रूपमा उल्लेख भएको पाइन्छ । निज प्रतिवादी रञ्जन श्रेष्ठले सुरू अदालतसमक्ष बयान गर्दा कसुरमा आफ्नो संलग्नता रहेको इन्कार रहे तापनि तथ्यगत प्रमाणहरू तथा परिस्थितिजन्य प्रमाणहरूबाट प्रतिवादीको कसुर पुष्टि भएको देखिन आउँछ । प्रस्तुत घटनाक्रमको सिलसिला र स्वरूप हेर्दा यो वारदात

अचानक भएको मिसिल संलग्न प्रमाणबाट नदेखिई सुनियोजित भएको देखिने।

मिति २०७०।९।१८ को लास जाँच मुचुल्का हेर्दा मृतक लक्ष्मण श्रेष्ठको घाँटीमा धारिलो हतियारले रोपेको दुईवटा प्वाल देखिएको र टाउकोको टुप्पीमा १ इन्च लम्बाई रहेको काटिएको गिदी देखिएको भन्ने उल्लेख छ। त्यस्तै मृतक कपिल श्रेष्ठको दाहिने हातको नाडी हड्डीसमेत काटिएको, दाहिने पाताको अगाडि भागमा १ इन्च काटिएको र उक्त पाताकै पछाडिपट्टि २ ठाउँमा रोपिएको गोलो प्वाल भन्ने उल्लेख भएको देखिएको छ । मिति २०७०।९।२१ को बरामदी मुचुल्का हेर्दा वारदातमा प्रयोग भएको सिरूपाते खुकुरी-१ र काठको बिँड भएको फलामको गैती बरामद भएको अवस्था छ। मिसिल संलग्न प्रमाण कागजबाट प्रतिवादीहरू थुम्बे भन्ने काजी तामाङ, अर्जुन तामाङ र पुनरावेदक प्रतिवादी रञ्जन श्रेष्ठले आरोपित कसुर गरेको प्रमाणित हुन आउने।

अतः विवेचित आधार कारणबाट अभियोग मागदाबीबमोजिम प्रतिवादी थुम्बे भन्ने काजी तामाङले गैती र खुकुरीजस्तो घातक र जोखिम हतियार प्रहार गरी मृतकहरूलाई निर्ममतापूर्वक हत्या गरी मारेको प्रमाणित भएकोले निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र १३(१) नं. विपरीतको कसुर अपराधमा ऐ. महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने र मृतक लक्ष्मण श्रेष्ठको खुट्टा समाई मार्नमा संयोग पारी दिने अर्का प्रतिवादी अर्जुन तामाङलाई सोही महलको १ नं. र १३(४) नं. विपरीतको कसुर अपराधमा ऐ. महलको १३(४) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालत धनकुटाको फैसला मिलेकै देखिँदा साधक सदर हुने ठहर्छ। साथै पुनरावेदक रञ्जन श्रेष्ठले मृतक लक्ष्मण श्रेष्ठलाई मार्न भनी सहप्रतिवादीहरूलाई रकमसमेत दिएर वचन दिएको भन्ने तथ्य सबुत प्रमाणबाट पुष्टि भएकोले निज प्रतिवादीले ज्यानसम्बन्धी महलको १ नं. र १३(४) नं. विपरीत कसुर गरेको ठहरी निजलाई ऐ. महलको १३(४) नं. अनुसार जन्मकैदको सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालत धनकुटाको मिति २०७१।१०।१४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर : विनोदकुमार बनिया

इति संवत् २०७४ साल आश्विन २७ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७२-CR-२१६३, लागु औषध (अफिम), *प्रकाश भन्ने परेकबहादुर शाही वि. नेपाल सरकार*

वस्तुतः प्रतिवादीले कम्मरमा सलले बाँधी पोका बनाई लुकाई राखेको २ पोका लागु औषध अफिम, भारतीय सिम कार्ड तथा नगदसमेत बरामद छ। अनुसन्धान अधिकारीसमक्ष निज प्रतिवादीले अभियोग दाबीबमोजिम लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ), (च) र (छ) को कसुरमा साबिती भई बयान गरेको पाइन्छ। यद्यपि प्रतिवादी मुख्य अभियुक्त होइन, मतियार हो भन्ने बहस जिकिर रहे पनि बरामद लागु औषध प्रतिवादीबाट बरामद भएको छ । उल्लिखित दफा १२ बमोजिम मुख्य अभियुक्त आफू नभएको तथ्य निज प्रतिवादीले नै यथोचित प्रमाण पेस गरी पुष्टि गर्नुपर्ने देखिन्छ। सलले कम्मरमा बाँधी राखेको अवस्थामा १.५ के.जि. बरामद भएको छ। जुन तौर तरिकाले लागु औषध ओसार पसार गर्ने गरेको छ, सो कार्यले अधिकारप्राप्त अधिकारीसमक्ष प्रतिवादीले गरेको बयान पुष्टि भएको छ। तसर्थ, प्रतिवादी प्रकाश भन्ने परेकबहादुर शाहीको कार्य लागु औषध (नियन्त्रण)

ऐन, २०३३ को दफा ४ (घ), (च) र (छ) विपरीतको कसुर रहेको देखिने।

अब, प्रतिवादी प्रकाश भन्ने परेकबहादुर शाहीको कार्य लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ (घ), (च) र (छ) विपरीतको कसुर रहेको पुष्टि भएको हुँदा सजाय निर्धारण गर्नुपर्ने देखिन आयो। निजको साथबाट बरामद भएको लागु औषध अफिम भई सोको मात्रा १.५ के.जि. रहेको देखिन्छ। यस्तो कसुरमा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(३) मा *एक सय ग्रामदेखि माथि जतिसुकै परिणामको कारोबार गर्नेलाई पन्ध्र वर्षदेखि जन्मकैद र पाँच लाख रूपैयाँदेखि पच्चिस लाख रूपैयाँसम्म जरिवाना* भनी सजाय निर्धारण भएको देखिन्छ । यस स्थितिमा प्रतिवादी प्रकाश भन्ने परेकबहादुर शाहीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(३) बमोजिम १८ वर्ष कैद र रू.१०,००,०००।- जरिवाना हुने गरी सुरू बाँके जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर गरेको पुनरावेदन अदालत नेपालगन्जको फैसला अन्यथा भन्न मिलेन। प्रतिवादीको पुनरावेदन जिकिर तथा निजको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित आधार कारणबाट प्रतिवादी प्रकाश भन्ने परेकबहादुर शाहीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ), (च) र (छ) को कसुरमा सोही ऐनको दफा १४(१)(छ)(३) बमोजिम १८ (अठार) वर्ष कैद र रू.१०,००,०००।– (दश लाख रूपैयाँ) जरिवाना हुने र ऐ.ऐनको दफा १८क बमोजिम बरामद भएको रू.६,२४५।- समेतका नगद तथा जिन्सी सामान जफत हुने गरी सुरू बाँके जिल्ला अदालतबाट फैसला भएको सदर हुने ठहर गरेको पुनरावेदन अदालत नेपालगन्जको मिति २०७२।१०।१८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कालीबहादुर साम्यू लिम्बू

कम्प्युटर : देविना खतिवडा

इति संवत् २०७६ साल वैशाख २४ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी,** ०७२-WO-०४४०, उत्प्रेषण / परमादेश, *सूचना थापा गुरूङ वि. पुनरावेदन अदालत बुटवलसमेत*

प्रस्तुत रिट निवेदनको तथ्यगत अवस्था हेर्दा, प्रस्तुत रिट निवेदनका पक्षहरू सम्मिलित तथा यसै विवादको मूल मुद्दाहरू अंश नामसारी तथा फैसला बन्डा बदर मुद्दा हालसम्म कारबाहीयुक्त अवस्थामा रहेको पाइन्छ । त्यसरी विचाराधीन रहेको मुद्दामा पक्षहरूले आफूसँग भएका सबुद प्रमाण पेस गर्ने र निर्णय गर्ने अधिकारीले पेस भएका सबुद प्रमाणको मूल्याङ्कन गरी निर्णय गर्ने अवस्था पनि बाँकी नै रहेको देखिन्छ । त्यसरी मुद्दा विचाराधीन रहेका अवस्थामा भएको कुनै पनि अन्तरकालीन आदेशमा चित्त नबुझेमा रीतपूर्वक माथिल्लो निकायमा उजुरी गरी आदेश सच्चाउन सकिने हुन्छ। यस प्रकारको उपचार प्राप्त गर्ने मार्ग कानूनले नै निश्चित गरिदिएको पनि पाइन्छ । तर रिट निवेदकले त्यसो नगरी मुद्दाको कारबाहीकै क्रममा भएका आदेशलाई अन्तिम आदेशसरह मानी सो आदेश बदर हुनुपर्ने माग दाबी लिई रिट क्षेत्रमा प्रवेश गरेको पाइने।

प्रस्तुत रिट निवेदनमा निवेदकले उठाएका प्रश्नहरू अंश मुद्दाको फैसला हुँदा विचार हुने नै छ । अंश मुद्दामा कुन अंशियार सगोलमा रहेका छन् ? कुन अंशियार छुट्टी भिन्न भएका छन् भन्ने विषय प्रमाणको विवेचना र मूल्याङ्कनबाट निर्धारण हुने हुन्छ । कुन अंशियारसँग तायदाती माग गर्ने वा कुन अंशियारसँग तायदाती माग नगर्ने भन्ने तथ्य विवादित विषयवस्तुसँग

सम्बन्धित सबुत प्रमाणबाट निर्क्योल गर्नुपर्ने विषय हो। सो सम्बन्धमा रिट क्षेत्राधिकारबाट हस्तक्षेप गर्नु मनासिब नदेखिने।

अतः उल्लिखित आधार एवं कारणसमेतबाट रूपन्देही जिल्ला अदालतमा विचाराधिन अंश नामसारी मुद्दामा विपक्षी ललिता गुरूङलाई बाहेक गरी सम्पत्तिको तायदाती फाँटवारी माग गरेको आदेश उत्प्रेषण मिश्रित परमादेशको आदेशले बदर गरिपाउँ भन्ने निवेदन मागबमोजिमको आदेश जारी हुने अवस्था भएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः- सरोजनिधि वाग्ले

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७६ साल जेठ ६ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७५-WO-०६३२, उत्प्रेषण / परमादेश, *सोमबहादुर लामाको नामबाट नागरिकता प्रमाण पत्र प्राप्त भई माइला लामाको नाममा मुद्दा चली कैद लगत कायम भएको राजु तथा भरत भन्ने माइला लामा वि. सिन्धुपाल्चोक जिल्ला अदालतसमेत*

वस्तुतः सजाय ठहर भएको व्यक्तिले विनासकारी भूकम्पको कारण बाध्यतावश कारागारबाट बाहिर जाने अवस्था रहेको र पछि स्थिति सामान्य हुँदै गर्दा सबै कैदीहरूलाई थुनामा बस्न आउनु भनी सार्वजनिक सूचना प्रकाशित भएकोमा निवेदक उपस्थित नै हुन नगएको, अदालतमा मुद्दा चली हाजिर हुन आउनु भनी पठाएको म्यादमा समेत हाजिर नभएको स्थिति देखिएको छ। यसरी कानूनले तोकेको म्यादमा उपस्थित भई प्रतिवाद गर्ने अवसर अदालत र कानूनी प्रक्रियाको गल्तीको कारणले नभई निवेदककै व्यवहारबाट सो अवसर गुमाएको हुँदा यस अवस्थामा कानूनले निवेदकलाई सुविधा एवम् सहुलियत दिन मिल्ने नदेखिने।

अत: विवेचित तथ्य, कानूनी व्यवस्था एवम् न्यायिक सिद्धान्तसमेतबाट निवेदकलाई कानूनबमोजिम सुनुवाइको मौका प्रदान गरी, रीतपूर्वक नै म्याद तामेली भएको देखिँदा निवेदकले थाहा नपाएको भन्ने देखिन आएन। यसरी कानूनबमोजिमको प्रक्रिया पूरा गरी निवेदकको नाउँमा मिति २०७२।०९।०८ मा रीतपूर्वक तामेल भएको म्याद तथा सिन्धुपाल्चोक जिल्ला अदालतबाट मिति २०७४।११।०९ मा भएको फैसला र सो फैसलाअनुसार निजलाई ठहरेको कैद सजाय कानून प्रतिकूल नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी हुन सक्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः सरोजनिधि वाग्ले

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७६ साल असार २३ गते रोज २ शुभम्।

## इजलास नं. ७

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७०-WO-०८९३, उत्प्रेषण / परमादेश, *हरिनारायण गोइत यादव वि. नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड प्रधान कार्यालय, बत्तीसपुतलीसमेत*

निवेदकसरहका प्रत्यर्थी कम्पनीबाट अवकाश प्राप्त अन्य कर्मचारीहरूको हकमा निजहरू अवकाश भइसकेपश्चात् कम्पनीकै तर्फबाट विमा प्रिमियम किस्ता भुक्तानी गरिदिएको भन्ने जिकिर प्रत्यर्थी कम्पनीले खण्डन गरेको पाइएन। यसरी एउटै कम्पनीमा कार्यरत समान अवस्थाका कुनै कर्मचारीलाई एउटा व्यवहार र कुनै कर्मचारीलाई अर्कै व्यवहार गर्ने वा

समान अवस्थाका कर्मचारीहरूबिचमा फरक व्यवहार गर्ने कार्यलाई संविधानद्वारा प्रत्याभूत समानताको हकअनुकूल मान्न सकिँदैन । समान अवस्थाका कर्मचारीहरूको सम्बन्धमा विपक्षी कम्पनीले गरेको व्यवहार निवेदकको हकमा समेत प्राप्त हुन्छ भन्ने वैधानिक अपेक्षा (Legitimate expectation) रिट निवेदकले राख्नु स्वाभाविक पनि देखिने । निवेदकको जीवन बिमाको अन्तिम किस्ता बुझाउने अवधि २०७०।१।१६ बाट प्रारम्भ भएको र निवेदकले २०७०।६।१७ मा मात्र अवकाश पाएको देखिएको हुँदा बिमाको प्रिमियम भुक्तानी गर्न प्रत्यर्थी कम्पनीले ईन्कार गर्नु मनासिब देखिँदैन । यसका अतिरिक्त समानताको दृष्टिले समेत प्रत्यर्थी कम्पनीले आफ्ना सबै कर्मचारीहरूउपर समान व्यवहार गर्नु पर्ने अवस्था देखियो । अन्तिम किस्ता प्रत्यर्थी नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनीका तर्फबाट भुक्तानी हुनुपर्ने अवस्था देखिन आउने ।

माथि विवेचित आधार, कारणहरूबाट रिट निवेदक हरिनारायण यादवको हकमा प्रत्यर्थी कम्पनीले गरिदिएको सावधिक जीवन बिमाको प्रिमियमबापतको अन्तिम किस्ता सो कम्पनीले नै भुक्तानी गर्नुपर्ने देखियो । प्रत्यर्थी कम्पनीले भुक्तानी नगरिदिएका कारण रिट निवेदक स्वयंले बाध्यात्मक परिस्थितिको कारणले उक्त किस्ताबापतको रकम भुक्तानी गरेको देखिएको छ । आफ्ना कर्मचारीलाई बाध्यात्मक परिस्थितिमा पारेर त्यसको अनुचित लाभ संस्थाले लिनु हुँदैन । तसर्थ निवेदकको सावधिक बिमाको अन्तिम किस्ताबापत निवेदकले भुक्तानी गरे बराबरको रकम यी रिट निवेदकलाई सोधभर्ना स्वरूप भुक्तानी गर्नु गराउनु भनी प्रत्यर्थीमध्येका नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लि. प्रधान कार्यालयका नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः- गीता श्रेष्ठ

कम्प्युटर : उत्तरमान राई

इति संवत् २०७४ साल जेठ ७ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६७-CI-१४२६, दर्ता बदर सार्वजनिक वन कायम, *बलदेव विष्टसमेत वि. पदमसिंह महरा*

विवादित जग्गाको भू-धरातल, भौगोलिक अवस्थिति, वन बुट्यान रहेको अवस्था, जग्गाको शिरमा खोला तथा पानीको इन्टेक रहेकोसमेतका कुराहरू विचार गर्दा उक्त कि.नं. ६८९ को जग्गा कसैको निजी हक भोगको नभई सार्वजनिक जग्गा नै हो भन्ने देखिन आउँदछ । कि.नं. ६८९ को उत्तर सिमाना रहेको पानीको मुहानबाट खानेपानी आयोजना निर्माण भएको र सो खानेपानी आयोजनाको दक्षिणपूर्वका सार्वजनिक जग्गाबाट खानेपानीका पाइप विस्तार भएकोसमेत अवस्थालाई दृष्टिगत गर्दा प्रतिवादीहरू बलदेव विष्ट, गोपाल सिंह विष्ट र मन्धिरे विष्टका नाममा संयुक्त दर्ता भएको उक्त वन क्षेत्रभित्रको जग्गा दूषित रूपमा प्रतिवादीहरूको नाममा दर्ता भई २०४८।८।२० मा जग्गाधनी दर्ता प्रमाण पुर्जासमेत प्राप्त गरेको देखिन आयो । तसर्थ मिति २०६६।११।२० को सुरू बैतडी जिल्ला अदालतको फैसला उल्टी गरी मालपोत ऐन, २०३४ को दफा २४ बमोजिम प्रतिवादीहरूका नाउँमा भएको दर्ता बदर गरी कि.नं. ६८९ को जग्गा वादी दाबीअनुसार सार्वजनिक वन कायम हुने ठहऱ्याएको पुनरावेदन अदालत महेन्द्रनगरको मिति २०६७।७।३० को फैसला मनासिब नै देखिन आउने ।

अतः माथि विवेचित आधार र कारणहरूबाट सुरू बैतडी जिल्ला अदालतको फैसला उल्टी गरी

वादी दाबीबमोजिम कि.नं. ६८९ को जग्गा सार्वजनिक वन कायम हुने ठहऱ्याई भएको पुनरावेदन अदालत महेन्द्रनगरको मिति २०६७।७।३० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : गीता श्रेष्ठ

इति संवत् २०७४ साल माघ २२ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७०-WO-०४४४, उत्प्रेषण / परमादेश, *सरोज अधिकारी वि. आन्तरिक राजश्व विभाग, लाजिम्पाटसमेत*

निवेदक करदाताको आमा तथा सासूको मिति २०७०।८।१० मा मृत्यु भएको कारण प्रशासकीय पुनरावलोकन दर्ता गराउन ढिला भएको भन्ने बेहोरा निज निवेदकले म्याद थपको निवेदनमा उल्लेख गरी मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपिसमेत पेस गरेको देखिँदा म्याद थप गर्नु पर्ने मनासिब कारण रहेको अवस्थासमेत देखियो। निवेदक करदाताले पेस गरेको म्याद थपको निवेदनउपर आन्तरिक राजस्व विभागले निर्णय गरी जानकारी दिएको देखिएन। कानूनी प्रक्रिया अनुशरण गरी परेका यस प्रकारका निवेदन सम्बन्धमा तत्काल निर्णय, निकासा दिनु पर्नेमा आन्तरिक राजस्व विभाग अनिर्णयको अवस्थामा रहेको देखियो। परिणामत: संशोधित कर निर्धारण आदेशउपर प्रशासकीय पुनरावलोकनको निवेदन दर्ता गरी सुनुवाइ गर्न पाउने हकबाट निवेदक करदाता वञ्चित भएको देखिन आएको हुँदा यसलाई कानूनअनुकूल काम कारबाही भएको ठहर गर्न नमिल्ने।

करदाताले उचित सुनुवाइको अवसर नै प्राप्त नगरी आन्तरिक राजस्व कार्यालयबाट संशोधित कर निर्धारण आदेश भएको र सोउपर निवेदक करदाताले प्रशासकीय पुनरावलोकनको सन्दर्भमा म्याद थपको लागि दिएको निवेदनउपर आन्तरिक राजस्व विभागले निर्णय नगरी सूचना नदिएको कार्यलाई न्यायसम्मत मान्न मिल्ने देखिन आएन । यसरी निवेदक करदातालाई रीतपूर्वक सुनुवाइको मौका प्रदान नगरी आन्तरिक राजस्व कार्यालयले संशोधित कर निर्धारण आदेश गरेको र प्रशासकीय पुनरावलोकन गर्न म्याद थपका लागि परेको निवेदनका सन्दर्भमा समेत आन्तरिक राजस्व विभागले आयकर ऐन, २०५८ को दफा ११५(३)(ख) बमोजिम निवेदकलाई म्याद थप सम्बन्धमा सूचना नदिएको र पुनरावलोकनसमेत नगरेको देखिँदा मिति २०७०।०४।२१ मा भएको विवादित कर निर्धारण आदेश र सो सम्बन्धमा भएका काम कारबाही कानूनअनुकूल देखिन आएन । कर निर्धारणका सन्दर्भमा भएका काम कारबाहीका सन्दर्भमा सुनुवाइको अवसर प्रदान गर्नुपर्ने प्राकृतिक न्यायको सिद्धान्तको पालना भएको पाइएन । तसर्थ विवादित कर निर्धारण आदेश उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब रिट निवेदक करदातालाई रीतपूर्वक सुनुवाइको मौका प्रदान गरी कानूनको प्रक्रिया अनुशरण गरी पुन: कर निर्धारण गर्नु गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेशसमेत जारी हुने।

इजलास अधिकृत : चन्द्रप्रसाद पन्थी

इति संवत् २०७५ साल जेठ १५ गते रोज ३ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएको छ:-

- ०७०-WO-०४४५, उत्प्रेषण / परमादेश, *सरोज अधिकारी वि. आन्तरिक राजश्व विभाग, लाजिम्पाटसमेत*
- ०७०-WO-०६०८, परमादेश, *चिजा अधिकारी वि. आन्तरिक राजश्व विभाग, लाजिम्पाटसमेत*

## इजलास नं. ८

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६७-CI-०८६२, फैसला बदर, *सुमित्रादेवी कलवार वि. शान्तिदेवी कलवार*

पुनरावेदकले नै दिएको जग्गा बाँडफाँड मुद्दामा दाबीको कि.नं. ११० को क्षे.फ. ०-१५-७ मध्ये दक्षिणतर्फको आधा जग्गा यी पुनरावेदक जग्गाधनीले पाउने गरी निर्णय भएको देखिन्छ। बाँकी उत्तरतर्फको आधा जग्गा मोही जगरनाथको भागमा परेको र सोही जगरनाथको भागमा परेको जग्गा नै शान्तिदेवी कलवारीनको नाममा दा.खा. हुने गरी मिलापत्र भएको देखिन्छ। उक्त मिलापत्रबाट यी पुनरावेदक प्रतिवादीको आफ्नो हकमा असर परेकोसमेत देखिँदैन । साथै मुद्दासँग सम्बन्ध नै नभएका उनाउ व्यक्ति सोहन पटेलको निवेदनको आधारमा भूमिसुधार कार्यालयले उक्त मिलापत्रबमोजिमको जग्गा शान्तिदेवीको नाउँमा दा.खा. नहुने निर्णय गरेको देखिन्छ । तर उक्त मिलापत्रलाई तत्कालै यी प्रतिवादीले अन्यथा भन्नसकेको देखिँदैन । उक्त मिलापत्र कहिँकतैबाट चुनौती नभई यथावत् रहेकोसमेत देखिन्छ। मिलापत्र यथावत् रहने र मिलापत्रको परिणाम कार्यान्वयन नहुने भन्ने कुरा न्यायोचित हुँदैन। जग्गा बाँडफाँडबाट प्राप्त आफ्नो भागको जग्गा सुरक्षित नै रहेको र सो जग्गामा पुनरावेदन अदालतको फैसलाबाट प्रतिवादी पुनरावेदकलाई कुनै असरसमेत परेको देखिँदैन। जगरनाथले कुनै तेस्रो पक्षबाट ऋण लिएको र सो ऋणको कुनै दायित्व बेहोर्नु पर्ने रहेछ भने पनि अन्य मुद्दाबाट नै सो दायित्वको निर्क्योल हुने विषय हो । सो विषयमा यी प्रतिवादी सुमित्रादेवीले चासो लिनुपर्ने अवस्था पनि नदेखिने।

तसर्थ, उल्लिखित आधार र कारणबाट भूमि सुधार कार्यालय बाराको मिति २०६२/५/२२ मा भएको टिप्पणी आदेश उल्टी गरी मिति २०६२/४/७ को मिलापत्र क्रियाशील हुने ठहर्‍याएको पुनरावेदन अदालत हेटौंडाको मिति २०६७/२/३० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः केदारनाथ पौडेल

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल मंसिर ११ गते रोज २ शुभम्।

## इजलास नं. ९

१

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७५-WH-००२८, बन्दीप्रत्यक्षीकरण, *खडकबहादुर विश्वकर्मा (प्रकाण्ड) को हकमा विरेन्द्र विश्वकर्मा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

पटकपटक यस अदालतबाट आदेश भई बन्दीलाई छाड्दा पनि तत्कालै पक्राउ गरेको तथा मिति २०७५।५।१९ दाङ देउखुरी जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी गर्न अनुमति प्रदान नभएको अवस्थामा समेत पक्राउ गरी निरन्तर थुनामा राखिएको कार्यलाई विनाप्रवृत्त भावना कानूनसम्मतको थुना भन्न सकिने अवस्था रहेको मान्न नमिल्ने।

निवेदक यस अदालतमा बन्दीप्रत्यक्षीकरणको आदेश माग गरी निवेदन लिई आउँदा नेपालको संविधानको धारा १३३ (२) र (३) अन्तर्गत आएकोबाट संविधान प्रदत्त मौलिक हक तथा यसका मूल्य र मान्यता एवं यसले अंगीकार गरेको स्वतन्त्र न्यायपालिकाको अवधारणामाथि विश्वास राखी आएकोबाट यि निवेदकलगायत कसैलाई पनि

कानूनको समान संरक्षणबाट अदालतले वञ्चित गर्न हुँदैन र सक्दैन पनि । अर्कोतर्फ, कुनै पनि व्यक्तिले सामाजिक, आर्थिक राजनीतिक जोसुकै उद्देश्यले किन नहोस् कुनै पनि अन्य व्यक्तिको जिउ ज्यान, सम्पत्ति पेसा व्यवसाय आदिमा प्रतिकूल प्रभाव पार्ने कार्य गर्दछ वा शान्तिपूर्वक बाँच्न पाउने हक अधिकारमा खलल पुऱ्याउँछ भने राज्य संयन्त्रले वस्तुनिष्ठ रूपमा अनुसन्धान गरी कानूनबमोजिम त्यस्ता अपराधीलाई सजायको भागी बनाउनै पर्दछ । संविधानले दण्डहीनतालाई छुट दिने उद्देश्य र मनसाय राखेको छैन । साथै कानूनविपरीतका दण्डात्मक कार्य गर्नेलाई सम्बन्धित कानूनबमोजिम सजाय गर्दा पनि संविधान प्रदत्त न्यायसम्बन्धी हकअनुरूप व्यवहार गर्नु पर्ने अपरिहार्यता पनि रहने ।

निवेदकलाई गैरकानूनी थुनामा राखेको सम्बन्धमा यस अदालतले मिति २०७५।५।१, २०७५।५।७ र २०७५।५।१८ मा समेत गरी तीन पटकसम्म बन्दीलाई मुक्त गरिदिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरेपश्चात् पनि अदालत परिसरको सेरोफेरोबाटै तत्कालै यी निवेदकलाई पक्राउ गरी थुनामा राखेको भन्ने निवेदकको कथन रहेको देखिएको र निवेदकलाई निरन्तर थुनामा राखेको देखिएको परिप्रेक्ष्यमा नेपालको संविधानको धारा १७(१) ले प्रत्याभूत गरेको वैयक्तिक स्वतन्त्रताको हकको उपभोग गर्नबाट यी निवेदक वञ्चित हुन गएको विषयमा यो इजलास संवेदनशील भएको छ । अतः यसरी कानूनी प्रक्रिया नै पूरा नगरी निवेदकलाई पुनः पक्राउ गरी थुनामा राखेको कार्यलाई कानूनसम्मत मान्न मिल्ने नदेखिँदा निवेदन मागअनुसार सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७(क) बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

पटकपटकका उपर्युक्त आदेशहरू तथा यी बन्दीलाई प्रवृत्त भावना कायमै राखी बारम्बार पक्राउ गरेको देखिँदा नागरिकको मौलिक हक कुण्ठित हुँदा मौलिक हकको प्रचलनको लागि यस अदालतबाट एउटै व्यक्तिको गैरकानूनी थुनाको सम्बन्धमा पटकपटक आदेश जारी गर्नु परेको सन्दर्भमा कही यस अदालतको आदेश निस्तेज पार्ने र छल्ने प्रयत्न गरिएको त होइन ? भन्ने आशंकाको आभाससमेत हुन गएको छ । विधिको शासन भएको लोकतान्त्रिक मुलुकमा यस्तो कार्य कदापि क्षम्य हुन सक्दैन र यस अदालतले गरेको आदेशको मर्यादाको र पालनाको लागि नेपालको संविधानको धारा १२८(४) को अधीनमा रही अन्य उपयुक्त आदेशसमेत जारी गर्नु पर्ने अवस्था आउन सक्दछ । यस्तो अवस्था आउन नदिन राज्यका जिम्मेवार निकायहरू अझ बढी गम्भीर र जिम्मेवार हुनै पर्दछ । नागरिकको वैयक्तिक स्वतन्त्रताको उपभोगको विषयमा सरकार तथा सरकार मातहतका निकायहरू असंवेदनशील र गैरजिम्मेवार हुने छुटको लागि यो अदालत मौन रहन नसक्नेतर्फ विपक्षी नेपाल सरकार र सरकार मातहतका निकायहरू र जिम्मेवार पदाधिकारीहरूको समेत गम्भीर ध्यानाकर्षणसमेत गराइने ।

तसर्थ, पक्राउ गरी थुनामै राख्नु पर्ने अपरिहार्यताको अभावमा त्यस्ता विनासन्तोषजनक आधार एवं वस्तुनिष्ठ कारण निवेदकको संविधान प्रदत्त मौलिक हकहरूमाथि अनुचित बन्देज लगाउने गरी पटकपटक पक्राउ गरी निवेदकको थुनालाई निरन्तरता दिई राखेको देखिएको हुँदा उक्त थुना गैरकानूनी देखिई नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) बमोजिमको असाधारण अधिकार क्षेत्रअन्तर्गत सर्वोच्च अदालतले "**बन्दीप्रत्यक्षीकरण परमादेश, उत्प्रेषण, प्रतिषेध अधिकारपृच्छालगायत**

**अन्य उपयुक्त आदेश जारी गर्न सक्नेछ"** भन्ने व्यवस्थाअनुरूप निवेदक खड्गबहादुर विश्वकर्मा "प्रकाण्ड" लाई गैरकानूनी थुनाबाट यस अदालतका मुख्य रजिस्टारको रोहबरमा आजै छाडी दिनु भनी विपक्षीहरूका नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृतः सरिता रिजाल

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७५ साल भदौ २९ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-CR-१५७६, लागु औषध (ब्राउन सुगर), *नेपाल सरकार वि. अरूण खाम्चा*

प्रतिवादी अरूण खाम्चाले आफ्नो आमाको नाउँको स्कुटर दुर्घटनाबाट बिग्रेकाले बनाउनका लागि लिइ हिँडेको उक्त रूपैयाँ आफ्नो साथमा रहेको हो भनी बयान गरेको देखिन्छ। उक्त रूपैयाँ लागु औषधकै कारोबारबाट आर्जन गरेको भनी वादी पक्षले प्रमाणबाट पुष्टि गर्न सकेको अवस्थासमेत छैन। यस्तो अवस्थामा लागु औषधसाथ बरामद भयो भन्दैमा उक्त रूपैयाँ लागु औषधको कारोबारबाट आर्जन गरेको भनी जफत गर्नु न्यायोचितसमेत नहुने हुँदा बरामद रूपैयाँ २४,५००।- प्रतिवादीलाई फिर्ता गर्ने गरी सुरू रूपन्देही जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत बुटवलबाट भएको फैसलालाई अन्यथा गर्नु पर्ने नदेखिने।

प्रतिवादी जागृत थापाले मौकामा र अदालतमा समेत बयान गर्दा पहिला लागु औषधको सेवनकर्तासम्म भएको र हाल छाडी आफू सुध्रिसकेको देखाई कसुरमा इन्कार रही बयान गरेको देखिन्छ। बरामदी मुचुल्काबाट पनि निजको सँगसाथबाट कुनै लागु औषध बरामद भएको नदेखिनुका साथै वादी पक्षले यी प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर अपराध गरेको भनी तथ्य र प्रमाणबाट पुष्टि गर्न नसकिरहेको यस अवस्थामा अभियोग दाबीबाट सफाइ दिने गरी भएको रूपन्देही जिल्ला अदालतको फैसला सदर हुने गरी पुनरावेदन अदालत बुटवलबाट भएको फैसलालाई अन्यथा गर्नु पर्ने नदेखिने।

अत: सुरू रूपन्देही जिल्ला अदालतको फैसला सदर हुने ठहर गरी पुनरावेदन अदालत बुटवलबाट मिति २०७२।२।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: ताराकुमारी शर्मा

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७५ साल भदौ २१ गते रोज ५ शुभम्।

## इजलास नं. १०

१

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७३-CR-१७३२, वैदेशिक रोजगार कसुर, *रमेश कार्की वि. नेपाल सरकार*

आफूले जाहेरवालाबाट गलैंचा व्यवसाय सञ्चालन गर्न रकम लिएकोमा सो रकम फिर्ता गरिसकेको र पछि मिति २०७१।२।२० को लिखत विश्वासमा परी लिखत नै नपढी सहीछाप गरिदिएको छु भनी प्रतिवादीले अभियोग दाबीको कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । साथै सोही बेहोराको पुनरावेदन जिकिरसमेत रहेको छ । सो सम्बन्धमा विचार गर्दा, निज प्रतिवादीले मिति २०७१।२।२० को वैदेशिक रोजगारको कागज झुक्यानमा पारी तयार भएको भने तापनि सो लिखत बदर गराउनेतर्फ कुनै कारबाही चलाएको देखिँदैन । यी प्रतिवादी लेखपढ गर्न नजान्ने अथवा जाहेरवालाले आफूलाई जोरजुलुम

करकापमा पारेको भन्ने जिकिर लिएको पनि देखिँदैन र त्यसलाई पुष्टि गर्न आधारसमेत यी प्रतिवादीले प्रस्तुत गर्न सकेको नपाइने । वैदेशिक रोजगारमा पठाइदिने भनी कागज गर्ने यी पुनरावेदक प्रतिवादीले गरिदिएको लिखत नै प्रस्तुत मुद्दामा वादी पक्षले पेस गरेको, जाहेरवाला एवं सो लिखतमा साक्षी बसेका व्यक्तिहरूले न्यायाधिकरणसमक्ष आई अभियोग दाबी पुष्टि हुने गरी बकपत्रसमेत गरेका र सो लिखतलाई प्रतिवादीले समेत स्वीकार गरी अन्यथा प्रमाणित गर्न नसकेको अवस्थामा यी पुनरावेदक प्रतिवादीले विदेश अस्ट्रेलिया पठाइदिन भनी जाहेरवालाबाट रकम बुझिलिएको कुरा लिखत प्रमाणबाट प्रमाणित हुन आयो । यस्तो अवस्थामा यी प्रतिवादी वैदेशिक रोजगारको कसुर गरेको तथ्य पुष्टि भइरहेकोले आफूहरूबिच केवल व्यवसायको सिलसिलामा लेनदेनको कारोबार भएकोसम्म हो भनी अभियोग दाबीको कसुरबाट उन्मुक्ति पाउनुपर्ने भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः माथि विवेचित आधार प्रमाणबाट प्रतिवादी रमेश कार्कीले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादी रमेश कार्कीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ अनुसार १ वर्ष ६ महिना कैद र रू.१,५०,०००।- जरिवाना हुने र अभियोग मागदाबीबमोजिम बिगो रू.१७,७५,०००/- र सोको ५०% ले हुन आउने हर्जाना रू.८,८७,५००/- समेत गरी जम्मा रू.२६,६२,५००/- रकम प्रतिवादीबाट जाहेरवालाले भरी पाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७२।१२।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कल्याण खड्का

इति संवत् २०७५ साल आषाढ २१ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०६९-WO-०३८३, उत्प्रेषण, *सिटिसिई कालिका ज्वाइन्ट भेन्चरसमेत वि. सिँचाई विभाग, जावलाखेल ललितपुर*

रानी जमरा कुलरीया सिँचाई आयोजनाको मूल नहर निर्माण प्रयोजनार्थ सिँचाइ विभागले तोकेको मापदण्डअनुरुप आयोजनाले निर्माण व्यवसायीहरूबाट पूर्वयोग्यतासम्बन्धी प्रस्ताव आह्वान गरेकोमा स्वदेशी तथा विदेशी गरी जम्मा १० वटा कम्पनीहरूले दरखास्त दिएको पाइयो । यसरी सहभागी भएका १० वटा कम्पनीहरूमध्ये ६ वटा कम्पनीहरूले आवश्यक पूर्वसर्तअनुरूपको मापदण्ड पूरा गर्न नसकेकाले छनौट हुन नसकेका र बाँकी ४ वटाले पूर्वसर्तबमोजिमको योग्यता प्रस्तुत गरेअनुसार छनौट भएको देखिन आउने ।

निवेदक कम्पनी पूर्वयोग्यता निर्धारणका क्रममा असफल हुनुमा Minimum Annual Average Turnover रू.२५३१ मिलियन बराबर हुनुपर्ने र यदि आवेदक संयुक्त उपक्रममा रहेको भए पार्टनर इन्चार्जको ४० प्रतिशत अर्थात् १०००.४० मिलियन र अन्य प्रत्येक पार्टनरको २५ प्रतिशत अर्थात् रू.६३०.२५ मिलियन Minimum Annual Turnover अनिवार्य रूपमा हुनुपर्नेमा निवेदकमध्येको कालिका कन्स्ट्रक्सन प्रा.लि.ले पेस गरेको Annual Turnover को Criteria पूरा हुन नसकेकोले अयोग्य घोषित गरेको देखिन आउने ।

निवेदकहरूमध्येको कालिका कन्स्ट्रक्सन प्रा.लि. ले आफ्नो पूर्वयोग्यता प्रस्तुत गर्ने क्रममा स्वीकृति नै नलिई स्वीकृति लिनुपर्ने हदसम्मको Sub-Contract गरेको, Sub-Contract बापतको समेत अनुभव जोडी मूल्याङ्कन गराउन खोजेको,

कालिका कन्स्ट्रक्सन प्रा.लि.ले मूल ठेकेदार पनि आफैँ र Sub-Contractor पनि आफैँ भई दुवैतर्फको मूल्याङ्कनलाई जोडेर आफ्नो योग्यता पुगेको देखाउने प्रयास गरेको तर यसरी मूल्याङ्कन गर्दा कुल कामको मूल्याङ्कनभन्दा बढी मूल्यको गणना हुने अवस्थालाई समेत नजरअन्दाज गरेको पाइने।

प्रस्तुत आयोजनाको पूर्वयोग्यता छनौटका सन्दर्भमा यसरी दोहोरो मूल्यलाई समेत जोडी पूर्वयोग्यता छनौटका निम्ति आफूले आवश्यक मापदण्ड पूरा गरेको देखाई पूर्वयोग्यता छनौटमा पर्न असफल प्रयास गर्ने कालिका कन्स्ट्रक्सनले आफू पूर्वयोग्यता छनौटका क्रममा असफल भएपछि पूर्वयोग्यता छनौट कार्य नियमसम्मत नभएको भनी सिँचाई विभागमा उजुरी गरेको र सोउपर छानबिन भई मिति २०६९।०६।०५ मा निवेदकको निवेदन खारेज हुने ठहर गरेको पनि देखिन आयो । यसैगरी निजले नै यसै विषयमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा समेत उजुरी दिएकोमा उक्त आयोगबाट समेत निवेदकमध्येका कालिका कन्स्ट्रक्सन प्रा.लि. को उजुरी तामेलीमा राखी ठेक्का प्रक्रिया कानूनबमोजिम अगाडि बढाउन निर्देशन दिएको देखिने।

निवेदकले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल निर्माण कार्यमा आफ्नो कम्पनी छनौट भएकोले यस आयोजनामा पनि आफू योग्य रहेको भन्ने जिकिर लिए पनि अवैधानिक ढङ्गबाट प्राप्त गरेको योग्यतालाई कुनै एक निकायले स्वीकार गऱ्यो भन्दैमा प्रस्तुत विवादमा उक्त योग्यताले वैधानिकता पाएको मान्न सकिने देखिन नआउने।

रानीजमरा कुलरीया सिँचाई आयोजनाले आह्वान गरेका बोलपत्रहरूमध्येबाट नियमसम्मत रूपमा छनौट भएको MARUSHIN SHITAKA CONSTRUCTION COMPANY ले हाल उक्त मूल नहर निर्माण कार्यको भौतिक प्रगति ९० प्रतिशत सम्पन्न गरिसकेको र वित्तीय प्रगतिसमेत ८५ प्रतिशत सम्पन्न भइसकेको भन्ने बेहोराको आयोजनाको च.नं.१६, मिति २०७५।०५।१७ को पत्रबाट देखिने।

अत: उपर्युक्तबमोजिमको पूर्वयोग्यता निर्धारण प्रयोजनार्थ गरिएको छनौटका क्रममा निवदेक कम्पनी अयोग्य देखिएको कारणबाट छनौट हुन नसकेको र सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा खरिद कारबाहीका लागि स्वीकृत गरिएको Criteria समेतका आधारमा छनौट भएको निर्माण कम्पनीले आयोजनाको मूल नहर निर्माण कार्य ८५ प्रतिशतभन्दा बढी सम्पन्न गरिसकेको भन्ने देखिन आएबाट रिट निवेदनको औचित्यसमेत समाप्त भइसकेको देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: सुभाशचन्द्र दाहाल

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७५ साल भाद्र २६ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७१-CR-०८०७, वैदेशिक रोजगार कसुर, *मानबहादुर कार्की वि. नेपाल सरकार*

प्रतिवादीले जाहेरवालालाई गरिदिएको मिसिल संलग्न मिति २०६४।६।२१ को लिखत हेर्दा रू.१५००,०००।- बुझिलिएको ठीक साँचो हो । उक्त रूपैयाँ लिएबापत वैदेशिक रोजगारका लागि तपाइँ उत्तम गुरूङलाई मकाउ देशमा पठाई रोजगार उपलब्ध गराई दिनेछु भन्ने बेहोरा उल्लेख भएको पाइन्छ। साथै अर्को मिति २०६४।५।७ को सक्कल लिखत हेर्दा तपाइँ नारायण बराकोटीलाई विदेश मकाउमा लगी वैदेशिक रोजगारमा लगाई दिनका लागि तपाइँबाट रू. २,७०,०००/- बुझिलिएको ठीक साँचो हो । यी रूपैयाँबापत तपाइँ नारायण बराकोटीलाई आजका कागज भएको मितिले ३५ दिनभित्रमा मकाउमा लगी वैदेशिक रोजगारी लगाई दिनेछु भनी कागज गरिदिएको देखिने।

प्रतिवादी मानबहादुर कार्कीले मिति

२०६४।६।२१ को लिखतका सम्बन्धमा जाहेरवाला उत्तम गुरूङसमेत उपर काठमाडौं जिल्ला अदालतमा संवत् २०६६/६७ सालको दु.वा.फौ.नं. १९५८ को करकाप मुद्दा दायर गरेको देखिन्छ । उक्त मुद्दामा प्रतिवादीहरूले करकापबाट कागज गराए भन्ने फिराद दाबी पुग्न नसक्ने ठहरी मिति २०६८/०७/०३ मा फैसला भएको देखिन्छ । उक्त फैसला पुनरावेदन अदालत पाटनबाट समेत मिति २०६९/०३/२१ मा सदर भएको देखिन्छ । सो मुद्दा दोहोर्‍याई हेरिपाउँ भनी यी प्रतिवादीको ०६९-RI-१६९६ को निवेदन यस अदालतमा परेको देखिन्छ । उक्त निवेदन आज यसै इजलासबाट दोहोर्‍याउने अनुमति प्रदान नहुने ठहरी फैसला भएबाट जाहेरवाला नारायण बराकोटीले जाहेरीसाथ पेस गरेको मिति २०६४।५।७ को लिखत र अर्का जाहेरवाला उत्तम गुरूङले पेस गरेको मिति २०६४।६।२१ को लिखतलाई जबरजस्ती करकापसँग गराएको भन्न मिलेन । उक्त लिखत सहमति राजीखुसीबाटै भएको देखिन आउने ।

यसरी उक्त लिखत कागज सहमति राजीखुसीले तयार भएको पुष्टि भएबाट प्रतिवादी मानबहादुर कार्कीले जाहेरवालाहरू उत्तम गुरूङ र नारायण बराकोटीसमेतलाई मकाउ रोजगारमा पठाउने झुट्टा आश्वासन र प्रलोभन देखाई लिखत गरी निज जाहेरवालाहरूमध्ये उत्तम गुरूङबाट रू. १५,००,०००।- (पन्ध्र लाख रूपैयाँ) र जाहेरवाला नारायण बराकोटीबाट रू. २,७०,०००।- (दुई लाख सत्तरी हजार रूपैयाँ) लिएको तथ्य पुष्टि हुन आउने ।

प्रतिवादी मानबहादुर कार्की वैदेशिक रोजगार ऐन, २०६४ को ऐनको दफा १० अनुसार वैदेशिक रोजगार व्यवसाय इजाजतपत्र प्राप्त नगरेको भन्ने कुरामा विवाद छैन । यसरी कानूनबमोजिम वैदेशिक रोजगार व्यवसाय गर्ने इजाजतपत्र नलिएकोमा निज प्रतिवादीले जाहेरवालाहरूसमेतलाई विदेश मकाउ पठाई काम लगाइदिने झुट्टा प्रलोभन तथा आश्वासन दिई जाहेरवाला उत्तम गुरूङबाट रू.१५,००,०००।- (पन्ध्र लाख रूपैयाँ) र जाहेरवाला नारायण बराकोटीबाट रू. २,७०,०००।- (दुई लाख सत्तरी हजार रूपैयाँ) लिई वैदेशिक रोजगारमा नपठाएको कार्य उक्त ऐनको दफा १० र ४३ विपरीतको कसुर गरेको देखिन आउने ।

जाहेरवालाले प्रतिवादी मानबहादुर कार्कीउपर जाहेरी दिएको, जाहेरीमा राजु श्रेष्ठको नाम उल्लेख नगरेको, न्यायाधिकरणसमक्ष गरेको जाहेरवालाको बकपत्रमा पनि प्रतिवादी राजु श्रेष्ठलाई आफूले नचिन्ने र मानबहादुर कार्कीले रकम तिर्नुपर्छ भनेर ठगी खाने नियतले बयान गर्दा अरूको नाम लगाएका हुन् । आफूलाई यिनै प्रतिवादी मानबहादुर कार्कीले विदेश मकाउ पठाइदिने भनी विश्वासमा पारी रूपैयाँ लिई, कागज गरी दिएको भनेका र मिसिल संलग्न कागज प्रमाणसमेतका तथ्यबाट यी प्रतिवादी कसुरदार भएको पुष्टि भइरहेको अवस्थामा केवल यी प्रतिवादी मानबहादुर कार्कीले बयानको क्रममा अर्का प्रतिवादी राजु श्रेष्ठलाई पोलेको आधारमा यी प्रतिवादीलाई कसुरबाट उन्मुक्ति दिन मिल्ने नदेखिने ।

तसर्थ, विवेचित आधार कारण कानूनी व्यवस्था र मिसिल संलग्न लिखत प्रमाणहरू तथा करकापतर्फको वादी दाबी नपुग्ने फैसलासमेतका तथ्यबाट प्रतिवादी मानबहादुर कार्कीले विनाइजाजत जाहेरवालाहरूलाई मकाउ देशमा रोजगारमा पठाइदिन्छु भनी रकम लिएको पुष्टि भएबाट अभियोग दाबीबमोजिम वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसुर गरेको ठहर्ने ।

अतः प्रतिवादी मानबहादुर कार्कीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ अनुसार २।०।० (दुई वर्ष) कैद र रू.१,५०,०००।- (एक लाख पचार हजार रूपैयाँ) जरिवाना हुने र जाहेरवालाहरूबाट लिएको रकम तथा सोको ५०% ले हुने रकमसमेत हर्जानाबापत निज प्रतिवादी मानबहादुर कार्कीबाट जाहेरवालाहरू उत्तम गुरूङले रू.२२,५०,०००।- र नारायण बराकोटीले

रू.४,०५,०००।- भरी पाउनेसमेत ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७०/०१/२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः टेकराज जोशी

कम्प्युटर : संजय जैसवाल

इति संवत् २०७५ साल जेठ १६ गते रोज ४ शुभम्।

## इजलास नं. ११

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CI-०१७९, मोही लगत कट्टा, *हरिनारायण मोची (चमार) वि. जमुना गुरूङ*

कि.नं. २५ र २६ को जग्गाधनी बमबहादुर गुरूङ भएको भन्ने देखिन्छ । उक्त जग्गाको मोही दुखिलाल मोची भएको तथ्यमा पनि विवाद रहेको छैन। २०३२ सालमा नै दुखिलाल मोचीले जग्गा छाडी भागी गएको भनी भूमि सुधार कार्यालयमा निवेदन दिएको र उक्त निवेदनमा आफूले सनाखतसमेत गरेको भन्ने आधारमा २०४९ सालमा मोही लगत कट्टाको लागि जग्गाधनी बमबहादुरले निवेदन दिएको देखिन्छ । बमबहादुरले मोही लगत कट्टाको निवेदन दिएको सम्बन्धमा भूमि सुधार कार्यालयबाट आदेश हुँदा उल्लिखित आदेश बेहोराबाट विवादको कि.नं. २५ र २६ को मोहीको लगत कट्टा गर्ने निर्णय गर्नुभन्दा पूर्व सो सम्बन्धमा मोहीलाई म्याद सूचना जारी गरी बुझ्नु पर्नेमा साधिकार निकाय भूमिसुधार कार्यालय, सुनसरीले सो सम्बन्धमा कुनै कारबाही गरेको देखिएन।कुनै व्यक्तिका विरूद्ध कुनै कारबाही हुने अवस्था रहेको छ भने प्राकृतिक न्यायको सिद्धान्तबमोजिम सो निर्णयबाट प्रभावित हुन सक्ने व्यक्तिलाई सुनुवाइको अवसर दिनु पर्दछ । उजुरी, नालिस, निवेदन परेपछि विपक्षीको नाउँमा कानूनबमोजिमको म्याद जारी गरी त्यस्तो म्याद सूचना कानूनबमोजिम तामेल भएको अवस्थासमेत विद्यमान हुनुपर्दछ अनि मात्र सम्बन्धित पक्षले सुनुवाइको अवसर पाएको मानिने अवस्था रहन्छ । भाइराम खड्के विरूद्ध ज्ञानु वैद्यसमेत भएको उत्प्रेषण परमादेश मुद्दा (ने.का.प.२०७१ अंक ६ भाग ५६ नि.नं.९१७५ संयुक्त इजलास) मा आफ्नो मुद्दामा कानूनबमोजिम प्रतिवाद गर्न पाउने हकलाई कसैले हनन गर्न सक्तैन । यसरी प्रतिवाद गर्न पाउने त्यस्तो कानूनी हक प्राकृतिक न्यायको सिद्धान्तमा आधारित रहने हुँदा प्राकृतिक न्यायको सिद्धान्तको विपरीत हुने गरी भएको काम कारबाहीले वैधता प्राप्त गर्न नसक्ने भनी सिद्धान्त प्रतिपादन भएर रहेकोसमेत अवस्थामा प्रस्तुत मुद्दामा कायम मोही दुखिलाल मोचीको नाउँको लगत कट्टा गर्नुभन्दा अगाडि प्राकृतिक न्यायको सिद्धान्तबमोजिम निज मोहीलाई सो सम्बन्धमा सुनुवाइको अवसर प्रदान गर्नुपर्नेमा नगरी मोही लगत कट्टा गर्ने गरी निर्णय गरिएको अवस्था पाइँदा त्यस्तो निर्णयलाई कानून र न्यायसम्मत निर्णय मान्न मिल्ने नदेखिने।

मोहीको लगत कट्टा गरिपाउँ भनी निवेदन परिसकेपछि विपक्षीका नाउँमा म्याद तामेली गर्नु पर्नेमा सो केही नगरेको, मोहीको लगत कट्टाको निर्णय भइसकेपछि पनि सो निर्णयमा चित्त नबुझेमा पुनरावेदन सुन्ने अदालतमा कानूनबमोजिम पुनरावेदन गर्नु भनी म्याद जारी गर्नुपर्नेमा सोसमेत भए गरेको नदेखिएको अवस्थामा भूमिसुधार कार्यालयबाट निर्णय सारी थाहा पाएको मितिले ३५ दिनभित्र पुनरावेदन गरेकोलाई अन्यथा भन्न सकिने अवस्था नरहने।

इटहरी नगरपालिकाले पुनरावेदक हरिनारायण मोची चमार दुखिलाल चमारकै छोरा हुन् भन्ने सम्बन्धमा दिएको सिफारिसमा द्विविधा उत्पन्न भई नातामा विवाद देखिएकोमा पुनरावेदन अदालत विराटनगरबाट नाता सम्बन्धमा समेत प्रमाण बुझी यकिन गरी निर्णयमा पुग्नु पर्नेमा सोसमेत गरेको नदेखिने।

अतः विवेचित आधार कारणहरूबाट वादीले

कि.नं.२५ र २६ मा रहेको मोहीको लगत कट्टा गरिपाउँ भनी निवेदन दर्ता गरेपछि साधिकार निकाय भूमिसुधार कार्यालयबाट विपक्षी मोहीको नाउँमा म्याद सूचना जारी गरी प्रतिवाद गर्ने मौकासमेत प्रदान गरी लगत कट्टा हुने नहुने सम्बन्धमा निर्णय गर्नुपर्नेमा सो नगरी प्राकृतिक न्यायको सिद्धान्तसमेत विपरीत मोहीको लगत कट्टा गर्ने गरेको भूमिसुधार कार्यालय, सुनसरीको निर्णयलाई सदर गरेको पुनरावेदन अदालत विराटनगरको मिति २०६९।१२।२७ को फैसला न्यायसङ्गत नदेखिएकोले सो फैसला बदर गरिदिएको छ। अब जो जे बुझ्नु पर्ने हो बुझी पुन: इन्साफ गर्नु भनी तारेखमा रहेका पक्षहरूलाई तारेख तोकी सुरू र पुनरावेदन अदालत विराटनगरको मिसिल उच्च अदालत विराटनगरमा पठाई दिने।

इजलास अधिकृतः- जनकसिंह बोहरा

कम्प्युटरः- चन्द्रा तिमल्सेना

इति संवत् २०७६ साल आषाढ २५ गते रोज ४ शुभम्।

## इजलास नं. १२

१

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७४-WO-०१८१, उत्प्रेषण / परमादेश, *नारायण भण्डारी वि. त्रिभुवन विमानस्थल भन्सार कार्यालय, गौचर काठमाडौं*

रिट निवेदकलाई प्रतिवादी बनाई मिति २०७२।७।२४ मा सुनचोरी पैठारी मुद्दा त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा दायर भएको भन्ने मिसिल संलग्न आदेशको प्रतिलिपिबाट देखिएको छ। भन्सार प्रमुखको कार्य व्यस्तताले मुद्दा फछ्र्यौट हुन नसकेकोले अब शिघ्र फैसला हुने भनी विपक्षीको लिखित जवाफ रहेको देखिने।

निवेदकतर्फबाट आजै यी रिट निवेदकका विरूद्धमा परेको सुनचोरी पैठारी मुद्दा उक्त भन्सार कार्यालयबाट फैसला भई मिति २०७४।९।४ मा राजस्व न्यायाधिकरण काठमाडौंमा पुनरावेदन गरी हाल विचाराधीन रहेकोले प्रस्तुत निवेदनको औचित्य समाप्त भएको भनी लिखित जानकारी गराएको हुँदा अब प्रस्तुत निवेदनको विषयवस्तुभित्र प्रवेश गरी विचार गरिरहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: ढाकाराम पौडेल

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७५ साल भदौ १४ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CR-००९९, जबरजस्ती करणी उद्योग, *दिपक गिरी वि. नेपाल सरकार*

प्रतिवादी दिपक गिरी अदालतमा कसुरप्रति इन्कार रहे पनि निज रक्सी खानको लागि पीडिताको घरमा गएको भन्ने तथ्यलाई भने स्वीकारेका छन्। तर मौकाको अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा भने घरमा कोही नभएको कारणले पीडिताको घरमा पसेको र निदाएकी पीडिताको फर्क उचाली हेर्दा करणी गर्न मन लागी आफ्नो पैन्ट खोली पीडिताको फर्क उचाली निजमाथि चढे भन्ने बेहोरामा साबित भएका छन्। अपाङ्ग, लाटीजस्ती पीडिता कराएको आवाज अर्को सँगैको कोठामा सुतेका पीडिताको बाबुले थाहा पाएर आएपछि निज कपडा लगाएर भागेको भन्ने छ। प्रतिवादीले पीडिताउपर करणी गर्ने मनसायले नै पैन्ट खोली पीडितामाथि चढेको र पीडिताले कराई निजको बाबुले थाहा पाई आएर हो हल्ला गरेपछि प्रतिवादीले आफ्नो करणीको कार्य पूरा गर्न नसकेको अवस्था देखिन्छ। पीडिताको घाँटीको दाहिनेतर्फको भागमा चिथरिएको घाउ रहेको निजको शारीरिक परीक्षणको प्रतिवेदनले समर्थन गरेबाट पीडिताउपर प्रतिवादीले जाहेरी र पीडिताको मौकाको कागज एवम् बकपत्रको बेहोराअनुसार जबरजस्ती करणीको क्रियाको उद्योग गरेको पुष्टि नै हुन आउने।

अतः यी पुनरावेदक प्रतिवादीले पीडितालाई जबरजस्ती करणी गर्ने मनसाय राखी पीडिता सुतेको घरकोठामा गई निजले लगाएको कपडा फुकाली शरीरमाथि चढेको, स्तन समातेको, निज निद्राबाट ब्युझी कराउँदा निजको बुबा आएपछि प्रतिवादीले जबरजस्ती करणी गर्ने कार्यलाई पूर्णता दिन भने नपाएको भन्ने मिसिल संलग्न कागज प्रमाणबाट देखिन आएको हुँदा यी पुनरावेदक, प्रतिवादी दिपक गिरीले अभियोग दाबीबमोजिमको कसुर गरेको ठहर्ने।

तसर्थ माथि विवेचित आधार एवम् कारणहरूबाट प्रतिवादीलाई कसुरबाट सफाइ दिने तथा मुद्दालाई आशय करणीतर्फ परिणत गर्ने ठहऱ्याई भएको सुरू मोरङ जिल्ला अदालतको मिति २०७०।१०।१३ को फैसला उल्टी गरी प्रतिवादी दिपक गिरीलाई मुलुकी ऐन जबरजस्ती करणीको महलको १ र ५ नं. को कसुरमा सोही महलको ३ को देहाय ४ नं. ले हुने सजायको ऐ. को ५ नं. बमोजिम आधा ४(चार) वर्ष कैद सजाय हुने ठहर गरी भएको पुनरावेदन अदालत विराटनगरको मिति २०७१।९।२३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : विदुरकुमार उपाध्याय

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल असार ९ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री तेजबहादुर केसी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CR-०१०४, लागु औषध खैरो हेरोइन, *शिवशंकर जैसवाल वि. नेपाल सरकार*

सार्वजनिक स्थानमा शंकास्पद अवस्थामा भेटिएका प्रतिवादीको शरीर तलासी गर्दा लागु औषध खैरो हेरोइन ३० ग्राम बरामद भएको भन्ने मौकाको बरामदी मुचुल्काको बेहोरा रहेको छ । लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १२ ले यदि कुनै व्यक्तिका साथबाट लागु औषध फेला पर्छ भने उक्त लागु औषध आफूले कानूनबमोजिम प्राप्त गरेको भन्ने प्रमाण निजले पेस गर्नुपर्ने हुन्छ। त्यस्तो प्रमाण पेस गर्न नसकेमा र अन्यथा प्रमाणित भएमा बाहेक निजले यस ऐनअन्तर्गत सजाय हुने अपराध गरेको भनिनेछ भन्ने व्यवस्था गरेको छ । मलाई झुट्टा मुद्दामा फसाइएको छ भनी यी प्रतिवादीले सुरू अदालतमा बयान गरे तापनि निजलाई फसाउने नियतले अनुसन्धान अधिकारीले झुठो कागज तयार गर्नुपर्ने कुनै कारण देखिँदैन । यदि कुनै कारण भए निज प्रतिवादीले नै प्रमाणद्वारा पुष्टि गर्न सक्नु पर्दथ्यो सो हुनसकेको नदेखिने।

प्रतिवादीका साथबाट बरामद भएको पदार्थबाट निकालिएको नमुना परीक्षणका लागि राष्ट्रिय विधिविज्ञान प्रयोगशाला खुमलटारमा पठाइएकोमा परीक्षणपश्चात् प्राप्त हुनआएको परीक्षण प्रतिवेदनमा "नमुनामा लागु औषध हेरोइन पाइयो" भन्ने प्रतिवेदनबाट देखिएको हुँदा बरामद भएको वस्तु लागु औषध हेरोइन भएको पुष्टि भएको त्यस्तो वस्तुलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ ले निषेध गरिएका कार्यहरूअन्तर्गत राखेको अवस्था छ। यसैगरी प्रतिवेदक तथा बरामदी मुचुल्काका प्र.ना.नी. वंशीराज आचार्य, प्र.ज. रामबाबु चौधरी, प्र.ज. चन्द्रप्रसाद रिजाल सुरू अदालतका आदेशानुसार अदालतमा उपस्थित भई खानतलासी / बरामदी मुचुल्कालाई पुष्टि हुने गरी बकपत्र गरिदिएबाट यी प्रतिवादी शिवशंकर जैसवालले अभियोगदाबीको लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा ४ को (घ) र (च) बमोजिमको कसुर गरेको पुष्टि हुन आउने।

अतः यी प्रतिवादीले अभियोग दाबीको कसुर गरेको देखिँदा सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट भएको मिति २०७१।९।८ को फैसला उल्टी गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन र निजका कानून व्यवसायीले गर्नुभएको बहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ माथि विवेचित आधार एवम्

कारणहरूबाट प्रतिवादी शिवशंकर जैसवालले अभियोग दाबीअनुसारको कसुर अपराध गरेको प्रत्यक्ष प्रमाणद्वारा नै सिद्ध हुनआएको हुँदा निज प्रतिवादीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (घ) र (च) को कसुरमा सोही ऐनको दफा १४(१)(छ)(२) बमोजिम १० (दश) वर्ष कैद र रू.८०,०००।- (असी हजार) रूपैयाँ जरिवाना गर्ने गरी भएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७०।२।३० को फैसलालाई सदर गर्ने ठहऱ्याएको तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०७१।९।८ को फैसला अन्यथा भन्न मिल्ने नदेखिँदा सदर हुने।

इजलास अधिकृतः विदुरकुमार उपाध्याय

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल असार ९ गते रोज ६ शुभम्।

## इजलास नं. १३

१

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७४-WO-०६१०, उत्प्रेषण, *हेमराज बुढा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

केन्द्र परिवर्तनको लागि जनताबाट प्रत्यक्ष निर्वाचित जनप्रतिनिधिहरूको स्पष्ट बहुमतबाट निर्णय भएकोमा जनप्रतिनिधिमूलक संस्थाले कानूनको परिधिभित्र रही गरेको निर्णयलाई अन्यथा गर्नुपर्ने कुनै आधार देखिँदैन । जनताका प्रतिनिधिहरूले नै जनचासो र जनसरोकारको विषय सबै जनतालाई सुविधा हुने गरी निर्णय गर्नु पर्ने र सोहीअनुसार भए गरेको कार्यलाई अन्यथा गरिरहनु पर्ने अवस्थाको विद्यमानता देखिन नआउने।

मिति २०७४।१।३१ मा निर्वाचित ठूली भेरी नगरपालिकाको नगरसभाले निर्वाचन भएको २ महिनाभित्र नै साबिक स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ७२(१) बमोजिम भएको निर्णयलाई नयाँ लागू भएको स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४ को उपदफा ५ ले समेत निरन्तरता दिएको नै देखिँदा ठूली भेरी नगरसभाको मिति २०७४।३।३१ को निर्णय र सोही निर्णयबमोजिम मिति २०७४।११।१४ मा राजपत्रमा प्रकाशित सूचनासमेत कानूनसङ्गतको नै देखिन आउने।

तसर्थ मिति २०७४।६।२९ मा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लागू भएको र सो कानून लागू भएपश्चात् साबिक स्थानीय स्वायत्त शासन ऐन, २०५५ विस्थापित भएको भए पनि साबिक स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ७२(१) बमोजिम ठूली भेरी नगरसभाको मिति २०७४।३।३१ मा भएको निर्णय र सोही निर्णयबमोजिम मिति २०७४।११।१४ मा राजपत्रमा प्रकाशित सूचनासमेत कानूनसङ्गतको नै देखिँदा बदर गरिरहनु परेन । रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विष्णुप्रसाद पौडेल

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७५ साल कार्तिक १९ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६८-WO-००५२, उत्प्रेषण, *थलमान सुवेदी वि. आन्तरिक राजश्व विभाग, लाजिम्पाटसमेत*

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २३ (घ) को देहाय (ग) बमोजिम आन्तरिक राजस्व विभागको मिति २०६७।११।०८ को पत्रबाट दिगम्बर ट्रेड हाउस फर्मबाट रू.२,२५,२८,००६।- धरौटी माग भएकोमा रू.२,०८,००,०००।- मात्र धरौटीबापत बैक ग्यारन्टी पेस गरेको र सोउपर चित्त नबुझी ऐ. ऐनको दफा ३१ (क) (६) बमोजिम पुनरावलोकनका लागि निवेदन दिँदा विवादित कर रकमको एक तिहाई रकम दाखिला गर्नुपर्ने व्यवस्थाबमोजिम मु.अ.कर निर्धारण आदेशले माग गरेको रकम रू.३,२३,१७,४२९।- बापतको एक

तिहाइले हुन आउने रकम रू.१०७,७२,४७६।३ धरौटी जम्मा गर्नुपर्नेमा सो गर्नको लागि साबिकमा उक्त साझेदारी फर्मले धरौटीबापत रू.२,०८,००,०००।- को बैंक ग्यारेन्टी बुझाई सकिएको स्थितिमा पनि आन्तरिक राजश्व कार्यालय भक्तपुरबाट एकलौटी रूपमा यी निवेदकको नेपाल बंगालादेश बैंकको खाता नं.01608958SP बाट रू.८,१६,२२०।१९ र खाता नं. F0089582F02 बाट रू.६५,००,०००।- गरी जम्मा ७३,१६,२२०।१९ आफ्नो खातामा स्थानान्तरण गर्ने कार्य मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २३ (घ) को देहाय (ग) र (घ) को कानूनी व्यवस्थाअनुकूल भएको मान्न मिलेन । यसरी यी रिट निवेदक थलमान सुवेदीको नाउँमा रहेको निजको व्यक्तिगत खाता निजको अनुमतिविना विपक्षी आन्तरिक राजस्व कार्यालय भक्तपुरबाट आफूअनुकूल एकलौटी रूपमा रोक्का गरी आफ्नो खातामा रकम स्थानान्तरण गरेको देखिन आउने ।

अतः विपक्षी आन्तरिक राजश्व कार्यालय भक्तपुरबाट यी रिट निवेदक थलमान सुवेदीका नाउँमा रहेको नेपाल बंगलादेश बैंकको खाता नं.01608958SP बाट रू.८,१६,२२०।१९ र खाता नं.F0089582F02 बाट रू. ६५,००,०००।- गरी जम्मा ७३,१६,२२०।१९ पेयी चेक नं. M08261N मार्फत आफ्नो खातामा स्थानान्तरण गर्ने कार्य कानूनबमोजिम भएको नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । पछि कर निर्धारण सम्बन्धमा अन्तिम निर्णय भएको अवस्थामा ठहरेबमोजिम हुने नै हुँदा अन्य कुनै निकाय वा विषयबाट कानूनबमोजिम रोक्का राख्नुपर्ने अवस्थामा बाहेक निज निवेदक थलमान सुवेदीको नाउँमा रोक्का रहेका नेपाल बंगलादेश बैंक लिमिटेडमा रहेका 01608958SP र F0089582F02 का खाताहरू फुकुवा गरी उक्त खाता नं. 01608958SP बाट रू.८,१६,२२०।१९ र खाता नं. F0089582F02 बाट रू.६५,००,०००।- गरी जम्मा ७३,१६,२२०।१९ रकम यी निवेदक थलमान सुवेदीले फिर्ता पाउनुपर्ने देखिएकाले उक्त रकम यी निवेदकले हालसम्म पनि फिर्ता नपाएको भए निजलाई फिर्ता दिनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत:- विष्णुप्रसाद पौडेल

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७५ साल कार्तिक १९ गते रोज २ शुभम् ।

- यसै लगाउको ०६८-WO-०१४१, उत्प्रेषण, *थलमान सुवेदी वि. आन्तरिक राजश्व विभाग, लाजिम्पाटसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७२-WO-११०२, परमादेश, *राजकुमार महासेठ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

मौलिक हक राज्य विरूद्ध प्रत्याभूत गरिएका हुन्छन् । यातना विरूद्ध क्षतिपूर्ति पाउने हक नेपालको संविधानको धारा २२(२) द्वारा व्यवस्थित मौलिक हक भएकोले यसको प्रचलन पनि राज्य विरूद्ध नै हुने । सार्वजनिक हितको लागि मौलिक हकको प्रयोगमा बन्देज लाग्न सक्ने मान्य सिद्धान्तअन्तर्गत नागरिकहरूको मौलिक हक कानूनबमोजिम बाहेक नियन्त्रण हुन सक्दैन । कानूनबमोजिम प्रहरीले थुनामा राख्न सक्छ । तर राज्यले सार्वजनिक हितका लागि मौलिक हकमा नियन्त्रण गर्न सक्ने भए तापनि राज्यको त्यो अधिकार अनियन्त्रित सीमाविहीन अधिकार भने होइन । राज्यले कानूनको परिधिभित्र रही कानूनबमोजिम मात्र नियन्त्रण गर्न सक्दछ । तर स्वेच्छाचारी ढंगले मानवीय मूल्य मान्यताविपरीत प्रयोग गर्न मिल्ने होइन । राज्यले नागरिकउपर कुनै अधिकारको प्रयोग गर्दा ज्यादै संवेदनशील निश्पक्ष तथा मनासिब र न्यायोचित पूर्ण तरिकाले प्रयोग गर्नु

पर्ने।

यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ ले राज्य वा राज्यको कुनै अंग वा निकायले अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको व्यक्तिलाई यातना दिन निषेध गरी यातना दिइएमा क्षतिपूर्ति दिनुपर्ने व्यवस्था गरेको देखिन्छ। सो ऐनको दफा ५ बमोजिम क्षतिपूर्ति पाउनका लागि पीडितले आफूलाई यातना दिएको मितिले वा थुनाबाट मुक्त भएको मितिले ३५ दिनभित्र आफैँले वा निजका एकाघरको परिवारले वा निजको कानून व्यवसायीले थुनामा रहेको जिल्लाको जिल्ला अदालतमा थुनामा राखेको आधार र कारणसहित क्षतिको विवरण उल्लेख गरी उजुरी दिन पाउने र जिल्ला अदालतले उपयुक्त देखेमा क्षतिपूर्ति अंक निर्धारण गरी क्षतिपूर्ति दिनुपर्ने गरी निर्णय गर्न सक्ने व्यवस्थाबमोजिम यी निवेकले उजुरी दिई धनुषा जिल्ला अदालतबाट मिति २०६८।३।२६ मा रू.२५,०००।– नेपाल सरकारबाट क्षतिपूर्ति भराइदिने गरी फैसला भएको देखिँदा निजले प्रस्तुत यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को प्रयोग गरी क्षतिपूर्ति भराई लिन पाउने नै देखिने।

पीडितले यातना क्षतिपूर्ति मुद्दामा क्षतिपूर्ति पाउने ठहरी अन्तिम फैसला भइरहेकोमा सो फैसलाबमोजिम पाउने ठहरेको क्षतिपूर्तिबापतको रकम हालसम्म प्राप्त गरेको नदेखिँदा अविलम्ब उक्त रकम उपलब्ध गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने।

नेपालको संविधानको धारा २२ तथा धारा ३३(ड) को प्रयोजनको लागि यातना दिने कार्यलाई अपराध घोषित (Criminalize) गरी यातना पीडितलाई उचित क्षतिपूर्ति दिनेसम्बन्धी देहायका विषयमा उचित व्यवस्था गर्नु भनी विपक्षी नेपाल सरकारको नाउँमा निर्देशनात्मक आदेश जारी हुने: -

(१) पीडित व्यक्तिलाई कानूनबमोजिम क्षतिपूर्ति पाउने हकको प्रभावकारी कार्यान्वयनका लागि यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ मा प्रभावकारी र समयानुकूल पर्याप्त व्यवस्था हुने गरी ऐनमा संशोधन गर्नु गराउनु,

(२) यातना क्षतिपूर्ति मुद्दामा अन्तिम फैसला सकेको र क्षतिपूर्ति रकम नपाएका पीडितहरूको हकमा क्षतिपूर्ति पाउँ भनी जिल्ला प्रशासन कार्यालयमा निवेदन दिएको भए आवश्यक प्रबन्ध गरी पीडितहरूले अविलम्ब क्षतिपूर्ति पाउने प्रबन्ध गरी तुरून्त भुक्तानी गर्नु गराउनू।

(३) यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा ९ को शीघ्र र प्रभावकारी कार्यान्वयनका लागि छुट्टै कोष बनाई सो कोषमा अर्थ मन्त्रालयबाट पर्याप्त रकम विनियोजन गरी अब उप्रान्त क्षतिपूर्ति पाउने ठहऱ्याएका यातना पीडितहरूलाई ३५ दिनभित्र क्षतिपूर्ति दिने प्रबन्ध गर्नू।

इजलास अधिकृतः- जगतबहादुर पौडेल

इति संवत् २०७४ साल माघ १५ गते रोज २ शुभम्।